
वर्ष १ अङ्क ४ / २०६४ वैशाख

# शारदा

मासिक




*शारदा* का मौलिक पृष्ठहरू

विश्वसाहित्य

आधुनिक कला

इतिहास-संस्कृति

अनुवाद साहित्य

नियात्रा/निबन्ध

सिर्जना-मञ्च

दिवङ्गत स्रष्टाको अप्रकाशित सिर्जना

साथमा

कथा,कविता, गीत, गज़ल, समालोचना आदि


४

वर्ष १, अङ्क ४
वि.सं. २०६४ वैशाख

शारदा

जि.प्र.का.का.द.नं. ५२/०६३
*स्थापना दर्ता नं. ००१*
*प्रथम प्रकाशन मिति वि.सं. १९९१ फागुन*

**संस्थापक सम्पादक/प्रकाशक**
सुब्बा ऋद्धिबहादुर मल्ल

**संस्थापक सदस्य**
सिद्धिबहादुर मल्ल

**प्रकाशक**
शान्तबहादुर मल्ल

**सल्लाहकार-मण्डल**
शिव रेग्मी
इन्द्र माली
मोहन दुवाल
उद्धव उपाध्याय
कोमल प्रकाश घिमिरे

**प्रधान सम्पादक**
नरेन्द्रबहादुर श्रेष्ठ

**कार्यकारी सम्पादक**
विमल भौकाजी



"निकाली विघ्नको जाल, पखाली चित्तको मल;
शारदे ! देऊ सद्‌बुद्धि, बढाई देहमा बल ।"

# सम्पादकीय विचार

पाठकहरूको शुभेच्छा, हार्दिक माया- प्रेमले ***शारदा*** को यात्रालाई बल पुऱ्याइरहेको तथ्य यतिखेर चौथो अङ्क बनेर ***शारदा*** उभिनुले पुष्टि गरेको छ । यही यथार्थलाई साक्षी राखेर हामी भन्न सक्छौं कि सानातिना बाधा-अड्चनहरूले ***शारदा*** को यात्रा अब टुट्ने छैन ।

यद्यपि साहित्यिक प्रकाशनले भोग्ने गरेको आर्थिक विपन्नताको कटु-सत्यबाट ***शारदा*** पनि अछूत छैन । यति हुँदाहुँदै पनि हामीलाई विश्वास छ, ***शारदा*** प्रति असीम सद्‌भाव राखिनुका साथै यसको स्थायित्वप्रति पूर्ण विश्वास गरिएको अनुभूतिले गर्दा यसको प्रकाशनको सम्भावनामाथि कुनै किसिमको शङ्का गरिरहनुपर्ने जरुरत छैन ।

स्मरणीय छ, ४३ वर्षपछि पुनः प्रकाशनको थालनी गरिएको ***शारदा*** कानुनतः देशको प्रथम साहित्यिक दस्तावेज हो । राणाकालको वाक् स्वतन्त्रता नभएको परिस्थितिमा पनि अनेक किसिमका दुःख झेल्दै तत्कालीन समयमा यसले नेपाली साहित्याकाशमा उर्जा नदिएको भए आज नेपाली साहित्यले यसरी ठूलो फड्को मार्ने थिएन । हामीले गर्व गर्नुपर्छ, इतिहासमा स्थापित स्वनामधन्य प्रतिभाहरूलाई यही ***शारदा*** ले साहित्यिक मञ्च दिएको थियो । यस अर्थमा, ***शारदा*** ले भविष्यप्रति देखाएको साहित्यिक बाटोबाट वर्तमानले हिड्न नखोज्नु त्यो गौरवमय इतिहासप्रति हामीले कृतघ्न बन्नु हो ।

पाठक, ग्राहक र विज्ञापनदाताका नाताले इतिहासप्रति कृतज्ञ हुने सही समय सुरु भएको छ । यस्तो अवसरबाट वञ्चित नहुनु हामी सबैको कर्तव्य त हुँदै हो, अधिकार पनि हो ।

अन्तमा, सम्पूर्ण शुभेच्छुकहरूप्रति नयाँ वर्षको मङ्गलमय शुभकामना व्यक्त गर्नुका साथ ***शारदा*** को यो चौथो अङ्कमा सबैलाई हार्दिक स्वागत गर्दछौं ।

धन्यवाद !

कार्यकारी सम्पादक

प्रधान सम्पादक

**शारदा** मासिक
वर्ष १, अङ्क ४, वि.सं. २०६४ वैशाख

**शारदा मासिकको ठेगाना**
लाजिम्पाट, काठमाडौं
पो.ब.नं.१९११३
इमेल:sharadamasik@gmail.com

**मूल्य रू. ५०/-**
**भारतमा भा.रू. ५०/-**
**विदेशमा $ २.००**



Sharada Masik
A Collection of Contemporary Nepali Literature.

आवरण चित्रः
*नारायणस्थान, काठमाडौं*
रचना मितिः *सन् १९९१ मे*



डा. रामकुमार भौकाजी

**साजसज्जा तथा फिल्म सेपरेशन**
डिजीस्क्यान प्रि-प्रेस प्रा.लि.

**मुद्रण**
इण्डस ग्राफिक्स, फोन नं. ९८५१०२६२४२




# विषयक्रम


१ *शारदा*का ऐतिहासिक मौलिक पृष्ठहरू ........ ५

२ कविता/ *द्वारिका श्रेष्ठ* ........ १३

३ कथा/ *ध्रुव सापकोटा* ........ १५

४ गजल/ *वियोगी बुढाथोकी* ........ १९

५ निबन्ध/ *डा. माधवप्रसाद पोखरेल* ........ २०

६ विश्व साहित्य/ *शैलेन्द्रकुमार सिंह* ........ २३

७ साहित्यिक आन्दोलन/ *डा. कविताराम श्रेष्ठ* ........ २७

८ नियात्रा/ *नगेन्द्र* ........ ३१

९ कविता/ *नरेश शाक्य* ........ ३५

१० समालोचना/ *युवराज मैनाली* ........ ३७

११ व्यक्तित्व/ *शिव रेग्मी* ........ ४३

१२ भजन/ *डा. राममान 'तृषित'* ........ ४५

१३ कविता/ *विष्णुविभु घिमिरे* ........ ४७

१४ कथा/ *विजय चालिसे* ........ ४८

१५ समीक्षा/ *किशन थापा 'अधीर'* ........ ५३

१६ लघुकथा/ *कृष्ण बजगाईं* ........ ५६

१७ कविता/ *किशोर पहाडी* ........ ५७

१८ कला/ *मुकेश मल्ल* ........ ५८

१९ गजल/ *सानुराजा 'अञ्जान'* ........ ६२

२० कथा/ *गीताकेशरी* ........ ६३

२१ दिवङ्गत श्रष्टाको सिर्जना/ *स्व. विमल गुरुङ* ........ ६९

२२ पत्रिकाको इतिहास/ *चैतन्यराज देवकोटा* ........ ७१

२३ गजल/ *शकुन्तला जोशी* ........ ७३

२४ अनुवाद साहित्य/ *केदार सितु (अनुवादः नारद बज्राचार्य)* ........ ७४

२५ कविता/ *मातृका पोखरेल* ........ ७७

२६ निबन्ध/ *श्रीओम श्रेष्ठ 'रोदन'* ........ ७८

२७ कथा/ *विवश पोखरेल* ........ ८३

२८ सिर्जना-मन्च/ *लीला अनमोल* ........ ८६

२९ इतिहास संस्कृति/ *राजकुमार दिक्पाल* ........ ८७

३० पुस्तक-चर्चा ........ ८९

३१ कैफियत/ *विमल भौकाजी* ........ ९२

# यहीँ कहीँ छ बुद्ध

यहीँ कहीँ छ बुद्ध
खोज्दैछु
धेरै दिन भो
तर, यहीँ कहीँ छ बुद्ध ।

तिम्रो निर्दोष अनुहारमा
तिम्रो निश्चल प्रकृतिमा
खोज्दैछु-मान्छे
म बुद्धको स्वरूप ।

धेरै टाढा गएको छैन
धेरै बाटो काटेको छैन
घुम्ती र नाकाहरू पार गर्दै
विदेशतिर पलायन भएको छैन
पत्याऊ !
यहीँ कहीँ छ बुद्ध

हराएको छैन ऊ
मान्छेको विश्वासजस्तै
बिलाएको छैन
मान्छेको स्वाभिमानजस्तै
टेकेर सुनगाभाको बोटमा
यहीँ कहीँ छ बुद्ध
हेर त !
यहीँ कहीँ
लालीगुराँसमा मगमगाइरहेछ बुद्ध
सुनाखरीमा सलबलाइरहेछ बुद्ध

तिम्रै आस्थाको उज्यालोमा
निरन्तर जगमगाइरहेछ बुद्ध ।

• *शिवराम सापकोटा*
*बालकोट, भक्तपुर*

# पत्र-पत्रांश



श्रीमान् सम्पादकज्यू,
***शारदा*** मासिक

देवकोटा, रिमाल, लेखनाथ, सिद्धिचरणहरूलाई जन्माइ-हुर्काइ गरेर नेपाली सहित्यमा एकैचोटि 'क्लासिकल' भवन खडा गर्ने ***शारदा*** यतिका वर्षपछि फेरि प्रकाशन हुनथालेको शुभसमाचारले सबै साहित्यिकहरूलाई आनन्द लागेको हुनुपर्छ । मोफसल र त्यसमा पनि अति दुर्गम ठाउँमा बस्ने मैलेसमेत, प्रथम अङ्क निस्केको कुरा 'हिमाल'मा पढ्ने मौका पाएको थिएँ । अहिले द्वितीय अङ्क निस्केको कुराचाहिँ श्री कमल दीक्षितज्युको पत्रबाट जानकारी पाएँ । ***शारदा*** को पत्राचार ठेगानासमेत उहाँकै सौजन्यताबाट प्राप्त भएको हो ।

***शारदा*** प्रकाशन हुनथाल्नु त खुसीको कुरो भइगयो, तर यसको बजारविस्तारचाहिँ कहिले होला ? के हामी पहाडेहरूले यो पढ्ने अवसर पाउँदैनौ ? एक जना साहित्यप्रेमी पाठकको नाताले ***शारदा*** पढ्ने, उत्कट चाहना जागेको हो । गोरखापत्र संस्थानकोभैंm, यसको पहुँच र बजार मुलुकैभरि फैलिए हुन्थ्यो भन्ने लागिरहेछ । मेरो चाहनाले साकार रूप लेओस् !

साहित्यको पाठक,
इन्द्रकुमार श्रेष्ठ
'कमलाकुञ्ज'
७ चैत, ०६३ — दियाले-३, ओखलढुङ्गा

# *शारदा* का ऐतिहासिक मौलिक पृष्ठहरू

वर्ष ५ सङ्ख्या ६, संवत् १९९६ आश्विनबाट साभार *लेख*

# संतोष

[लेखक — श्री सिद्धिबहादुर मल्ल बी. ए. बी. एल.]

संसारमा यदि कुनै वस्तुको वास्तवमा अभाव छ भने त्यो छ 'सन्तोष' को। "सन्तोषम् परम् सुखम्" - यो हो हाम्रो शास्त्रकारहरूको वचन। तर आधुनिक सभ्यतामा जीवनको निमित्त जहां अनेक सिद्धान्तहरूका रचना भएका छन्, वहां 'सन्तोष' को विषयमा पनि नयाँ नियम बनेको छ। यसो किन भो भन्ने यहां प्रश्न उठ्न सक्छ, यसको कारण छ—यदि नयाँ समाजले "असन्तुष्ट व्यक्ति मुर्दा तुल्य हुन्छ, सन्तोषको भावना जागृत हुने बित्तिकै विकाशको क्रम समाप्त भई हाल्दछ तथा सन्तोषको पछि नै प्रगति हुन्छ" इत्यादि कुराहरू एक प्रकारले धेरै गलत पनि होइन। जुन प्रकार धार्मिक सिद्धान्तहरूमा कहिं कहिं अर्थको अनर्थ गरिन लागेकोछ, अविद्याको कारण हामी धर्मको तत्वको निस्सार अर्थ लगाउदैछौं उसै प्रकारले 'सन्तोष' को अर्थ पनि 'आलसी' भएको छ।

परन्तु यदि मूर्ति - पूजाको महत्व नबुझ्नेहरूले मूर्ति - पूजनको अवहेलना गर्दैमा, अथवा वर्ण - व्यवस्थाको मर्म नजान्नेहरूले त्यस व्यवस्थालाई निरर्थक वस्तु सम्झदैमा दुवैको महत्ता घट्न जाँदैन। यो हुन सक्छ कि कोही मूर्ति-पूजकहरू स्वयं आफ्नो कर्तव्य नबुझ्दा हुन् - तर यसले पनि वस्तु विशेषको प्रधानता कम हुदैन। यसै प्रकारले सन्तोषको पनि माया छ। जो निरुद्यमी हुन्छ, जो असफल हुन्छ, निस्फल हुन्छ, त्यस्तोले आफुमा भएको कमीलाई लुकाउन आफुलाई "सन्तोषी" भनी संसारलाई धोखा दिन खोज्छ। जो ज्ञान - विज्ञानको, माया - ममताको हनन नगरी केवल पाखण्डी साधु बन्दछ, त्यसले पनि यसै गरी आफुलाई 'सन्तोषी जीव' भन्न सक्दछ। तर यसले 'सन्तोष' नामक महान वस्तुको महत्ता कम हुन जान्न।

नयाँ सभ्यताले हरेक प्राणीलाई "अगाडि बढ्" भन्ने मन्त्र प्रदान गरेको छ, तर साथसाथै "कहाँसम्म बढ" यो बताउन सकेन, किनभने स्वयं उसैलाई यसको ज्ञान छैन - बताओस् कसरी ! "अघि बढ्नु" ठीक कुरा हो तर कसरी ? यो पनि बताउनु पर्दछ। "अघि बढ्नु" को मतलब यदि अर्कालाई ढाल्नु, लडाउनु हो भने यसले लाभै के भयो ? यदि प्रगतिको मतलब अर्काको अवनति हो भने यसले कसको कल्याण होला ? यदि स्वाधीनताको अर्थ कसैको पराधीनता हुन जानु हो भने यसले साँच्चिकै कसैको कुनै लाभ भयो ? नयाँ सभ्यतामा हामी यो किन विचार्दैनौं कि जसलाई हामी 'प्रगति' भन्दछौं वास्तवमा त्यो त्यही हो होइन। जसलाई हामी 'अघि बढ्नु' भन्दछौं त्यो कतै तृष्णाको अरू

कुनै कुरूप मात्र त होइन ? जसलाई हामी समाजको महापुरूष, अगुवा सम्झन्छौं त्यसले कतै जनतालाई उन्मत्त बनाइ रहेको त होइन, अनि जनता पनि मृग तृष्णाको शिकार त बनेका त छैनन् ?

यो सोच्ने कुरै हो – राम्रैसंग विचार गर्नु पर्दछ. यसमा हाम्रो स्वार्थ पनि छ । त्यस प्रगति त्यस विकाश, त्यो धन त्यो समृद्धिले के लाभ जसबाट मानसिक सुख प्राप्त हुँदैन । यदि हाम्रो मन राजिन्दै एकन एक विचारले मग्न मात्र होइन अझ पीडित पनि छ. यदि हामीले एक पाइला अघि सार्दा, अलिकति पनि अघि बढ्ना साथै मानसिक उलझनलाई पनि उत्तिकै अघि सर्न दियौं भने के यसले हामीलाई कुनै लाभ भयो त ? उसै प्रकार दुःखमा उल्झेको मन उसै दिन मात्र शान्त हुन्छ जुन दिन प्राण पखेरू उड्दछ । दुनियाँको हरेक कार्यको उद्देश्य हो 'सुखी हुनु' सुख शारीरिक होइन मानसिक । 'मनको सुख कसलाई प्राप्त छ ? कसैलाई छैन' यो भन्नु त बहुतै कठिनको कुरा हो; 'तर विरलैलाई मात्र प्राप्त हुन्छ' यो भन्नु सजिलै हो, सत्यै पनि हो।

हामी जनसाधारण सम्झन्छौं धनी व्यक्ति बडा सुखी हुन्छन् उनलाई अरू जेसुकै भए पनि रोजिन्दा पेट-पूजनको समस्या त रहँदैन । तर यदि तपाइसँग प्रसक्त धन छ – भोजनलाई उत्तम उत्तम पदार्थ सुलभ पनि छ तापनि पेटको रोगले गर्दा तपाईं कुनै कुरा पनि खान सक्नु हुन्न भने तपाईं आफुलाई सुखी सम्झनु हुन्छ कि त्यस व्यक्तिलाई जो एक मुट्ठि चना मात्र चपाएर जमीनैमा लडी मखमली डसनामा सुते झैं मस्त निदाउँछ । मखमली गद्दामा लेट्ने ती धनीलाई पनि त्यस गरीवको जस्तो आनन्दको मस्त निद्रा प्राप्त हुन सक्दैन : यसो किन त ! एउटालाई छ धन जम्मा गर्ने चिन्ता, अर्कोलाई पेट भर्ने मात्र, पेट सानो छ चाँडै भरिन्छ धनको घडा विशाल छ कहिल्यै भरिन्न । यस विषयमा विद्वान जो. वी शा को एक अति सुन्दर उक्ति याद आउँछ ।:-

"A man with toothache considers that everybody with sound teeth is very happy". दन्त पीडित व्यक्ति सोच्दछ कि दन्त पीडा नरहेका नै परम सुखी रहन्छन् " अपिच " The same is the case with the poor who thinks every rich man is happy सोही दशा गरीवहरूको पनि छ, जो हरेक धनीहरूलाई अति सुखी सम्झन्छन् ।

उपरोक्त कथन बिलकुलै सत्य हो, मानसिक सुख संसारमा बडो तपस्याले मात्र प्राप्त हुन्छ, सत्संग प्राप्त भो भने त त्यो सुख सजीलैसित पाइन्छ । आज समस्त युरोपको दशा हेर्नु होस् हिट्लर त्यत्रो विश्व विख्यात बने के तिनी सुखी छन ? उनको मनमा कत्रो बोझा होला, उनै जानलान्, जसले आफ्नो राष्ट्र मात्रलाई तृष्णाले पागल बनाई राखेकाछन् । मुसोलिनीको कम नाम छैन ! के यिनी सुखी छन् ? यिनी रात दिन पराइको राज्य जित्ने प्रयास गर्दै रहन्छन् । वृटेनका प्रधान मन्त्री कम होइनन् - यिनी सुखी छन् त ? उनलाई अनेक पोलिसी ( policy )

लडाईं कमाइराखेको आफ्नो विशाल राज्य, जस मा सूर्य कहिल्यै डुब्दैन भन्दछन्, बचाइराख्नको ठूलो चिन्ता रहिरहन्छ। उन्नतिको उच्च शिखर-मा पुगेको जापानका शासक सुखी छन् ? के धन धान्य सम्पन्न अमेरिकाका प्रेसिडेण्ट सुखी छन् ? प्रसन्न छन् ? राम्रोसंग सोचेर ल्याउँदा योइरू मद्ध कुनै पनि सुखी तथा प्रसन्न चित्त पाईदनन्, स्वयं सम्झन सक्नु हुन्छ कि यी सबैका मनमा कुनै यस्तो भयंकर आगो दन्की रहेछ जसको ज्वालाले यिनीहरूको र यिनका राष्ट्र मात्रको शरीरलाई सल्काउँदै छ। पूर्व जन्मको कुनै तपस्याको कार-णले होला अहिले यिनीहरूसंग अधिकार छ; धन छ, बल छ; तर यिनीहरूका शरीरका रौं-रौं अर्काको केही लुटेर लिने विचारमा या अर्काले आफ्नो केही लुटेर लेला भन्ने डरले पीडित छन्, मस्त छन्। ठूला ठूला वैज्ञानिक खोज गर्ने पण्डितहरु एउटा कुनै पुर्जा बनाउछन्, अर्को बनाउछन् - बना-उदा बनाउदै त्यसमा आफ्नो जीवन समाप्त गर्छन्, तर उनको काम पुरा हुदैन। कुनै दुइ मार्ने, कुनै दुइ सयको प्राण हर्ने, कुनै दुइ हजार खतम गर्ने, भयानक विस्फोटक बम गोला बनाई रहेका छन्, तर कसैलाई यो ज्ञान छैन कि कति ज्यानको नाश गरि सके पछि मात्र उनको उद्देश्य पूरा होला, यसैले हरेक यस्तै खोजमा छन् कि जसले संसारको सब सृष्टि नै स्वाहा होस्। कुनै देश भन्छ विवाहको प्रणाली नै अशुद्ध (गलत) छ तस्मात् जसको जे मन छ गरोस्। अर्को देश भन्छ विवाह - प्रणाली बिलकुल ठीक छ, विवाह गर्ने प्रथा रहनै पर्छ। यस प्रकार रसिया, जर्मनी दुवै थरि दुइ प्रकारको प्रयोग गर्दै छन्। फ्रान्सलाई फिक्रि छ कि सुन्दरीहरू श्रृङ्गार - धन्धा कम गरून्, सन्तानोत्पन्न बढाउन्। चीनमा (China) अर्कै फिक्रि छ - सन्तान कम हुन् जसबाट पेट भर्ने सवाल सजिलैसंग हल होस्। यसरी चारै तर्फ देशानुसार प्रयोग भइ रहेछ र हामी भारतीयहरू पनि आफ्ना प्राचीन महापुरुषहरूलाई पुराना थोत्रा विचार सम्झी स्वयं यस्तै प्रयोगमा हात फैलाउन चाहन्छौ, यही ठूलो डरको कुरा भयो।

सुखको कुनै परिभाषा छैन। कसैलाई चोरी, डकैती गर्नमा, दगाबाजी गर्नमा, पाप कर्म कु कर्म गर्नमा सुख मिल्दछ; कसैलाई नेकी गर्नमा धर्म गर्नमा। तर कहिल्यै कुनै चोर भेटिया र मौका परे सोधी हेरे "चोरी गर्दा जति सुख आनन्द प्राप्त गर्दछु, उत्तिकै मेरो अन्तरात्मा कमैले काटेको, निषेध गरेको, धिक्कारेको अनुभव गर्दछु 'भनला जस्तो लाग्छ, यदि सत्य बोले। वृद्ध भए पछि वेश्या केवल पाखण्ड गर्नलाई मात्र तपस्वीनी बन्दैन बरू त्यो अनुभव गर्न थाल्दछे कि युवावस्थाको मेरो पाप कर्म ठुलो भूल थियो।

'मानसिक सुख कस्तो महान् हुन्छ' यसको त केवल उदाहरण मात्र दिनु यथेष्ट हुने छैन, केही प्रत्यक्ष अनुभव पनि गर्न पर्दछ अनि मात्र यसको पूरा ज्ञान होला। शास्त्रको वचन पनि छ :—

"मन एव मनुष्याणां कारणं बन्धमोक्षयो:

अर्थात् 'मननै हो मनुष्यको बन्धन, मोक्षको कारण'। यदि मन सफा र सुखी छ भने मनु-

ब्य पनि संसारको नौकालाई पार लैजान सक्छ, यदि मनैलाई रोग लागेको छ र सफा छैन भने फेरि संसारको कुनै भौतिक तथा पार्थिव अभ्युदयले उसलाइ सुखी बनाउन सक्दैन। मानसिक सुख त उसलाई मात्र प्राप्त हुन सक्छ जसको —

'' धैर्यं यस्य पिता क्षमा च जननी शान्तिश्चिरं गोहिनी, सत्यं सूनुरयं दयाच भगिनी, भ्राता मन : संयम : ॥ ''

अर्थात् — धैर्य जसका पिता छन्, क्षमा जसका माता, शान्ति गृहिणी, सत्य पुत्र, दया बहिनी, र भाई मन संयम —यस्तै व्यक्ति मात्र वास्तवमा सुखी, सन्तोषी र त्यही मात्र संसारमा सफल र महान् र सबभन्दा अधिक सम्पन्न हुन्छ। जो अर्काको विनाश या पतनमा तथा अर्काको बालबच्चा भोकभोकै मरे पनि केही वास्ता न राखी केवल आफ्नो पेट भर्नमा प्रसन्न रहन्छ, त्यस्तालाई कहिल्यै सुख प्राप्त हुदैन किनभने त्यसले सृष्टिको साधारण नियमको अनादर गर्दछ। जो यो पनि जान्दैन कि आत्मा सबैको एकै हो, सबैमा उनै सच्चिदानन्द प्रभु भगवान विराजमान छन् हरेकको शरीर भिन्न भिन्न छ तापनि प्राण एकै हो त्यसैले अरूलाई पराइ सम्झी कष्ट दिन्छ ; तर एकको गला काट्नाले आफ्नो गलामा पनि घाउ हुन्छ, एउटाको हनन गर्नु एक परिवारलाई कष्ट दिनु आफ्नो आत्मालाई पनि बज्राघात गर्नु हो। यी कुरा जो जान्दछ त्यसैले मानसिक सुख भोग गर्न सक्दछ, जुन प्रकारले आकाशको एकै चन्द्रमा नदीका लहरमा हजारौं चन्द्रमाका रूपमा प्रतिबिम्बित हुन्छन्, उस्तै परब्रह्मको प्रतिबिम्ब स्वरूप भवसागरका हामी सब प्राणी हौं, फेरि परस्परको यो राग द्वेष कस्तो ? अनुमान गर्नु होस् कि तपाईले सबैलाई दबाई कुचली परम शक्ति प्राप्त गर्नु भएछ रे - यसले हुन्छ नै के ? रावण, महिषासुर, कंस वृत्रासुर आदिहरू पनि महाशक्तिशाली थिए - आफ्नो महाशक्तिको कारणैले यिनीहरूले पनि आफ्नो प्राणले हात धुनु पर्‍यो, हैनिबल, सीजर, नेपोलियन आदिहरू कसैका पनि राज्य स्थिर रहेन। महाविजयी गनिएका सिकन्दरले पनि संसार त्याग्नै पर्‍यो, के लिएर गए ''

'' ल्याए थे के सिकन्दरले लिएरै के गए।
दुवै हात थिए खालि जांदा पनि रित्तै थिए॥ ''

संसारको यही दशा छ, तापनि मन मान्दैन - यता उता चक्कर लगाउछ नै, प्रभुको यही माया छ।

' भ्रामयन् सर्व भूतानि यन्त्रा रूढानि मायया। '

परन्तु प्रभुले हामीहरूलाई सचेत गर्नलाई भन्नु पर्ने भनी दिएका छन्, सम्झाउनु पर्ने सम्झाई सकेका छन् कि आफै समान विश्वको हरेक प्राणीसंग प्रेम गर। पराइ स्त्री या पराइ धन दौलतलाई हेर्नसम्म पनि नहेर। देख्नाले तृष्णा बढ्दछ यसले कुनै लाभ हुने छैन। तपाईले पराइ वस्तु माथि आँखा लगाउन सक्नु हुन्छ भने परायी पनि तपाईको वस्तु माथि उसै गरि आंखा लगाउन सक्छन्, यसैले तपाइलाई अपहरण मात्र नगर्नु होइन आत्म रक्षा पनि गर्नु छ, यो संघर्ष कहाँसम्म पुगी अन्त हुने हो कुन्नी, यस विषय कुनै कविज्ञी भन्नु हुन्छ: -

'' भोगान भुक्ता वयमेव भुक्ता
स्तपो न तप्तं वयमेव तप्ता:।
कालो न यातो वयमेव याता
स्तृष्णा न जीर्णा वयमेव जीर्णा:॥

अर्थात्—यो संसारको भोग समाप्त हुदैन, हामीनै समाप्त हुन्छौं, तपस्या पुरा हुदैन हामीनै पुरिन्छौं समय वित्दैन हामीनै विति जान्छौं, तृष्णा बुढा हुदैन हामीनै बुढा हुन्छौं" भर्तृ हारजीको अर्को श्लोक :—

" भोगे रोग भयं कुले च्युति भयं वित्ते नृपालाद्भयं
मौने दैन्य भयं वले रिपु भयं रूपे जराया भयं।
शास्त्रे वाद भयं गुणे खल भयं काले कृतान्ताद्भयं,
सर्वं वस्तु भयान्वितं भुविनृणां वैराग्य मेवाभयं॥"

अर्थात्—भोगमा रोगको भय रहन्छ, यस्तै कुलमा कुल मर्यादा नाशक भय धनीलाई नृप भय, मौनीलाई भाकै मर्ने बलवानलाई शत्रुको, सौन्दर्यलाई वृद्धावस्थाको, विद्वानलाई वाद-विवादको, गुणीलाई दुष्टको शरीरलाई यमको भय रहन्छ, यस्तै प्रकारले संसारमा हरेक वस्तुमा एक न एक भय रहन्छ नै यदि निर्भय कुनै वस्तु छ त 'वैराग्य' मात्र छ। वैराग्यको अर्थ घर द्वार छोडेर गेरुवा वस्त्र धारण गर्नु मात्र होइन - वीत राग हुनु पर्छ - स्थित प्रज्ञ हुनु, सुख – दुःखमा समान रहनु नै वैराग्य हो।

श्री कृष्ण भगवान आज्ञा गर्नु हुन्छ :—

" प्रजहाति यदा कामान्सर्वान्यार्थ मनोगतान्।
आत्मन्येवात्मना तुष्टः स्थित प्रज्ञ तदोच्यते॥
दुःखे स्वनुद्विग्नमनाः सुखेषु विगत स्पृहः।
वीत राग भयक्रोधः स्थित धीर्मुनि रूच्यते॥
यःसर्व त्रानभि स्नेह स्तत्तत्प्राप्य शुभाशुभम्।
नाभि नन्दत्ति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता॥"

अर्थात्—हे पार्थ! जब कुनै मनुष्य आफ्नो मनको सब काम अर्थात् वासनाहरू छोडदछ र आफै सन्तुष्ट रहन्छ त्यो मनुष्य स्थित प्रज्ञ भनिन्छ। दुःख परेमा जसको मनमा खेद हुदैन, सुखमा जसलाई आसक्ति हुदैन र प्रीति, भय तथा क्रोध जसको छुट्दछ त्यसलाई स्थितप्रज्ञ मुनि भनिन्छ। सब कुरामा जसको मन निःसङ्ग भइ सकेछ र यथा प्राप्त शुभाशुभको जसलाई आनन्द या विषाद हुदैन त्यस्ताको बुद्धि स्थिर भएको भन्नु पर्दछ।"

सुख दुःख जीवनको साधारण खेल हो, त्यसमा पागल हुनु कुन कुरा हो? कोही कतै हाँसि रहेका छन् त अरू कतै रोइरहेका पनि होलान्, कोही हास्दछन् त कसैलाई रुवाएर होला, यता रुदछन् त उता हास्दै होलान्; कसैकाहाँ सुख छ, कसै कहाँ दुःख छ, यो त मामुलि कुरा हो। आज हांस्नु छ भने भोलि रुनु पनि पर्ला, आज म हांस्दछु सायद कसैलाई रुवाएर या मेरो हांसो मेरो हृदयभित्र दन्की रहेको आगोको ज्वाला लुकाउनको चेष्टा मात्र पो हो कि, को जान्द छ यसले सुख दुःखको लामो व्याख्या गरेर मानसिक सुखको हत्या गर्नाले के लाभ!

" सुखस्य दुःखस्य न कोऽपि दाता,
परो ददाती ति कुबुद्धि रेखा"

आफुलाई सुखी र दुःखी बनाउने हामी स्वयं आफै छौं। कसैले कसैलाई कष्ट दिन सक्छ भन्नु या भ्रम मात्र हो, ठीक कुरा होइन - गर्ने गराउने उ प्रभु हुन्! या संसार उनैको मायामा चलीरहेछ तापनि यदि मन मान्दैन र यताउति भट्कन चाहन्छ र अर्कासँग राग द्वेष गर्न चाहन्छ र भने यसमा के भन्नु? यस संसारमा न कुनै दोस्त छन् न त दुश्मनै। व्यर्थ कसैसंग राग द्वेष राख्नु किन? यदि हामीले आपसमा राग

द्वेष राख्न बन्द गर्न सक्यौं भने जुन 'सन्तोष' को विषयमा यतिका कुरा भइरहेछ त्यो प्राप्त हुनमा केही बेर लाग्ने छैन।

मनुष्यको शक्ति सीमित रहन्छ। आफ्नो कार्यको लक्ष्य पनि सीमित राख्नु कुनै खराब कुरा होइन। यदि कुनै मनुष्य विश्व विजयी हुन चाहन्छ भने त्यो भले उसका निमित्त प्रयास गरोस्, तर यदि त्यो व्यक्ति चाहन्छ विश्व-विजयी बन्न र चेष्टा भने गर्छ विश्व प्रेमी बन्न भने यी दुवै कुरा हुन सक्छ कसरी ? आज समस्त यूरोपको अशान्तिको प्रधान कारण पनि यही हो कि यूरोपवासी यँही जान्दैनन् कि उनीहरूको जीवनको लक्ष्य के हो ? धन कमाउनु-मोज गर्नु, पराइ राज्य हडप्नु र विनाशको साधन खोज्नु यी कार्यहरू परम्परा युगैदेखि चलि आएकै छ कहिल्यै समाप्त भएन, यस प्रकारको जीवन पनि यिनै कार्यको स्वप्नमा समाप्त भइ जान्छ। जीवन एउटा विकट उल्झना हो; तर यसलाई सुल्झाउने सबभन्दा सोझा तथा सजिलो उपाय यही देखिन्छ :-

( १ ) भगवानमा अटल श्रद्धा राख्नु।

( २ ) राग-द्वेष, सुख दुःख, र पीडाले विचलित नहुनु।

( ३ ) निरुद्यमी नहुनु; जुनसुकै अवस्थामा होस् सन्तुष्ट रहनु।

आज यदि हामीले यी तीनै कुरा अपनाउन सके, संसारको र आफ्नै पनि कति ठुलो कल्याण गर्न सकौंला यी कुरा यहां संक्षेपले बुझाउन गाह्रै छ। यो त केवल मनमा समझने कुरा हो। परन्तु यस निमित्त, आत्म संतोष तथा मानसिक सुख प्राप्त गर्नलाई यो त नितान्त आवश्यक छ; कि कहिल्यै कुनै दशामा पनि मनुष्य मात्रले अर्काको अभ्युदय या विकाश देखेर अलिकति पनि डाह नगरोस् एस विषयमा यक कुनै पश्चिमी महात्माको सत्य कथन याद रहोस् :—

"यदि तिमीलाई एउटा रोटी प्राप्त भयो भने याद राख कि तिम्रा भाग्यमा आधै रोटी मात्र जुरेको थियो तर थप आधा रोटी त भगवानले थपी दिएका हुन", यो बहुतै सत्य कुरा हो।

डाह गर्नु—अर्काको अभ्युदय देखेर आफ्नो मुकाबला गर्नको कुनै आवश्यक छैन, किनभने तपाई जतिसुकै खराब अवस्थामा किन नहुनु होला तर विचार गरेर ल्याए तपाई भन्दा पनि अझ खराब हालतमा भएका एक न एक किन न होला। तस्मात् कमी वेशीमा यति मगज किन लडाउनु, शास्त्रको वचन पनि छ :—

"वित्ते रमस्व बहु मन्य मान।

थोरै धनलाई पनि धेरै समझी प्रसन्न रहू। यसको अर्थ यो होइन कि उद्योग नगर तर आफ्नो आत्मालाई दरिद्र र निर्वल न सम्झी बरु त्यसलाई महान् र सर्व-सम्पन्न सम्झी तृष्णालाई बढ्न देऊ, किनभने तृष्णा बढ्न जानाले नै संसारको सब विपत्ति आई पर्दछ र यदि आज हाम्रा भारतीय बन्धु वर्ग पश्चिमी सभ्यताको तृष्णा तथा असन्तोषको शिकार बने उनिहरूलाई जस्तो भयङ्कर कष्ट उठाउनु पर्ला त्यसको व्याख्या गर्न सकिन्न। त्यसैले अहिलेदेखिनै सतर्क रहनु अत्यावश्यक छ, 'सन्तोष' को महत्व सम्झी सन्तोषी बनी रहनाले जीवनमा जो सुख मिल्द-

छ भविष्य जुन प्रकारले उज्वल हुन्छ त्यो आँखाको सामुने राखेर हिडनाले नै हामी सबको कल्याण छ । अन्यथा हामी पनि पश्चिमीय पैशाचिकताको शिकार बन्नु पर्नेछ । अतएव बन्धु वर्ग हो ! "सन्तोष" लाई अपनाए मात्र कल्याण होला ।

क्रमश :

## वर्ष १ सङ्ख्या २, संवत् १९९१ चैत्रबाट साभार *लेख*

२ * शारदा *

### जीवन–ज्योति

[ लेखक–पण्डित लेखनाथ शर्मा पौड्याल ]

दिनकर घुमून वा पृथ्वी घुमून
हावा घुमोस् वा जल घुमोस्
शिशु मारनाका चर्के घुमोस् वा
विकराल अथवा काल घुमोस् ।
जुन वस्तु हो त्यो हर्दै घुमेको
उसको घुमावट धन्य हो
जसबाट निस्क्यो झलमल्ल यस्तो
यो विश्व–जीवन विजुली अहो ! ॥१॥

फन फन घुमेका उस चक्रको सब
संचालना उहि जान्दछ
जसलाइ हाम्रो वेद सर्व–
व्यापी पिता भनि मान्दछ ।
न त आदि उसको मिल्छ काहीं
न त अन्त काहीं मिल्दछ
जो गर्छ खोजी उसको उनैको
सत्ता उसैमा मिल्दछ ॥ २ ॥

यो विश्व–जीवन–सौद मिनीको
श्रृङ्गार गर्ने घर ठुलो
होला कहाँ त्यो ? रोलँदोहो
टाडो तहाँ फिर कुन कुलो ?
यो तर्क गर्दा–गर्दै सबैको
शिर घुंछ त्यो चर्कै सरी
घन्कन्छ आखिर व्यामोहको
खाली गगनमा बाँशुरी ॥३॥

आत्रह्म भुसुना–तृण–वृक्ष– तरुका
प्राणीहरू खम्बा सरी
छन् भित्र मसिना तार मनका
उनमा कसेका बेसरी ।
सङ्कल्पको चर्को करेण्ट–
उनमा निरन्तर चल्दछ
रञ्जित गुलुभा वासनाको
ज्योति झकाझक बल्दछ ॥४॥

यो विश्व–जीवन विजुली निकाल्यो,
त्यो विश्वकर्मा दङ्ग भो
भलमल्ल झल्कयो विश्व सारा,
उसलाइ अर्कै रङ्ग भो ।
सब झ्याल खोल्यो नाच–घरका,
आफू बस्यो त्यो दर्शक बनी
लीला शुरू भो अद्भुत नटीको,
जाबा भये नटुवा पनी ॥ ५ ॥

मालीकिनी भै गर्छे नटीले
जुन जुन इसारा त्यै सब
नटुवाहरूले गर्न थाले
नृत्य–क्रियाको उत्सव ॥
दर्शक बनेको विश्व–कर्मा
त्यो देखदा अलमस्त भो
देखिन अर्को मै मात्र छू
भन्ने अत्याहट अस्त भो ॥६॥

थोत्रा पुराना सामान पुर्जा प्रत्येक आफैं हेर्दै
जस्तो जहाँ जो चाहिने हो तेस्तो तहाँ त्यो फेर्दै ॥
हर्द तमासा हेर्ने तमासे त्यो विश्वकर्मा धन्य हो
यो विश्व जसका भित्री नजरमा न त अन्य हो न अनन्य हो॥७॥*

* निज संग्रहबाट ।

*शारदा* का मौलिक ऐतिहासिक पृष्ठका सौजन्य शिव रेग्मी

# शारदा मासिकको सूचना

नेपालको जेठो साहित्यिक पत्रिका ***शारदा*** ले नेपाली वाङ्मयका क्षेत्रमा पुऱ्याएको योगदानलाई निरन्तरता दिने उद्देश्यले पुनः थालिएको ***शारदा*** को प्रकाशनमा टेवा पुऱ्याउन यहाँले ***शारदा*** को सदस्यता ग्रहण गरिदिनु भई सहयोग गरिदिनु हुनका साथै यसमा आफ्नो संस्थाको विज्ञापन दिई तपाईंको संस्थागत विकासमा ***शारदा*** लाई सहभागी हुने अवसर प्रदान गर्नहुन हार्दिक अनुरोध गर्दछौं ।

| | |
|---|---|
| वार्षिक सदस्यता शुल्क | रु. ५००।- |
| आजीवन सदस्यता शुल्क | रु. १०,०००।- |
| संस्थागत सदस्यता शुल्क | रु. २५,०००।- |

## विज्ञापन दर

| विवरण | एक अङ्क | तीन अङ्क | छ अङ्क | बाह्र अङ्क |
|---|---|---|---|---|
| अन्तिम पृष्ठ रङ्गिन | ३०,०००।- | ७२,०००।- | १,०८,०००।- | १,४४,०००।- |
| कभर भित्री पहिलो पृष्ठ रङ्गिन | २७,०००।- | ६६,०००।- | ९९,०००।- | १,३२,०००।- |
| कभर भित्री अन्तिम पृष्ठ रङ्गिन | २५,०००।- | ६०,०००।- | ९०,०००।- | १,२०,०००।- |
| पूरा पृष्ठ रङ्गिन | २०,०००।- | ४८,०००।- | ७२,०००।- | ९६,०००।- |
| आधा पृष्ठ रङ्गिन | १२,०००।- | २८,८००।- | ४३,२००।- | ५७,६००।- |
| एक पृष्ठ एकरङ्गि | १०,०००।- | २४,०००।- | ३६,०००।- | ४८,०००।- |
| आधा पृष्ठ एकरङ्गि | ६,०००।- | १४,४००।- | २१,६००।- | २८,८००।- |

(अतिरिक्त १३% मूल्य अभिवृद्धि करबाहेक)

कविता

# विस्मृतिको आत्मरति





द्वारिका श्रेष्ठ

यो मान्छेको हूल
र यो दौडको थकाइ
तिमी, खै
एउटा चौतारी भएर आयौ
कि, अथवा दिगभ्रम दिशा लिएर आयौ ।
मेरो शूष्क प्रदेशमा
कहिल्यै भेल त आएन
तर म यसै बग्दै पुगें
काठमाडौं विमानस्थलको प्रस्थानकक्षको लहरमा
मानौं तिमी एउटी मत्स्य-कन्या
नजिकैको तटमा उभिइरहेकी ।

टुक्रै टुक्रा सपनाले अनिंदो बनाएका तिम्रा आँखाहरू
र लामा प्यासले कक्रिएका तिम्रा ओंठहरू ।
सँगै उभिएकी आफ्नो साथीलाई
हुरी-बतासबाट वच्नझैं अँगालो मार्‍यौ
कुनै बेलाको तिम्रा बलिष्ठ र कस्सिएका हातहरू
कति खुकुला र लुला देखिन्थे ।
एउटा पटकथाको छायाङ्कनमा
मानौं म स्वयम् सरिक रहें
र विदाइमा हल्लिरहेका
ती थकित हातहरू हेरिरहें
प्रतिपल मेरा आँखाभित्र-भित्रै हराउँदै गैरहेका.....

तिम्रा कम्पित श्वास-प्रश्वासको उष्णतामा
र यात्रु र विदाइ गर्न आउनेहरूको कलमल ध्वनिमा
झन्-झन् झाँगिएका
तिम्रा विस्मय र सपनाहरूले
पछ्याइरहे तिमी उड्ने जहाज,

र म एउटा कुनाबाट
हेरिरहें - सुनिरहें
तिम्रो जहाजले गति लिएको
आकाशिएको,
माथि-माथि झन् माथि
शून्य आकाशमा अलपिएको.......

दिन र रातको यो अनन्त लखेटाइमा
थाहा छैन
तिनीहरूले मलाई लखेटिरहेछन्
या
म स्वयम् तिनीहरूलाई...
तर यदाकदा यो हूल र दौडमा
तिम्रा अनुपस्थितिहरू अनयास उम्रिन्छन्
सुनामीले खण्डहर बनाएको
मेरो यस सानो प्रदेशमा ।
जब-जब मेरो आकाशमा
जहाजहरू उड्छन्
अथवा चराहरू नै उड्छन्
अथवा चङ्गाहरू नै उड्छन्
पुराना भैसकेका आफ्ना कोट र कमिजका
खल्तीहरूबाट
विस्मृतिहरूलाई बाहिर निकाली
खेलिरहन्छु बच्चाभैं एक्लै
र आत्मरतिमा रमाइरहन्छु....

तिमी मेरो प्रदेशमा हुँदा
तिमी भन्ने गर्थ्यौ
".....यहाँ विपना त हुकँदै हुर्केनन्
मैले आफ्ना निद्राहरू पनि
सदा सर्वदा विथोलिरहें
आफ्नै सपनाको आत्मरतिको विस्फोटमा....."

के बिर्सनु र, के सम्झनु
थाहा छैन,
तिमी टाढा अनन्त सीमान्तभन्दा टाढा
टाढा दुस्वप्नहरूबाट
र टाढा रामायणको अपहरण आतङ्कबाट
र टाढा माहाभारतको वन-पर्वको त्रासदीबाट-
म सायद आदी भैसकें
हेरिरहन
आफैलाई जलाउन रचिएको
लाक्षगृह दनदनी जलिरहेको-
यो साझा पीडा तिमी बुझ्छौ
कि यो दनदनी रापले
तिमीलाई चुमिरहने यी ओंठहरू सुकिसकेका छन्
र तिमीलाई अँगालोमा बेह्रिराख्ने यी मेरा पाखुराहरू
लुला भैसकेका छन् ।
मन त हर पल सुकेको पातभैं हल्लिरहन्छ......

तिमी जानु थियो आफ्नो बाटो,
गयौ
थाहा छैन के-के लिएर गयौ ।
एउटा चौबाटोमा उभ्याइएको सालिकभैं
म निरन्तर हेरिरहेछु ती बाटाहरू
र थाहा छैन
म कतै जान बाटो पहिल्याइरहेछु
या कसैको बाटो कुरिरहेछु-
बधाइ तिमीलाई !
बधाइ तिम्रा बाटोलाई !!
बधाइ तिमीले जङ्घार तर्‍यौ !!!
र बधाइ, किनारको एउटा बगर पायौ ।

*(बीसको दशकका स्थापित कवि द्वारिका श्रेष्ठले दशकौंको अन्तरालपछि **शारदा**को अनुरोधमा यो कविताको सिर्जना गर्नुभएको हो ।)*

कथा

# अनुकृति



ध्रुव सापकोटा

उसको बाबुको अन्त्य हृदयघातबाट भयो । ऊ एक्लो छोरा थियो । कोरा बसेको थियो । उसको सामुन्ने एउटा बत्ती बलिरहेको थियो । एउटा माटोको भाँडामा बाबुको अस्तु राखिएको थियो । यो अस्तु, बत्ती र कोरामा के सम्बन्ध छ, उसले बुझेको थिएन । गरूड पुराण भन्न आउने बाहुनसँग प्रश्न गर्न सक्थ्यो । उसलाई चाख नै भएन । ऊ त जसले जे भन्छ त्यही गरिरहेको थियो । संस्कारप्रति विद्रोह गर्ने आँट थिएन । विद्रोह गर्ने कारण पनि थाहा थिएन । कुरा यति मात्र थियो उसको मनमा, बाबुको अस्तित्व अब यो कोठामा खरानीको रूपमा छ । त्यो खरानी सेलाउने समय मात्र उसलाई बताइएको थियो ।

केही मान्छे आए तिनीहरूले फलफूल बोकेर ल्याएका थिए । तिनीहरूसँग ऊ परिचित थिएन । तिनीहरू यस कोठामा पस्दा गम्भीर देखिए ।

'पिताजीको जागिर समय कति थियो ?' आगन्तुकको प्रश्न थियो । प्रश्न प्रष्ट थिएन । मतलब खोतल्न आवश्यक देखेन ।

'जागिर खान त अझै दस वर्ष बाँकी थियो ।' उसले जवाफ दियो । उसले नबुझीकन नै जवाफ दियो ।

'यो त ज्यादै असामयिक भयो ।' आगन्तुकले भन्यो ।

'सामयिक कुनै बेलाका लागि थियो । अहिलेका लागि होइन ।' अर्कोले भन्यो ।

'उहाँलाई के रोग थियो ?' आगन्तुकको प्रश्न थियो ।

'ख्वै हामीलाई त त्यस्तो केही थाहा भएन ।' उसले भन्यो ।

'केबाट जानुभयो त ?' आगन्तुकको प्रश्न थियो ।

'हृदयघात ।' उसले भन्यो ।

'एकै पल्टमा ?' आगन्तुकको प्रश्न थियो ।

'छाती दुख्यो भन्नुभयो । अस्पतालमा पुऱ्याइयो । त्यहीं खतम् ।' उसले भन्यो ।

'सही अपस्ताल परेन कि ?' आगन्तुकको प्रश्न थियो ।

'त्यो त के भन्ने ?' उसले अपराधी अनुहार देखायो ।

'धेरैजसो मान्छे त तेस्रो पल्टमा जान्छन् ।' आगन्तुकले जानकारी देखायो ।

'डाक्टरले भनेपछि मात्र हामीलाई थाहा भयो- उहाँको अन्त्य हृदयघातबाट भएको छ ।' उसले भन्यो ।

'उहाँ चुरोट खानुहुन्थ्यो ?' आगन्तुकको प्रश्न थियो ।

'खानुहुन्थ्यो ।' उसले भयो ।

'त्यसलाई मात्र के दोष दिने ? चुरोट खानेहरू हाम्रै सामुन्नेमा चौरासी वर्ष बाँचेका छन् ।' आगन्तुकको तर्क थियो ।

'के उहाँ रक्सी खानुहुन्थ्यो ?' आगन्तुकको प्रश्न थियो ।

'नियमित त होइन । भोज भतेरमा भने छाड्नु हुन्थेन ।' उसले जवाफ दियो ।

'अलिअलि खानु त स्वास्थको लागि झन् राम्रो भन्छन् ।' आगन्तुकको ज्ञान देखियो ।

'त्यसको बारेमा हामीलाई थाहा भएन । ओखती खाएको देखिएन ।' उसले भन्यो ।

'चिनी ?' आगन्तुकको प्रश्न थियो ।

'त्यो पनि थाहा भएन ।' उसले भन्यो ।

'चिनी र रक्तचाप होइन । त्यसले कि त मृगौला खतम पार्छ कि त अपाङ्ग बनाउँछ ।' आगन्तुकले ज्ञान देखायो ।

'त्यो त हामीलाई केही थाहा भएन ।' उसले भन्यो ।

'घरमा खर्च नगराई जानुभयो । तिमीले यसमा सन्तोष लिनुपर्छ । दीर्घरोग लागेको भए तिम्रो सम्पत्ति पनि खतम हुन्थ्यो, मान्छे पनि नरहने ।' आगन्तुकले भन्यो । कोरामा बसेको समयमा यसरी पिताजीको बारेमा कुरा हुँदा ऊ चिन्तित र दुःखी देखिनुपर्ने थियो । ऊ फिस्स हाँस्यो ।

'किन हाँसेको ?' आगन्तुकको प्रश्न थियो ।'

'तपाईहरूले सम्पत्ति जोगियो भनेकोले ।' उसले भन्यो ।

'यसमा हाँस्नुपर्ने कुरा के छ र ?' आगन्तुकको प्रश्न थियो ।

'सम्पत्ति नै छैन । खर्च कहाँबाट हुने ?' उसको प्रतिप्रश्न थियो ।

'तपाईको यो घर आफ्नै होइन र ?' आगन्तुकको प्रश्न थियो ।

'होइन । हामीहरू भाडामा बसेका हौं ।' उसले जवाफ दियो ।

'तपाईहरूको घर कहाँ छ त ?' आगन्तुकको प्रश्न थियो ।

'काभ्रेमा ।' उसले जवाफ दियो ।

'त्यो त नजिकै रहेछ । त्यहाँको सम्पत्ति अब मूल्यवान भएको छ ।' आगन्तुक भ्रमणशील देखियो ।

'त्यहाँको सम्पत्तिमा अर्कैले कब्जा जमाइसकेको छ ।' उसले भन्यो ।

'ए ! त्यस्तो ?' यो प्रसङ्गलाई अगाडि बढाउन आगन्तुक डरायो ।

उसले कोरामा बसेको दिनदेखि यस्तै खाले सवाल जवाफमा बिहानदेखि बेलुकासम्म अल्झनु परेको थियो । उ दिक्क भइसकेको थियो । समवेदना व्यक्त गर्न आउनेहरूसँग शिष्टतापूर्वक प्रस्तुत हुनुपर्ने बाध्यता थियो ।

'तपाई मात्र ?' आगन्तुकको प्रश्न थियो ।

'हो म एक्लो ।' उसको जवाफ हुन्थ्यो ।

'परिवारमा कति जना ?' आगन्तुकको प्रश्न ।

'म, मेरी बहिनी र आमा ?' उसको जवाफ ।

'तपाई के गर्नुहुन्छ ?' आगन्तुकको प्रश्न ।

'केही पनि गर्दिनँ ।' उसको जवाफ ।

'आमा नि ?' आगन्तुकको प्रश्न अझै सकिएको थिएन । उसलाई लाग्यो, आगन्तुकले उसलाई पूरै नङ्ग्याएर छोड्ने छन् ।

'घरमै बस्नुहुन्छ र घरधन्दा गर्नुहुन्छ ।' उसको जवाफ ।

'बहिनी ?' आगन्तुकको प्रश्न ।

'पढ्दै ।' उसको जवाफ ।

झर्को लाग्थ्यो जवाफ दिंदा । त्यो झर्को र फर्कोलाई उसले दबाएर राखेको थियो । यो तेह्र दिन उसका लागि तेह्र वर्षजस्तो गहुँगो भयो ।

साँझ परेपछि ऊ कोठा बसेको ठाउँमा मान्छेहरूको आगमन प्रायः हुँदैनथ्यो । आमा र ऊ मात्र कोठामा हुन्थे ।

'मलाई तिम्रो बाबुको झझल्को अझै गएको छैन ।' आमाको भनाई थियो ।

'कसरी ?' आमालाई ऊ प्रश्न गर्थ्यो ।

'यहीं समयमा तिम्रो बाबु अफिसबाट लुरुलुरु आउँथे । अहिले पनि अफिसबाट फर्केका हुन् कि जस्तो लाग्छ । फर्कदै छन् जस्तो लाग्छ ।' आमाले भनिन् ।

घरमा बाबु नरहेर अब झझल्को बाँकी थियो । बाबुको अस्तित्व झझल्कोमा ओर्लेको थियो । उसलाई लाग्यो, अस्तित्व ओरालो लाग्ने प्रकृया हो यो । घर कसरी चलेको छ ? अब के हुन्छ ? त्यसको जवाफ ऊसँग थिएन । उसकी आमासँग पनि थिएन । उसकी बहिनीसँग पनि थिएन । जीवनमा नटेकेको मोडमा ऊ थियो ।

बाबुको मृत्युको प्रमाणपत्र त उही दिन अस्पतालले दिएको थियो । नाता प्रमाणित गराउन केही दिन लाग्यो । त्यो पनि काम सकियो । अब के गर्ने ?

'बाबुको अफिसमा तिमी नै जाऊ !' आमाले भनिन् ।

'तपाई नै जान राम्रो होइन र ?' उसले भन्यो ।

'यो सेतो लुगामा मलाई घरबाट बाहिर निस्कन मन लागेको छैन । दु:ख देखाउँदै हिंडेजस्तो लाग्छ । म त एक वर्ष यही घरमा नै बसेर बिताउने विचार गरेकी छु ।' आमाले भनिन् । यो एउटा मनोवैज्ञानिक कुरा थियो । आमाको मनमा रहेको अव्यक्त चोटको उसले अनुभव गऱ्यो । अमाले केही नभने पनि यति कुरामा नै धेरै कुरा भनेको उसलाई लाग्यो । कोठामा बस्दा धेरै समय आमा र छोरा मात्र कोठामा थियो । आमालाई केही कुरा भन्ने आँट गरेको उसले देखेको थियो । आमालाई केही कुरा भन्ने आँट उसमा थिएन । आमालाई सान्त्वना दिने क्षमता उसमा थिएन । अहिलेसम्म त उसले आमाबाट अर्ति उपदेश नै पाएको थियो ।

'बाबाको अफिसमा जाँदा वकिल लानु पर्छ कि पर्दैन ?' उसले आमालाई प्रश्न गऱ्यो ।

'यो कुरा मुद्दा मामिलाको कुरा होइन । तिम्रो बाबुले त्यही अपिसमा जीवन बिताए । त्यहाँ त हाम्रो अधिकार नै छ । तिमी एक्लै गए हुन्छ ।' आमाले भनिन् ।

आमाले अधिकारका कुरा गरिन् । उसले बाबुको जीवन सम्झ्यो । बाबुलाई बिहान झ्याइ-नभ्याई हुन्थ्यो । वाथरुम, दाह्री काट्ने, नुहाउने, खाना खाने र घरबाट निस्कने । आमालाई झन् भ्याइ-नभ्याई, बिहान उठेर भान्छामा नै व्यस्त । घडी हेरेर आमा भान्छा तयार गर्थिन् । बाबु भान्छापछि लुगा लगाउँथे । आमा उनका जुत्ता पालिस गर्थिन् । बाबा कोठाबाट निस्केपछि मात्र आमालाई खुकुलो अनुभव हुन्थ्यो । तिनीहरू सबैले खाना खाएपछि पनि आमाको काम सकिएको हुँदैनथ्यो ।

बेलुका बाबा आउँदा खाजा तयार गर्थिन् । बाबु जागिरबाहेक अन्य कुनै काममा पनि सरिक नहुने । उसले पनि बिहान बाबुलाई पछ्यायो । बाबुको शैलीमा तयार भयो । फरक एउटै थियो-जुत्ता आफैले पुछ्यो ।

'म गएँ ।' उसले आमालाई भन्यो ।

'कागजपत्र जम्मै लग्यौ त ?' आमाले सोधिन् ।

'लगें ।' उसले भन्यो ।

बाबुको अफिस निकै ठूलो थियो । त्यो अफिसमा ऊ कहिल्यै गएको थिएन । पहिले ऊ लेखा फाँटमा गयो । आफ्नो परिचय दियो र कारण बतायो ।

'तपाईलाई हाकिमसाहेबले भेट्न खोज्नुभएको छ ।' फाँटको प्रमुखले भन्यो । ऊ हाकिमको कोठातिर लाग्यो । उसलाई यस बेलामा पनि आफ्नो बाबुको सम्झना भयो ।

तिम्रो नोकरी भए म जागिर छोडेर बस्थें । मलाई त यो जागिरमा जाँदा जाँदा आत्महत्या गर्न गएजस्तो लागिरहन्छ । बाबु बारबार यही कुरा भन्थे । उसलाई बाबुको कुरा अर्थहीन लाग्थे । उसकी आमालाई बाबुका कुरा अर्थहीन लाग्थे । उसकी बहिनीलाई बाबुका कुरा अर्थहीन लाग्थे । बाबु नभएका बेलामा तिनीहरू आपसमा कुरा गर्थे । उनका सामुन्नेमा केही भन्दैनथे । बाबु उत्साहित भएर यही कुरा भनिरहन्थे । पाँच वर्ष बिते । उसको न त जागिर भयो न त बाबुले जागिर नै छोड्न सकेका थिए ।

हाकिमसाहेबको कोठा तल्लामाथि थियो । उसले निजी सचिवबाट थाहा पायो, हाकिमसाहेब बाह्र बजे मात्र अफिस आउनुहुन्छ । भर्खर एघार बजेको थियो । निजी सचिवका कोठामा दैनिक अखबारको थुप्रो थियो ।

एउटा अखबार उसले लियो । सबै चाऱ्यो । उसको हालत र देशको हालत एउटै थियो । ऊ अन्योलमा थियो । जीवन कसरी चल्छ, थाहा छैन । भविष्यलाई भविष्यको गर्भमा राखेर उसले पाइला सारेको थियो । निजी सचिवले उसलाई हाकिमसाहेबको कोठामा जाने आदेश गरे ।

'तिमी नै हौ फलानोको छोरा ?' हाकिमसाहेबको प्रश्न थियो ।

'हो, हजुर !' उसले भन्यो ।

'तिम्रो कतै काम छ कि छैन ?' हाकिमको प्रश्न थियो ।

'छैन ।' उसको जवाफ थियो ।

'तिमीले के पढेको ?' हाकिमले सोधे ।

'एमए' उसले भन्यो ।

'यतिका पढेको मान्छे त्यसै काम नगरी बस्न मिल्छ र ?' हाकिमले प्रश्न गरे ।

'कोशिस गरेको असफल भइयो ।' उसले भन्यो ।

'कोशिस त विदेश जाने गर्नुपर्ने ।' हाकिमले भन्यो ।

'हजुर ।' उसले भन्यो ।

'यो देशमा के छ र युवाहरूको लागि ?' हाकिमले भन्यो ।

'हजुरले मलाई भेट्न खोजेको सुनें ।' उसले भन्यो । देशको बारेमा हाकिमसँग बहस गर्ने आँट उसले गरेन ।

'तिम्रो पिताजी इमान्दार कर्मचारी थिए । उनी बितेकोमा दुःख लागेको छ । असल मान्छे धेरै टिक्दैनन् ।' हाकिमले भने । भन्नुको कारण अझै बुझेन ।

'हजुर ।' उसले भन्यो ।

'तिम्रो रूचि केमा छ ?' हाकिमले सोध्यो ।

'कलामा ।' उसले भन्यो ।

'एउटा गरिब देशमा, एउटा गरिब परिवारमा जन्मिएर कलामा रूचि हुनु पनि अनौठो हो ।' हाकिमले भने ।

'हजुर ।' उसले भन्यो ।

'केही चित्रकला तिमीसँग छन् ?' हाकिमले सोधे ।

'आफ्नै इच्छाले बनाएको । कतै पनि देखाएको छैन ।' उसले भन्यो ।

'यो जोखिमको काम हो । हजार जनामा एक जना सफल हुन्छन् ।' हाकिमले भने ।

'हजुर ।' उसले भन्यो ।

'तिमीलाई मैले जागिर दिन बोलाएको । भोलिदेखि आउनू ।' हाकिमले भने । उसका लागि यो ठूलै उपहार थियो ।

'धन्यवाद सर !' उसले भन्यो ।

'तिमी प्रशासनमा जाऊ !' हाकिमले भने ।

ऊ प्रशासनमा गयो । अरू मान्छेले ऊसँग चिनजान गरे । बधाइ दिए ।

'यसरी छोराले जागिर पाउने भए म मर्थें ।' एउटाले भन्यो । अर्कोले भन्यो । अर्कोले भन्यो । बधाइ र मर्न इच्छा राख्नेहरू थुप्रै भेटिए । मृत्यु र खुसी सँगसँगै जोडिएर आएका थिए ।

रुचिअनुसार उसलाई स्टोर शाखामा पठाइयो । त्यो स्टोर शाखामा थुप्रै कलाकृति थिए । उसको काम ती बहुमूल्य कलाकृतिको संरक्षण गर्नु थियो । स्टोरको खाता हेर्थ्यो । कलाकृति हेर्थ्यो, सही छन् या छैनन् ?

छ महिना बितिसकेको थियो । उसको पीडा बढिरहेको थियो । पीडा दिन प्रतिदिन थपिएको थियो । समयसँगै पीडा घटेन ।

'तिमीले यहाँ काम गरेको कति भयो ?' प्रश्न उसलाई गरियो ।

'बीस वर्ष ।' उसले जवाफ दियो ।

'कहाँ गए ती मौलिक कलाकृतिहरू ?' उसलाई सोधियो ।

'भएका तिनै हुन् ।' उसको जवाफ ।

'रिकर्डमा त्यति धेरै छन् । गन्तीमा पुग्दैनन् ।' खोज गरियो ।

'त्यो त मलाई थाहा छैन । म आउँदा नै यस्तै थियो ।' उसको जवाफ ।

'एक त गन्तीमा पुग्दैनन् । अर्को कुरा यी मौलिक कृतिहरू होइनन् । यी त अनुकृति मात्र हुन् ।' उसलाई जानकारी गराइयो ।

'तिमीलाई कारवाही हुन्छ । तिमीलाई सजाय हुन्छ । तिमीलाई जुन कुराको संरक्षण गर्न जिम्मा दिइएको थियो त्यो नै भएन ।' उसलाई भनियो ।

ऊ डरायो । हाकिमको कोठामा गयो । हाकिम चिठी पढिरहेका थिए । कोही थिएन ।

'किन ?' हाकिमले सोधे ।

'मलाई त्यस ठाँउबाट हटाइदिनु पर्‍यो सर !' उसले भन्यो ।


'अहिले समय कति खराब छ ? मान्छेलाई दया गर्न पनि नहुने भएको छ । जागिर पाउने नसक्ने बेलामा जागिर दियो । त्यसपछि उसले रोजेको ठाउँ पनि चाहिने । भोलि तिमी स्थायी भनौला । भोलि तिमी अर्कै माग गरौला । यो देशका युवालाई के भएको ?' हाकिमले लामो भाषण दिए । उसले आफ्नो कथा पोख्ने अवसर पाएन । यथार्थ व्यक्त गर्ने अवसर पाएन ।

'हजुर ती कलाकृति....।' उसले भन्यो ।

'अब बढ्ता बोल्ने होइन । मलाई सब थाहा छ ।' हाकिमले उसका कुरा पूरा हुन दिएनन् ।

ऊ बाहिरियो । अफिस कसरी चलेको छ, उसलाई थाहा भएको थियो । उसभित्र एउटा इमान्दार मान्छे बाँचेको थियो जसले उसलाई पीडा दिएको थियो । अब उसले त्यो इमान्दार मान्छेलाई मार्नु थियो । त्यसको घाँटी रेट्नु थियो । त्यसका लागि ऊ खुकुरी खोज्न थाल्यो । विकल्प केही छ त ? यो पीडादायी अवस्थामा कहिलेसम्म रहने हो ? उसले आफैलाई प्रश्न गर्‍यो । ऊ कोठामा वेहोश थियो ।

# गजल





वियोगी बुढाथोकी

कुतूहल जगाउने यो रात कस्तो
प्रेमिल दुनियामा लाग्ने मात कस्तो

न्यानो पछ्यौरीको फेरमा अल्भिँदा
आफन्तको नमीठो बात कस्तो

सद्भाव र सत्कारका शब्दहरू हराए
देखाऔं वैरीहरूलाई हाम्रो घात कस्तो

पीरैपीरले दौडिँदा भीरमा ठोक्किएँ
खोंचमा भेटिएको मातको पात कस्तो

जागा आँखाहरू नदेखेझैं गर्छन्
जताततै सल्बलाउने ती हात कस्तो ।

निबन्ध

# निम्तो मान्दै काल पुगेन



डा. माधवप्रसाद पोखरेल

मेरो आयु कति छ कोनि । त्रिकालदर्शी नहुनु पनि ठूलै फाइदा रहेछ । आफ्नो आयु मलाई पहिल्यै थाहा भएको भए, आत्तिएरै मेरो काल छिटो आइपुग्थ्यो होला । ज्ञान नहुनुभन्दा ठूलो आनन्द केही रहेनछ, त्यसैले होला जाँड र लागुपदार्थले लट्ठ हुन रमाउनेहरूको भीड लागेको सबैतिर । जाँड-रक्सी र लागुपदार्थको व्यसन नरोजेर कहिलेकाहीं त बाटै बिराइएछजस्तो लाग्ने रहेछ । लक्ष्मीप्रसाद देवकोटाले मूर्ख र भेंडाहरूको माहात्म्य फलाकेको पनि आज पो अलिअलि बुझेजस्तो लाग्दैछ । आफ्नो आयु थाहा नपाएर मेरो समय खेर गइरहेको छ भन्ने कुरो कहिलेकाहीं मात्र होस फर्केका बेलामा थाहा हुने रहेछ ।

मान्छेको चौबीस घण्टा होसमा भन्दा बेहोसमा बित्तो रहेछ । गएका हप्ताभरिका चौबीस घण्टामा मैले होस पुऱ्याएरचाहिँ कति घण्टा काम गरेछु भनेर लेखाजोखा गर्दा चुबुर्को मात्र देखा पऱ्यो । यसरी बेहोसमा मेरो समय बितिरहेको मलाई थाहा भइरहेको छ । म दिनको साढे पाँच घण्टा जति मात्र सुत्छु, तर बाँकी अठार घण्टामा होस पुऱ्याएर काम गरेको दुई घण्टाको पनि हिसाब निस्केन भने त, म सय वर्षमा दश वर्ष मात्र होस पुऱ्याएर बाँच्ने रहेछु । मेरो नब्बे वर्ष खेर गइरहेको रहेछ ।

मैले भ्याएजति समय सबै लेखपढमै लगाउने लक्ष्य राखेको छु । मेरो अनुशासनले पनि मलाई त्यतै डोऱ्याइरहेको छ, तर चिताएको पुगेको छैन, मेरो समय खेर गइरहेको छ । आफूले ताकेको काम गर्न नपाएर अथवा नभ्याएरै धेरैजसो मेरो समय बगिरहेको छ । मैले एउटा वर्णव्याकरणको र एउटा शब्दव्याकरणको किताब लेख्ने योजना बनाएको छु । छरिएका लेखहरू बटुल्दा पनि तीन-चार ओटा किताब पुग्थे होला । स्नातक तहसम्मका विद्यार्थीलाई साहित्यशास्त्र सिकाउने एउटा समालोचनाको किताबको खाँचो पूरा गर्ने काममा जुटूँ

भन्ने पनि लागेको छ, तर मेरो समय कवितात्मक ढङ्गले गइरहेको छ, म भ्याइरहेको छैन। म किच्च परिरहेको छु। धेरैजसो समय मेरो थप्पडी बजाउने निम्तो मान्दै गइरहेको छ।

अचेल प्रतियोगी वा अप्रतियोगी सामूहिक कविता, निबन्ध, कथाजस्ता कृति वाचन गर्ने गोष्ठी हुन छोडेजस्तो छ। अहिलेका धेरैजसो थप्पडी बजाउने निम्तामा प्रायोजित भीड हुन्छ। यस्ता प्रायोजित भेला प्रायः यी कुनै कुवेरले आयोजना गर्छन्। कति नेपालीहरूले कता कताबाट कसो कसो गरी पैसा कमाएकै छन्। एउटा कुवेरले कवितासङ्ग्रह निकाल्छ। कविता आफैले लेखे पनि हुन्छ, अरूलाई लेखाए पनि हुन्छ। समारोह भव्यता र आडम्बरले पूर्ण हुनुपर्छ। रचना त्यति प्रभावशाली नभए पनि खासै फरक पर्दैन। समारोह कुनै होटलमा भए, समारोहपछि आहार हुन्छ भन्ने कुरो निम्तो पाउनेले त्यसै बुझ्छ। जति ओटा कार्ड छपायो, होटलमा समारोह भयो भने, उपस्थित हुने मान्छेको सङ्ख्या त्योभन्दा बरु बढ्ला, घट्नचाहिँ नघट्ला। भिडियो क्यामरा कोठाभरि डुल्छ र बेलुका टिभीमा आफ्नो अनुहारको विज्ञापन पनि हुन्छ। नामै चलेका एक दर्जनै वरिष्ठ समालोचकहरू तँछाड र मछाड गरेर प्रायोजित कृति अघिल्लो पल्ट भोज खान भ्याएका र नभ्याएका कृति जति सबैलाई पछार्न पहिलो दर्जाको भएको भन्न उभ्याइन्छन्। संस्कृतमा एउटा उखान छ, ढोलक पनि मुख भरिदियो भने मीठो धुनमा बज्न सक्छ। भोलिपल्टका अखबारमा कृतिको रङ्गीबिरङ्गी बयान पढ्दा पाठकलाई भन्दा लेखक आफैलाई बढ्ता स्वाद आउँछ।

कहिलेकाहीँ यस्ता निम्तामा म पनि पर्छु। म भाषामा भासिएको झन्डै बीस वर्ष भएछ, त्यसैले धेरैलाई म साहित्य पनि अलिअलि जान्दछु भन्ने त्यति थाहा छैन। यसले गर्दा साहित्य जान्नेमा नामै हल्लिएकाहरूले जत्तिको यस्ता प्रायोजित भीडमा मैले पुग्नु पर्दैन, तर आफूलाई अल्मल्याउन पुग्ने निम्ता त बेलाबखतमा पाइरहेकै छु, भीडको शोभा बढाइरहेकै छु।

कुवेर कविको किताब विमोचनको माथि लेखिएजस्तो दर्राको प्रभाव अरू निम्सरा लेखकहरूलाई पनि पर्दो रहेछ। आफूले कनीकुथी लेखेर छपाएको रचना राजधानीमा गच्छेअनुसार त्यसै गरी प्रायोजित भीडमा सार्वजनिक गर्न पाए, गति परिन्थ्यो भन्ने मोह ह्याकुलो लुलो हुने केही लेखकहरूलाई पनि हुने रहेछ। माथिकै जस्तो पहिलो दर्जाको भीडमा भन्दा यस दर्जाका लेखकहरूको भीडमा शोभा बढाउने निम्तो पाएर चाहिँ म पनि बेलाबखतमा सिकिस्त हुन्छु। थप्पडी बजाउने सिबाय त्यहाँ मेरो कुनै अनिवार्य भूमिका हुँदैन। मेरो समय पनि खेर जान्छ, आयोजकले बोलाएको ठाउँसम्म पुग्दा र घर फर्किंदा गाडी-भाडा पनि लाग्छ, त्यस्तो निम्तो मान्दा आफ्नो ज्ञान र ऊर्जा बढ्ने सम्भावना पनि प्रायः कमै हुन्छ र पनि आयोजकले मलाई शोभा बढाउने भीडमा निम्तो गरेकामा आफूले नै ठूलो कृपा गरेजस्तो अहङ्कार पालेको पनि पाइन्छ।

नेपालमा भोज ख्वाएर श्रोता बोलाउने चलन छ। जापानमा मैले यस्तो चलन देखिनँ। कुनै कार्यक्रममा कसैको प्रवचन वा रचना सुन्नु छ भने, तपाईंले नै उल्टै पैसा तिर्नुपर्ने पनि हुन सक्छ। त्यहाँ वक्ताहरूले पनि आफ्नो चियासमेत चाहिन्छ भने, बोकेर जाने चलन छ। नेपालको जस्तो चलन त मैले अमेरिकामा पनि देखिनँ।

मेरो फोनको घण्टी टिरिर्र बज्छ। उताबाट कुनै कवि वा लेखकको आवाज सुनिन्छ। कुराको सार के हुन्छ भने, कविले एउटा कवितासङ्ग्रह निकाल्ने सुर कसेछन् अनि उनको उच्च मूल्याङ्कनमा भूमिका लेखाउन लायकको मभन्दा योग्य व्यक्ति कोही पनि भेटिएनछ। आफ्नो यति सारो उच्च मूल्याङ्कन गरेर प्रशंसाको क्लोरोफर्म सुँघाइदिएपछि अरू सबै काम हुँदाहुँदै म नाइँ भन्न सक्तिनँ। भूमिका लेख्नसक्ने हुन त्यो पाण्डुलिपि पढ्नै पऱ्यो। पाण्डुलिपि बुझाएको हप्ता दिन पुग्न नपाउँदै उताबाट कविको फोन आउन थाल्छ। म पत्तो पाउँछु, त्यो पाण्डुलिपि छापिन चाहिने अरू सबै पूर्वाधार पूरा भइसकेको, खालि मेरो भूमिकाले मात्र अड्किएको रहेछ। फोनको फ्रिक्वेन्सी बढ्न थाल्छ। म आफ्ना नगरी नहुने अरू सबै काम पन्छाएर पाण्डुलिपि पढ्न थाल्छु। त्यसको भूमिका पनि लेखिसिध्याउँछु र कविको जिम्मा लगाइदिन्छु। नेपालमा भूमिका लेखाउँदा पारिश्रमिक दिने चलन भए, कुनै पनि कविको उच्च मूल्याङ्कनमा म पर्दिनथेँ होला।

मलाई ताकिता गर्दा सुनाएकै वेगमा नभए पनि लेखकको किताब छापिन्छ। त्यसपछि मलाई प्रायः दुई तीन किसिमको आपत पर्ने गरेको छ। कि त लेखक नै हराउँछ। मलाई भूमिका लेखाएबापत पारिश्रमिक त दिँदैन दिँदैन, मैले भूमिका लेखिदिएको किताब पुऱ्याउन वा पठाउन पनि आउँदैन। दोस्रो खालको लेखक कस्तो हुन्छ भने, भूमिकामा मैले गरेको प्रशंसाचाहिँ किताबको गातापछाडि छपाउँछ, आलोचना छ भने त्यसलाई खौरेर मात्र निकाल्छ। उसले मैले गरेको आलोचना बिर्सिंदैन र त्यसपछि मसँग ठुस्किन्छ। तेस्रो खालका लेखकले चाहिँ मेरो समय अझ खाने रहेछन्। मलाई भूमिका लेखाएर मात्र नअघाएर यस्ता लेखकले आफ्नो किताबको विमोचन अथवा तथाकथित अन्तरकिया वा परिचर्चा कार्यकमको आयोजना गर्ने निर्णय गर्छन् अनि त्यस कार्यकममा मैले उनको लाउक्याइँ गर्न ठडिनुपर्छ भन्ने उनको आग्रह हुन्छ। थुप्रै वक्ताहरूका लस्करमा मेरो त्यो दिन त्यसै बित्छ।

अर्को कुरो मलाई के थाहा छ भने, कसैका किताबको भूमिका अवश्य पढ्ने मान्छे एउटा पुस्तक-लेखक अर्को भूमिका-लेखक मात्र हुन्। यसरी मेरो धेरै समयको मेहनत खालि दुईजना पाठकका लागि मात्र रहेछ। पुस्तक विमोचन समारोहमा बोलिएका कुराको पनि सक्कली श्रोता पाउनु गारो छ। वक्ता सँगसँगै श्रोताहरू पनि ग्याउँग्याउँ बोलिरहेकै हुन्छन्।

साहित्यिकबाहेक अरू राजनीतिक वा गैरसाहित्यिक कार्यकमको पनि निम्तो मान्नुपर्ने खण्ड कहिलेकाहीँ आउँछ। समयमा कार्यक्रम सुरु हुँदैन। बोल्ने वक्ता थुप्रै हुन्छन्। वक्ताले सकेसम्म थोरै समयमा चाहिने कुरा बोलिसक्ने बानी बसाएका हुँदैनन्। बीच बीचमा उद्घोषकले पनि सिङ्गै भाषणका लम्बाइमा आफ्नो प्रतिभा देखाइदिन्छन्। जब म आफ्नो सेवाबाट अवकाश पाएर कामकुरो केही नभेटेर काल पर्खिरहेको हुन्छु, त्यति बेलाचाहिँ यस्ता गोष्ठी र भेला खोजी-खोजी जान भ्याउँछु होला। अहिले त मलाई सारो पऱ्यो। विश्वविद्यालयमा पढाउनु छँदैछ। पिएचडी र एमएका विद्यार्थीलाई अनुसन्धानमा सघाउनु छँदैछ। आफ्नै अनुसन्धान पनि सधैँ भइहाल्छ। त्यसका लागि पढ्ने समय पनि निकाल्नै पऱ्यो। आफ्ना लेख र किताब लेख्ने समय पनि पुऱ्याउनुपऱ्यो। बीच बीचमा बेग्लाबेग्लै मातृभाषामा शब्दकोश र व्याकरण बनाउन चाहनेहरूलाई पनि समय निकाल्नुपर्छ। यसरी म दिनको चौध-पन्ध्र घण्टा खटे पनि आफ्ना दूरगामी योजनाहरू अलपत्र पारेर थप्पडी बजाउन बाध्य छु। मेरो सामाजिक साइनो मलाई गरुङ्गो भइरहेको छ।

एउटा मान्छेका चिनामा पाँच भाइ छोरा लेखिएका थिए अरे, तर उसकी स्वास्नी बीचैमा पोइल गइदिइछ, त्यसैले लोग्ने चाहिँले मेरा चिनाका छोरा चिनैमा रहे भनेर श्रीमतीलाई चिठी लेखेछ। मेरा योजनाका किताब पनि यस्ता थप्पडी बजाउने, शोभा बढाउने र कसैका बेकामे किताबहरूको लाउक्याइँ गर्ने भीडमा सामेल हुने औपचारिकतामा परेर अनि अर्थ न बर्थका किताबहरूको भूमिका लेखिदिने दैनिकीमा परेर स्वास्नी पोइल जाने मान्छेका चिनाका छोरा चिनैमा रहेजस्तै गर्भै तुहुने भए भन्ने पीर लागिरहेको छ। यस आतङ्कबाट जोगिने केही उपाय छ?

**ऐतिहासिक *शारदा* का अङ्कहरू**

**खोजी खोजी पढौं।**

विश्व साहित्य

*जन्म-शताब्दी विशेष :*

# डब्लू.एच.औडेन बीसौं शताब्दीका एक विशिष्ट कवि



शैलेन्द्रकुमार सिंह

## भूमिका :

टी. एस. इलियटपश्चात् बीसौं शताब्दीका सर्वश्रेष्ठ अङ्ग्रेजी कविको नाउँ लिनुपर्दा डब्लु.एच.औडेन (W.H.Auden) को नाउँ निर्विवाद रूपले लिन सकिन्छ ।

औडेनले इलियटले स्थापित गरेको आधुनिकतालाई निरन्तरता मात्र दिएनन् कि कथ्य र शैलीको दृष्टिले अङ्ग्रेजी कवितामा केही नयाँ आयामहरू पनि थपेका छन् ।

## जीवनी:

औडेनको जन्म २१ फरवरी १९०७ मा इङ्गल्याण्डको योर्क भन्ने ठाउँमा भएको थियो । उनका पिता एक चिकित्सक थिए भने आमा नर्स ।

औडेनले विद्यालयको शिक्षा नोर्फोक (Norforlk) स्थित ग्रेशाम्स स्कुल (Gresham's School) मा प्राप्त गरे भने उच्च शिक्षा अक्सफोर्ड विश्वविद्यालयमा ।

पेशागत रूपमा उनले विद्यालयको शिक्षक र अक्सफोर्ड विश्वविद्यालयको कविताको प्राध्यापक भएर काम गरे । उनी एक होमोसेक्सुअल (Homosexual) थिए र अमेरिकी लेखक चेस्टर कौलम्यान (Chester Kallman) सित उनको धेरै वर्षसम्म शारीरिक सम्बन्ध रहिरह्यो । तर उनले प्रसिद्ध जर्मन उपन्यासकार टोमस म्यान (Thomas Mann) की छोरी एरिका (Erika) सित सन् १९३५ मा बिहे गरे ।

औडेनले सन् १९३९ मा इङ्गल्याण्डलाई त्यागेर अमेरिकामा बसोबास गर्न पुगे र सन् १९४६ मा अमेरिकी नागरिक भए ।

औडेनको निधन २८ सेप्टेम्बर १९७३ मा अष्ट्रियाको राजधानी भिएनामा भयो ।

### कृतिहरू :

औडेनले आफ्ना कृतिहरू र आफ्नो काव्यिक यात्रालाई चार चरणमा विभाजित गरेका छन् ।

सन् १९२७ देखि सन् १९३२ सम्म पहिलो चरण, सन् १९३३ देखि सन् १९३८ सम्म दोस्रो चरण, सन् १९३९ देखि सन् १९४६ सम्म तेस्रो चरण र सन् १९४८ देखि १९७२ सम्मलाई चौथो चरणको रूपमा लिन सकिन्छ ।

### प्रथम चरण (सन् १९२७ देखि सन् १९३२ सम्म) :

औडेनको प्रथम चरणका महत्त्वपूर्ण कृतिहरू हुन् *पोएम्स* (Poems; 1930), *द ओरेटर्स* (The Orators ; 1932) र *द एसेन्ट अफ एफ ६* (The Ascent of F6; 1936 )

*पोएम्स* भन्ने कवितासङग्रह एकातिर प्रेमका अँध्यारो पक्षमा केन्द्रित छ भने अर्कोतिर यसमा इङ्गल्याण्डको आध्यात्मिक पतनबारे व्यङ्ग्य गरिएको छ ।

*द ओरेटर्स* भन्ने कवितासङ्ग्रहले *पोएम्समा* अभिव्यक्त प्रेम र आध्यात्मिक पतनबारे औडेनको दृष्टिकोणलाई उत्कर्षमा पुऱ्याएको छ ।

*द एसेन्ट अफ एफ-६* एउटा काव्य-नाटक हो र यसमा बहुआयामिक पक्षहरू छन् । एकातिर यसले औडेनको काव्य शक्तिलाई प्रतिविम्बित गर्छ भने अर्कोतिर सञ्चार माध्यमको युगमा काव्य-नाटक कस्तो हुनुपर्छ त्यसको यो एउटा उत्कृष्ट नमूना हो । यो नाटक औडेनले क्रिष्टफर आइशरउडसित संयुक्त रूपमा लेखेका छन् ।

### दोस्रो चरण (सन् १९३३ देखि सन् १९३८ सम्म) :

औडेनका दोस्रो चरणका मुख्य कृतिहरू हुन् *लुक, स्ट्रेन्जर !* (Look, Stranger!; 1937 ) र स्पेन (Spain; 1937) । यी सङ्ग्रहहरूका कवितामा औडेनले पूजीवादी व्यवस्थाका कुरूप पक्षहरूलाई उजागर गरेका छन् भने अधिनायकवादी व्यवस्थाको उदय हुने खतराप्रति सचेत गराएका छन् ।

यो चरण औडेनका लागि त्यो अवधि हो जब उनी मार्क्स र फ्रायडका दर्शनबाट प्रभावित थिए ।

### तेस्रो चरण (सन् १९३९ देखि सन् १९४७ सम्म):

औडेनका तेस्रो चरणका मुख्य कृतिहरू हुन्: *अनदर टाइम* (Another Time; 1940) *द डबल म्यान* (The Double Man: 1941), *फर द टाइम बिइङग* (For the Time Being 1940) र *द एज अफ एक्जाइटी* (The Age of Anxiety; 1947) ।

*अनदर टाइममा* औडेनका श्रेष्ठ गीतहरू र सम-सामायिक विषयमा लेखिएका कविताहरू सङ्कलित छन् ।

*फर द टाइम बिइङग* सङ्ग्रहको त्यही शीर्षकको कवितामा औडेनका धार्मिक विचारहरू प्रतिविम्बित छन् । त्यही सङ्ग्रहको *द सी एण्ड मिरर* (The Sea and the Mirror) शीर्षक कवितामा उनको सौन्दर्य-शास्त्र अभिव्यक्त भएको छ । र, *द एज अफ एंक्जाइटी* सङ्ग्रहको त्यही शीर्षकको कवितामा उनका सामाजिक र मनोवैज्ञानिक धारणाहरू प्रस्तुत भएका छन् ।

समग्र भन्दा, तेस्रो चरणका कवितासङ्गहरूमा सन् १९४१ पछि औडेनका जीवनप्रति दृष्टिकोणमा तथा धार्मिक र बौद्धिक दृष्टिकोणमा आएका महत्त्वपूर्ण परिवर्तनहरू प्रतिविम्बित भएका छन् ।

### चौथो चरण (सन् १९४८ देखि सन् १९७२ सम्म) :

औडेनका चौथो चरणका महत्त्वपूर्ण कृतिहरू हुन् : *द शिल्ड अफ एकिलिज* (The Shield of Achilles; 1965), छुटेको छ । *सिटी विदाउट वाल्स* (City Without Walls; 1969) *एपिसल टु अ गौडसन* (Epistle to a Godson; 1972) ।

औडेनका चौथो चरणका काव्य-सङ्ग्रहरूले कथ्यको दृष्टिले, शैलीको दृष्टिले र विचारको दृष्टिले औडेनका काव्य-यात्राको चक्रलाई पूर्णता दिएको छ र उनलाई बीसौं शताब्दीको एउटा महत्त्वपूर्ण कविको रूपमा स्थापित गरेको छ ।

औडेनका चौथो चरणका कविताहरूको एउटा विशेषता के हो भने यी कविताहरूमा उनी एउटा मानवतावादीको भूमिकामा प्रस्तुत भएका छन् र मानिसलाई उनको वरिपरिको संसारसितको सम्बन्धको सन्दर्भमा परिभाषित गर्न खोजेका छन् । *द शील्ड अफ द एक्लीज* कवितासङ्ग्रहका दुई कविता-*बुकोलिज* (Bucolies) र *होरेस क्यानोनिके* (Horace Canonicae) ले उनको मानवतावादी दृष्टिकोणलाई सशक्त रूपले प्रतिविम्बित गरेका छन् । त्यसैगरी, त्यसै सङ्ग्रहको *द शिल्ड अफ एक्लीज* भन्ने शीर्षक कविता पश्चिमी समाजको हिंसाको संस्कृतिप्रति एउटा मौन ध्यान हो ।

यो अवधिमा औडेनले *ओपेरा लिबेरेटोज* (Opera librettos) पनि लेखेका छन् । जस्तो कि, *आइगर स्ट्राभिन्सकी* (Igor Stravinski) को लागि *द रेक्स प्रोग्रेस* (The Rake's Progress;1951) *ह्यान्स बरनर हेन्ज* (Hans Werner Henz) को लागि *एलेजी फर यंग लभर्स* (Elegy for young Lovers; 1961) र *द बेसारिड्स* (The Bessarids; 1966) र *निकोलस नाबोकोव* (Nicolas Nabokov) को लागि *लभ्स लेबर्स लौस्ट* (Love's Labour's Lost, 1973) ।

## विचार :

औडेनको विचारमा कविता भनेको 'ज्ञानको एउटा खेल' हो । यसैगरी उनको के विश्वास थियो भने प्रत्येक कविताले कविलाई एउटा नयाँ तकनीकी चुनौती प्रस्तुत गर्दछ । र, कविले नयाँ ढङ्गले त्यस चुनौतीको सामना गर्नुपर्दछ ।

सन् ३0 को दशकमा औडेनले कविताको शक्तिको सन्दर्भमा के विश्वास गरेका थिए भने कविताले कुनै पनि देशको सामाजिक, राजनीतिक रूपान्तरमा ठूलो भूमिका खेल्न सक्छ । तर तेस्रो चरणसम्म आइपुग्दा कविताको त्यो शक्तिबारे उनको मोहभङ्ग भइसकेको थियो । यो अवधिमा मार्क्सवादी चिन्तनप्रति पनि उनको मोह भङ्ग भइसकेको थियो । जीवनप्रति नयाँ परिवर्तित दृष्टिकोणमा औडेनले जीवनको सार्थकता कुनै राजनीतिक वादमा होइन कि अध्यात्मवादमा देखे । त्यसै कारणले होला उनले आफ्नो अनीश्वरवादी विचारधारालाई त्यागेर ईसाई धर्मलाई स्वीकारे र त्यस धर्मको मर्मप्रति जीवनभर निष्ठावान् रहे ।

## उपसंहार :

कथ्यको दृष्टिले, शैलीको दृष्टिले र विचारको दृष्टिले जति धारहरू औडेनको कवितामा पाइन्छन् त्यो अन्य अङ्ग्रेजी कविहरूमा दुर्लभ छ ।

एकातिर उनले क्लिष्ट विम्बहरूले भरिएका जटिल कविताहरू लेखेका छन् भने अर्कोतिर सरल, कोमल गीतहरू ।

एकातिर उनले अन्य लामा-लामा कविताहरू रचेका छन् भने अर्कोतिर हाइकु (Hiku) शैलीमा अत्यन्त साना-साना कविताहरू ।

एकातिर उनले व्यङ्ग्य र आक्रोशले भरिएका राजनीतिक कविताहरू लेखेका छन् भने अर्कोतिर अवचेतन मनमा आधारित मनोवैज्ञानिक कविताहरू ।

एकातिर उनले अनीश्वरवादी प्रगतिशील कविताहरू लेखेका छन् भने अर्कोतिर धार्मिक चिन्तनमा आधारित कविताहरू ।

त्यसैगरी, औडेनले कविताको माध्यमबाट अङ्ग्रेजी भाषाको आन्तरिक शक्तिको हरेक पक्षबारे अन्वेषण गरेका छन् र त्यो शक्तिलाई उजागर गरेका छन् ।

समष्टिमा भन्नुपर्दा, औडेनको कविता कथ्यगत विविधता, वैचारिक विविधता र शैलीगत विविधताको एउटा अनौठो सङ्गम हो । र, यही कारणले उनी बीसौं शताब्दीका एउटा विशिष्ट कवि बन्न पुगेका छन् ।

डब्लू.एच. औडेनको एउटा कविता '*अज्ञात नागरिक*

*तथ्याङ्क शाखाको उनको बारेमा के निष्कर्ष छ भने*
*उसको विरूद्धमा कुनै औपचारिक गुनासो थिएन*
*र उसको आचरणसम्बन्धी सारा प्रतिवेदनहरूले के पुष्टि गर्छन् भने*
*एउटा पुरातन शब्दको आधुनिक अर्थमा*
*उ एउटा धर्मात्मा थियो ।*
*किनभने उसले गरेका प्रत्येक क्रियाकलाप*
*बृहत्तर समुदायको सेवामा समर्पित थियो ।*
*युद्धको बेलाबाहेक सेवाबाट अवकास पाएको दिनसम्म*
*ऊ एउटा फ्याक्ट्रीमा कार्यरत थियो*
*र उसलाई कहिले पनि जागिरबाट निकालिएन.*
*बरू उसले आफ्नो रोजगारदाता फज मोटर कम्पनीलाई*
*सन्तुष्ट पारेको थियो ।*
*र पनि ऊ हड्तालमा सामेल नहुने कर्मी थिएन*
*र उसका कुनै पनि विचारहरू अनौठो खाले थिएन,*
*किनभने उसको सङ्गठनले के विवरण दिएको छ भने*
*उसले तिर्नुपर्ने रकमहरू तिरैकै थियो ।*
*उसले समयअनुसार आफ्ना उचित विचारहरू राख्ने गर्दथ्यो ।*
*शान्तिको बेला ऊ शान्तिको पक्षमा हुन्थ्यो*
*र युद्धको बेला ऊ लड्न जान्थ्यो*
*ऊ विवाहित थियो*
*र जनसङ्ख्यामा आफ्ना पाँच ओटा सन्तानहरू थपेको थियो,*
*जुन कि हाम्रा सजनन् वैज्ञानिकअनुसार*
*उसको पुस्ताका आमा-बाबुका लागि*
*एउटा सही सङ्ख्या थियो,*
*र हाम्रा शिक्षकहरूको प्रतिवेदन के छ भने*
*उसले आफ्ना सन्तानहरूको शिक्षामा कहिले पनि हस्तक्षेप गरेन ।*
*के ऊ स्वतन्त्र थियो ? के ऊ सुखी थियो ?*
*यो प्रश्न एउटा निरर्थक प्रश्न हो,*
*उसको जीवनमा कुनै बेठीक कुरा घटित भएको भए*
*हामीले अवश्य पनि थाहा पाउँदथ्यौं ।*

*(अनुवादः शैलेन्द्र कुमार सिंह)*

साहित्यिक आन्दोलन

# अस्वीकृत आन्दोलन



डा. कविताराम श्रेष्ठ



## परिचय

साहित्य एउटा भाषागत कलात्मक अभिव्यक्तिको माध्यम हो । साहित्य पुराना सूत्रहरूको रटान वा प्रयोगमा आधारित सृजना मात्र होइन । समयसमयमा यसका परिभाषाहरू फेरिँदै जालान् पनि । तर यो सोच अरूलाई मान्य नहुन सक्छन् । अस्वीकृत हुन सक्छन् । वास्तवमा यही सोचबाट 'अस्वीकृत आन्दोलन'को प्रादूर्भाव भएको हो । स्वभावत: अस्वीकृत आन्दोलनको के सोच छ भने पुरानै इँटामा हामीले नयाँ इँटा थप्दै जाने हो भने त्यो साहित्य, सिर्जनशील साहित्य हुनुको अर्थ रहँदैन । नयाँ सोँचको निर्माणमा पुराना सोँचको अनुभवले काम त गर्ला तर नयाँ वास्तुकलामा पुरानो इँटाले काम गर्दैन । अर्थात् रकेट इन्जिनमा गोरुगाडाको पहियाले काम गर्दैन । साहित्यको अभीष्ट निर्माण हुनुपर्छ र त्यसमा नवीनता हुनुपर्छ । नवीनता चाख र स्वादमा होइन मानवोचित स्वाभाविक समाज निर्माणमा हुनुपर्छ । जसरी हरेक मान्छेले आफ्नो उपस्थितिको जनाउ दिन सक्नुपर्छ त्यसरी हरेक साहित्यिकले पनि आफ्नो पहिचान दिन सक्नुपर्छ । नत्र ऊ त्यो ठूलो भीडमा साहित्यिक हुनुको केही अर्थ रहँदैन । साहित्यिक उसको साहित्यमा जीवित हुन्छ, साहित्यचाहिँ निर्माणमा ।

## अस्वीकृत साहित्यको मान्यता वा दर्शन

पुराना जीर्ण अनुपयोगी मान्यताहरूलाई अस्वीकार गर्दै स्वाभाविक मान्यताको प्रतिपादनको लागि सङ्घर्ष अस्वीकृत साहित्यको अभीष्ट हो । यही सूत्रअनूरूप यस चिन्तनलाई स्वभाववादी चिन्तन भन्ने गरिएको छ । स्वभाववादी चिन्तन एउटा सामाजिक चिन्तन हो । साहित्यिक माध्यमबाट यो सङ्घर्ष आन्दोलित हुँदा यसलाई अस्वीकृत

साहित्य भनेर नाम दिइएको हो । अतः अस्वीकृत साहित्यको मान्यता कलात्मक अभिव्यक्तिका साथ अनुपयोगी मान्यतालाई धरासयी गर्दै जीवनोपयोगी मान्यता प्रतिपादन गर्नु रहेको छ । स्वभाववादी चिन्तनबाट निसृत अस्वीकृत साहित्यले वस्तुगत दृष्टिकोण राख्दछ, पार्थिव इन्द्रियद्वारा प्रत्यक्ष अनुभूत नहुने तथ्यहरूलाई प्रमाणिक मान्दैन, आफू उभिएको भूमिबाट जीवनको परिभाषा लेख्दछ, भौतिक आवश्यकताको परिपूर्ति मान्छेको सही र प्रथम आवश्यकता हो तथा सम्पूर्ण मानवजातिको त्यसमा समान अधिकार छ भनेर मान्दछ । पूर्ववर्ती समस्त उपयोगी मान्यताहरूको जगमा नयाँ प्रगतिशील मान्यताहरूको प्रतिपादनको लागि यसले बाटो प्रशस्त गर्दछ ।

## अस्वीकृत जमातको साहित्यिक उपादेयता

अस्वीकृत जमातले सुरु (०२६) देखि नै पूर्ण रूपमा जीर्ण मान्यताहरूको जग हल्लायो । पुरातनवादका पृष्ठपोषकहरू तिलमिलाए । तत्कालीन पञ्चायती व्यवस्थाविरुद्धका सङ्घर्षको अभीष्टलाई टेवा पुऱ्यायो । सबैभन्दा महत्त्वको कुरो कार्यगत एकताको लागि एउटा नमूना नै भयो- काङ्ग्रेस, कम्युनिस्ट वा स्वतन्त्र सबै किसिमका सहयोद्धाहरूको सहभागिता थियो यस साहित्यिक आन्दोलनमा । साहित्यले समाजमा अगुवाको काम गर्नुपर्छ । यहाँ भयो यस्तै- पहिले यस जमातले निरङ्कुश मान्यताहरूको विरुद्ध सङ्घर्षमा संयुक्त मोर्चा कस्यो । राजनीतिक परिसरमा त २० वर्षपछि वि.सं. २०४६ मात्र यो संयुक्त आन्दोलन देखा पऱ्यो । अस्वीकृत जमातको साहित्यिक उपादेयता यही भयो, यस जमातले साहित्यले समाजलाई अगुवाई गर्नुपर्ने अभीष्टअनुरूप समाजलाई नै मार्गनिर्देशन गऱ्यो । अस्वीकृत आन्दोलन नेपालमा कार्यगत एकताको पहिलो नमूना हो- यस दृष्टिकोणले नेपाली इतिहासमा यो सुनौला अक्षरले लेखिनु पर्छ ।

## अस्वीकृत मान्यताको र त्यसको सम्भावना

अस्वीकृत मान्यता हर समय हर कालमा रहन्छ । एउटा सबल मान्यता सधैं अस्वीकृत रहँदैन । त्यो स्वीकृतिको लागि सङ्घर्ष गर्दागर्दै एक समयमा विजय प्राप्त गरी स्वीकृत हुन्छ । हर पक्षका सुधारका विकल्पहरू हुन्छन् । विकल्प परिस्कारको लागि उत्पन्न हुन्छ । परिस्कारको थालनी एउटा अस्वीकृत स्थिति हो । स्वीकृत स्थितिले त्यसलाई स्वीकार्दैन, अतः त्यो अस्वीकृत रहन्छ । जबसम्म विकासको चाहना हुन्छ त्यहाँ परिस्कारको लडाइँ हुन्छ । मान्छे भन्ने चेतनशील प्राणीमा हरदम विकासकै चाहना हुन्छ, त्यसै मानेमा अस्वीकृत आन्दोलन कुनै पनि समाजमा कुनै पनि युगमा सधैं हुने एउटा प्रकृया हो- विकासको शास्वत प्रकृया । यो थियो, छ र हुनेछ । यसमा उठाएका केही मान्यताहरूको मात्र यो लडाइँ होइन विकास तथा परिवर्तनको लागि यो आन्दोलन हो । यो आन्दोलन अनवरत रहिरहन्छ । यसको अन्त्य छैन, कुनै पनि मान्यताले स्वीकृति पाउनेबित्तिकै त्यसैको सुधारको लागि अर्को आन्दोलन सुरु हुन्छ ।

गतिशील, प्रगतिशील तथा विकासशील समाजमा प्रगतिको वा परिवर्तनको लागि चाहना हुने हुँदा त्यहाँ द्वन्द्वको स्थिति हुन्न । द्वन्द्व नभएपछि त्यहाँ अस्वीकृत आन्दोलन तीव्र हुँदैन । हाम्रोजस्तो गतिहीन पुरातनवादी बन्द-समाजमा अस्वीकृत आन्दोलन उग्र र तीव्र रहिरहन्छ, किनभने त्यहाँ नयाँ सोँचको मर्दन हुने गर्दछ । व्यक्तिमा पनि त्यही नियम लागू हुन्छ । एउटा पङ्गु, निचेष्ट, हरुवा, नोकर मनस्थितिको व्यक्तिमा विकास वा प्रगतिका चाहना हुन्न । उनमा विद्रोह गर्ने सोँच, आँट र हुती हुँदैन । त्यसैले यस्तामा अस्वीकृत मान्यताहरू सबल हुन्नन् । जुन बेला एउटा व्यक्तिले सम्भ्यो, उसका मान्यताले स्वीकृति पायो त्यहीं उसको विकास अवरुद्ध भयो ।

## अस्वीकृत मान्यताको प्रयोग

विभिन्न कृतिहरूमा अस्वीकृत मान्यताहरूका प्रतिपादन र त्यसैमा प्रयुक्त सङ्घर्षका कथाहरूका भावहरूमा अस्वीकृत मान्यताहरू समाविष्ट छन् ।

विज्ञानसाहित्यमा– अस्वीकृत मान्यता भौतिक र वैज्ञानिक सोचमा आधारित छ । त्यसैले विज्ञानकथा एउटा माध्यमको रूपमा लिइएको छ । विज्ञानकथा पूर्ण

रूपमा आफै अस्वीकृत मान्यताका विधा हो । विज्ञानकथा मनोरञ्जनको लागि भनेर काल्पनिक हिसाबमा पेश छैन । मन-मस्तिकले भ्याएसम्म धेरै अध्ययन गरेर गरिएका छन् ।

बालसाहित्यमा– अस्वीकृत विषयका विद्रोहहरू यिनमा समाविष्ट छैनन् । बालसाहित्यमा वस्तुगत र विज्ञानसम्मत सोचहरू अगाडि बढाइएका छन् । अस्वीकृत मान्यताका अभीष्ट- 'वस्तुगत अध्ययन, अवलोकन र ग्रहण' यिनका सिद्धान्त मात्र यसमा प्रयुक्त छन् । विसङ्गतिका दुरुह वीभत्सताहरू बालमनोविज्ञानमा नकारात्मक असर पार्ने कारक तत्व हुनसक्ने हुँदा यी कुराहरू पस्किने कुरो आएन ।

संस्कृतिसाहित्यमा– संस्कृतिसाहित्यका लक्षित पाठकहरू भनेको पुरातन सोचका पाठकहरू हुन् । उहाँहरूले देख्ने गर्नुभएका वस्तुगत कुराहरूका कारक तत्वलाई पारलौकिक शक्ति मान्ने सोचको हनन गर्न यसमा पुराना कथाहरूलाई वस्तुगत चिरफार गरी तिनलाई पाठकसमक्ष प्रस्तुत गर्ने प्रयत्न गरिएको छ । प्रत्येक लेखलाई आवधिक गर्न वर्षौंसम्म परिष्कारगर्दै आइएको छ ।

यौनसाहित्यमा– यौनसाहित्यलाई मान्ने तत्कालीन संस्कृतिका विरुद्ध यौनविषय मैला होइन, प्रजनन स्वास्थ्यको लागि यो अपरिहार्य विषय हो भन्ने मान्न र मनाउन ती परम्परावादीहरूलाई उनीहरूकै निधि, धार्मिक तथा लोककथा र लोकविश्वासमा आधार गरेर लेख वा कथाहरू लेखिएका छन् । आज परम्परावादीहरूसँगको त्यो सङ्घर्ष प्रायः सिद्धिसकेको छ । आज यौन प्रसङ्ग आउँछ भने परम्परावादी पाठक यसका लक्षित समूहमा पर्दैनन् । विषय (प्रजनन स्वास्थ्य) को प्राथमिकता त्यसमा लक्षित छन् ।

आन्दोलनको नेतृत्वमा– माथि पनि भनियो, परिस्कारको खोजी नै अस्वीकृत आन्दोलन हो । जबसम्म समाज निरन्तरित रहन्छ यो कुनै पनि नाममा होस् निरन्तरित रहनेछ ।

## उपसंहार

कुनै योजनाबेगर मान्छेको जिन्दगी पाइएको छ । यो जिन्दगीको लागि कसैको पनि पूर्वयोजना हुँदैन । कसैलाई पनि पहिले नै चिनेर मायाले पूर्वयोजनासाथ यस भौतिक संसारमा अवतरण गराएका होइनन्, कुनै भगवान्को वरदानबाट यहाँ अवतरण भएको होइन र आफ्नो बलले पनि यहाँ आएका होइनन् । स्पष्ट छ, काकतालीले सबै यहाँ उत्पन्न भए । तथापि कसैप्रति पनि अनगृहीत छैन भनेर भन्नचाहिँ सकिन्न । मातापिताले आफ्नो मनोरञ्जनकै क्रममा किन नहोस्, नजानेरै वा थाहाबेगर नै किन नहोस् सन्तान उत्पन्न गराए । जीवन दिए । सन्तान उत्पन्न गराउने पिताका शुक्रकीट र माताका डिम्बप्रति सबैले भन्नैपर्छ म अनुगृहीत छु । यस संयोगप्रति सबै अनुगृहीत हुनैपर्छ । मातापिताका शरीरप्रति हेर्नेहरू अनुगृहीत छन्- उहाँहरूलाई उत्पन्न गराउने सम्पूर्ण वंशप्रति जो पनि अनुगृहीत छन् । यसो भन्दा थपेरै भन्नुपर्छ मानववंश र पृथ्वीप्रति नै सबैमान्छे अनुगृहित छ । र, पृथ्वी उत्पन्न गर्ने ब्रह्माण्ड र सारांशमा सम्पूर्ण त्यस परिस्थितिप्रति अनुगृहीत छ ।


काकतालीले कुकुर वा कीराफटयाङ्ग्रा पनि हुन सकिन्थ्यो तर मान्छे हुँदा हामीलाई 'सोच' प्राप्त छ । त्यस चीजले मान्छेलाई 'मान्छे' हुनुको भिन्नता दिएको छ । 'मान्छे' भएर बाँच्ने एउटा चेत दिएको छ । आफूलाई जसरी हुन्छ कुकुरभन्दा वा कीराफटयाङ्ग्राभन्दा फरक पार्नु छ । यही दृष्टिकोणका साथ अस्वीकृत आन्दोलनको घोषणापत्रले भनेको छ- "यहाँ जन्मेर खाने, मोजमस्ती गर्ने, सन्तान उत्पत्ति गर्ने, अनि मर्ने मात्र हो भने मान्छे भएर जन्मेको अर्थ केही रहदैन ।"



$(a+b)^2$ = हामी कहिले पनि बिर्सिन्नौं
Active
SOCIAL STUDIES
नेपाल-भारत सहयोग
नेपाल सरकार-भारत सरकारको आयोडिनको कमीबाट हुने विकृति निवारण योजना
आयो नून औषधिको गुन
बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक क्षमता बढ्छ ।
बोलि नफुट्ने, कान नसुन्ने, होचोपन र टेढोपन
जस्ता विकृतिबाट जोगिन्छन् । IQ Level बढ्छ ।
आयोडिनको कमीले हुने विकृति उपचार गरेर हटाउन सकिँदैन ।
त्यस्ता विकृति आउन नदिने एकमात्र उपाय आयोनूनको प्रयोग हो।
दुई बालबालिका चिन्ह अंकित
आयोडिनयुक्त पाकेटका नून सधैं प्रयोग गर्नुस् ।
सॉल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड

नियात्रा

# बखरीका आली आली


नगेन्द्र

यस पालाको भ्रमणमा एउटा रमाइलो अनुभव भयो । त्यो अनुभव थियो भारतीय पुलीसका एक जना आईजीपी (इन्सपेक्टर जेनेरल अफ पुलीस) सँगको भेट । उनी रहेछन् श्री सीपी गिरि । मान्छे सिक्किम राज्यका, हाकिमचाहिँ नागाल्यान्ड राज्यका । नेपालमा होस् वा भारतमा, पुलीसका उच्च अधिकृतहरूसँग भेट हुनु आफैमा कुनै अनौठो कुरा त होइन । तर गिरिजीचाहिँ चानचुने पुलीस हाकिम रहेनछन् । कुन अर्थमा भने, उनी फुर्सदका समयमा फिल्म निमार्ण गर्ने काममा जुट्दा रहेछन् । अर्थात् पेशाले पुलीस, रुचिले कलाकार । पाइँदा हुन् त्यस्ता अरू व्यक्तिहरू पनि । तर मेरो निम्ति भने यो एउटा अभूतपूर्ण अनुभव नै हुनगयो ।

अर्को अचम्म ! सिक्किम घर भएका नेपालीभाषी मान्छेले निमार्ण गरेका फिल्मचाहिँ कुचबिहारी भाषामा । मातृभाषा नेपालीमा बनाएका भए पनि एउटा कुरा । नत्र सिक्किममा चलेका लिम्बू वा लाप्चे भाषामा भएको भए पनि तै बरु । बृहत बजार ओगटेको हिन्दी भाषामै भए पनि पैसा कमाउने इच्छाले भन्न सकिन्थ्यो । तर ती सब कुनै भाषामा नगरेर काचेमेचेजस्तो राम्ररी नाम पनि नसुनेको भाषामा ! अनौठै होइन त ?

त्यस फिल्मका एक प्रमुख अभिनेता मुक्तिभाइ पनि रहेछन् । त्यो रात गिरिजी र मेरो गाँस-बास पनि मुक्तिभाइकोमै भएकाले त्यो फिल्मको सीडी हेर्ने सौभाग्य पनि मिल्यो । मजस्तो सिनेमा त्यति हेर्न नरुचाउने व्यक्तिलाई पनि रमाइलै लाग्यो । आफ्नै मान्छेहरूले भएकोले पनि राम्रो लागेको हो कि ? अर्थात् सब्जेक्टिभ दृष्टिकोणले । मुक्तिभाइको मेजमानको रमझमले पनि मन पराउन थप बल मिलेको हुनसक्छ ।

त्यसै समयमा सिलिगुडी क्षेत्रमा अर्को एउटा फिल्मको सुटिङ पनि चलिरहेको रहेछ । त्यसको भाषा

पनि त्यस्तै कम प्रचलित । कोचिला, आदिवासी, धांगड, थारू, खादि के हो कुन्नि । त्यसकी हिरोइन चैं मेलिना मानन्धर रे, काठमान्डूबाट आएकी । मुक्तिभाइले पनि त्यसमा एउटा भूमिका खेलेका रहेछन् । मलाई पनि हेर्न मन लाग्यो । सिलिगुडीबाट तीनपाङ्ग्रे टेम्पोमा कदममतलासम्म पुग्यौं । त्यसपछि अझ पर कोमल जोत नामक अलि अनकन्टार लाग्ने ठाउँसम्म पैदल मार्च ।

हामी पुग्दा साँझ पर्नपर्न लागेको थियो । अस्ताचलतिर लागेका घामले आकाशै पहेंलपुर पारेको । धेरैजसो फुस वा खरका छाना भएका घरहरू र धान काटिसकेर खाली छोडिएका खेतबारीमा गोंधूलीको मधुरो घामछायाँमा शान्त रौनक । हामी पुग्दा सुटिङ भइरहेको थियो । कतै देहाती गाउँले सोझा नरनारीहरू, कतै ससाना सिंगाने केटाकेटीहरूको हूल । एउटा ठूलै मेला हेर्न झुरुम्म भएका जस्तै ।

घाम गैहाल्ला भनेर होला, मुक्तिभाइलाई देख्नासाथ मेकअप म्यानले उनको अनुहारलाई सिंगार्न १५ मिनट जति खर्चियो । भाइको त्यसै पनि राम्रो मुहार झन् झिल्के भएर आयो । तर तिनले गरेको मिहनत व्यर्थै खेर गयो । अस्ताउँदो घामको पृष्ठभूमि पारेर उनको टेक लिनुपर्ने रहेछ । तर घाम त अस्ताइसकेको थियो ।

त्यस सुटिङको क्रममा अरू नौला र रमाइला व्यक्तिहरूसँग पनि भेट भयो । तीमध्ये एक थिए मुकेश ढकाल, काठमान्डू चाबेलका । त्यस फिल्मका हिरो रे । सुन्दर र सलक्क परेको गोरो मुखाकृति, अग्ला र आकर्षक व्यक्तित्व । फिल्मस्टार बन्नै जन्मेका हुन् कि जस्ता ।

अर्का युवक थिए कोरियोग्राफर कमल राई । पोक्चे गाला र गोलो अनुहार भएका, मोटमोटा । खाइलाग्दो जीउडालको, स्वर भने अलि मसिनु । तर बोल्नका खरा र हकी । खासगरी यस काम बिगार्नेहरूको सातो खाइदेलान् जस्तागरी कराउने । त्यो फिल्म युनिटको कुनचाहिँले के काम बिगारेर हो, अस्ताउँदो घाममा खिच्नुपर्ने सीन पूरा हुन सकेन भनेर सबैको सातो लिइरहेको थिए ।

'गर्छन् यस्ता सडक हगुवाहरूले काम ? यी रेलको लिकहगुवा सालेहरूबाट कुनै काम हुँदैन ।' सायद सेट् मिलाउनेजस्ता ससाना काममा खटाइएका स्थानीय मधिसे कामदारहरूप्रति उनका शब्दवाण प्रहार भइरहेथे क्यार । पछि थाहा पाएँ, उनी पनि खरसाङकै रहेछन् । बीस वर्षको अनुभव सँगालेका रहेछन् कोरियोग्राफरको रूपमा । नेपालको चलचित्र क्षेत्रमा राम्रो पकड छ रे । त्यसै अनुभवको आधारमा सबैलाई कज्याउने हैकम राख्ता रहेछन् क्यार ।

मेचीपारबाट केही दिनमै बिराटनगर फर्किएँ । फर्किने क्रममा अर्को नौलो कुरो पनि देखें । धुलाबारी र काकरभित्ता बजारतिरका प्रायः सबै घर र पसलहरूका छतछतमा थरीथरीका सानासाना एन्टेना ठडिएका । पहिले त नयाँ किसिमका टीभी एन्टेना आउन थालेछन् भन्ठानें । तर टीभीका रहेनछन् । ती त विभिन्न भारतीय मोबाइल फोनका एन्टेना पो रहेछन् । यसको अर्थ, त्यतातिरबाट भारतका विभिन्न ठाउँमा ट्रङ्कल गर्नै नपर्ने भएछ । सामान्यै (लोकल) महसुल तिरेर ती मोबाइलबाट भारतमा समेत फोन गर्न पाइने । गैरकानूनी त हुँदैहो, तर थुनछेक गर्ने निकाय पनि त हुनुपर्छ नि ! नत्र त कसैको डर न भर । खास प्रजातन्त्र त्यहाँ पो आएछ जस्तो लाग्यो ।

बिराटनगरमा पुगेपछि फेरि कल्पना नानीको आतिथ्य । बिराटनगरको बखरी भन्ने ठाउँमा पनि स्व. गणेशभाइले नै अर्को पनि एक टुक्रा जमीन हाम्रै नाममा लिइराख्दिनु भएको थियो । ०४६ सालमा, अर्थात् झण्डै बीस वर्षअघि । तर फेरि आखिर मेरै लापर्वाहीले त्यो कहाँ पर्छ भन्नेसमेत मलाई थाहा थिएन । कुन्ताको मेरोजस्तो तातो न छारो मानसकिता, त्यहीमाथि बिराटनगरवासी एक भान्जाले त भनेका पनि थिए- मामा, त्यो ठाउँ खोज्नपट्टि नलाग्नुहोस् । हामी स्थानीय बासिन्दाहरू त आजसम्म त्यहाँ पुग्नसकेका छैनौं, तपाईंले के फेला पार्नुहोला ? बूढो शरीरलाई बेकारको सास्ती मात्र हुन्छ ।

मैले पनि मन मार्नै लागेको थिएँ । तर धन्न, यस विषयमा पनि शैलेन्द्रजीबाट फेरि सहयोग पाइयो । मलाई मोटरबाइकमा सँगै चडाएर नापीशाखामा पुगे । त्यहाँ आफै तीन घण्टा नापी शाखाभित्र खटेर बल्ल

नक्सा निकालेछन् । उनलाई बाहिर पर्खिरहेको म अब बल्ल घरतिर लाग्नुपर्ला भनेर के उठेको थिएँ, उनी त उल्टो भन्न पो लागे-बुवा, मलाई अब अन्दाज भयो, हिड्नुहोस् मसँग ढुक्क भएर ! म तपाईंलाई त्यो ठाउँ देखाएरै छोड्छु ।

अनि थालियो करिब आधा घन्टाको मोटरसाइकल यात्रा । दश मिनट जति त पीच सडक रहेछ । त्यसपछि खाल्डा र खुल्डीले भरिएको ग्राभेल गाउँले गोरेटो । गोरु र भैंसीगाडाको पाङ्ग्राले समानान्तर तर गहिरो लीक कोरेको लाटाको धोतीजस्तो । दाहिने बाँया हेर्दा नाङ्गै-भुतुङ्गै, मैलाकुचैला, सिँगाने देहाती नानीहरू हाम्रो अघिपछि रमाउँदै दौडेका । साँघुरो बाटोको दुवैतिर गाईभैंसीतन्त्र । मोटरसाइकल चढ्ने बानी नपरेको मेरो बूढो शरीर झन्नै थिल्थिलो भइसकेको थियो ।

शैलेन्द्रजीले एक ठाउँ त्यो वाहन पार्क पारे । अब पैदल मार्च सुरु भयो । आली नै आली र गरैगरा हिंड्दै गयौं । वरिपरि बाक्लै लगाइएका उखुखेती बीचोबीच करिब एक किलोमिटर त छिचोल्यौं पनि । कहाँ गणेशभाइको सिसौवन लगाउने सपना, कहाँ त्यो उखुवारी, हरे ! रुनै मन लाग्ने सिरूपाते खुकुरीजस्ता धारिला र लामालामा उखुका पातहरूले अनुहार काट्लान् भन्ने डर लागेर दुवै हातले ती पातहरू पन्छाउँदै हिंडियो । हैरानी त भयो नै ।

केसरिया नामक खोलाको बगरैनजिक रहेछ त्यो हाम्रो जग्गा । हिउँदका दिन भएकोले खोलामा पानी छँदै थिएन । खेतआलीहरू पनि सुख्खै थिए । त्यहाँ नजीकै दुइचार जना थारू दनुवारजस्ता देखिने किसानहरू कार्यरत थिए ।

शैलेन्द्रजीले स्थानीय बोलीमा एक बूढालाई सोधे, 'किरणसिंहले जोतेको खेत कुन हो ?'

औंलाले अलिपर देखाएर बूढाले भने, 'त्यही हो ।'

'किरण कहाँ छ ?'

'ऊ त उहिल्यै मरिसक्यो ।'

'घरमा कोको छन् त ?'

'तीन भाइ छोरा छन् ।'

उनीहरूबीच यस्तै कुरा हुँदैथियो । मलाई भने दिक्क लागेर आयो । सोचें, यो तथाकथित आफ्नो जग्गाको पछि लाग्नु व्यर्थको झम्मार रहेछ ।

'बरु यिनै मोहीहरूलाई दान पो दिइहालौं कि ज्वाइँ ? लन्ठै साफ, कसो ?' मैले शैलेन्द्रजीलाई सोधें ।

'होइन बुवा, हतार नगरिहालूँ । हामी केही दिन हेर्छौं र सुझाव दिउँला ।'

निक्कै बेर हिंडेको धपेडीले होला, असाध्यै तिर्खा लागेको थियो । मुख त भिजाउनै पर्‍यो । फेरि शैलेन्द्रनजिकै शरण परें । उनले अधिकै किसानलाई अह्राए, 'एक एक लाँक्रो उखु ताछ्न लगाउन है ।'

एउटा ठिटोले तुरुन्तै हँसियाले ताछेर दुइ लाँक्रा ल्याइ पनि हाल्यो । तर मेरो नक्कली दाँत, वीरेन्द्र सहबागले डाबर लाल दन्तमन्जनको विज्ञापन गरेजस्तो कहाँ हुन्थ्यो ? कन्याक्क के गरेथ्यो, नक्कली दाँत त सेती गएछ उखुसँगै..

बखरीतिर जानभन्दा अघिको एउटा घटनाको पनि बखान गरिहालूँ । शैलेन्द्रजी नापीशाखाको भित्र नक्साफाँटतिर कतै हराइराखेका बेला म बाहिर सडकतिरको रमिता हेर्दैथिएँ । नापी कार्यालय, जिल्ला अदालत र मालपोत अफिस एउटै परिसरमा जोडिएका जस्तै भएकाले होला, त्यहाँ मान्छेहरूको घुँइचो बाक्लै हुँदोरहेछ । एक छिनपछि म बसेको अलि परतिर एक चिया दोकाननिर निकै होहल्लाजस्तो भयो । एउटा रिक्सावाललाई मोटर साइकलले धक्का दिएछ क्यार । ठूलो धक्का जस्तो त थिएन । तर परिगो चर्काचर्की बहस ।

'बाटो हेरेर हिड्नुपर्दैन, गधा ?' बाइकवालले युवकको कठालो समातिहाल्यो । वरिपरि सवारी पर्खेर बसिरहेका अरू रिक्सावालले पनि युवकलाई घेरे । उनीहरू एक जुट भएजस्ता थिए । सायद युनियन हुँदो हो ।

'दिन्न हर्जानासर्जाना ।' पहाडे झन् राँकियो ।

यसैबीच एकजना पुलीस आइपुग्यो । दुवै पक्षको कचिङ्गल सुनेपछि बाइकवालाको लाइसेन्स माग्यो र भन्यो, 'हिंड मसँग !' ठोकिमाग्ने रिक्सावाललाई पनि भन्यो, 'तँ पनि हिंड् !' तिनका पछिपछि लागेको हूलभित्रबाट आवाज आयो, 'देखा ? पहाडिया ठक्कर देता

है, हम मधेसीको पुलीस पकडता है । ऐसा अत्याचार नहीं चलेगा ।' उसका सङ्गातीहरूले पनि थपे, 'नहीं चलेगा, नहीं चलेगा ।' निकै होहल्लै भयो ।

मलाई लाग्यो, अब हामीले अहिलेदेखि नै मधेसी भनेर हेप्ने गरेका तराईको जनसमुदाय पनि जुर्मुराएर उठ्न थालेछ । त्यसको प्रत्यक्ष प्रमाण मेरा सामुन्ने भइरहेको त्यो तर्कवितर्क र घम्साघम्सी नै पनि थियो, मेरा आँखा उघार्नलाई यथेष्ट ।

त्यहाँ भला भएका भद्रभलाद्मीहरूका पनि विभिन्न टीकाटिप्पणी थिए । सुनियो, अस्तिसम्म माओवादीकै सदस्यहरू भनेर चिनिएका मधेसीहरूले अब जनतान्त्रिक तराई मुक्ति मोर्चा बनाइसकेका छन् रे । उनीहरूको माग के रे भने, तराई क्षेत्रमा त्यहींकै स्थानीय बासिन्दाहरूले नै जनगणना गर्न पाउनुपर्छ । नागरिकता वितरण गर्ने प्रमुख व्यक्ति पनि मधेसीमूलकै हुनुपर्छ रे । तराईका सरकारी कार्यालयहरूमा पियनदेखि हाकिमसम्म सबै मधेसीमूलकै हुनुपर्छ रे । यस्तै यस्तै.....

त्यतिले पनि कहाँ पुग्यो र ? एक जना कालाकोटे वकिलले थपे, 'अब त पहाडको राष्ट्र बेग्लै हो, मधेशको राष्ट्र बेग्लै ।' मेरा त कानै राता भएझैं लाग्यो ।

यस्तै छलफल सुन्दैथिएँ, शैलेन्द्रजी भित्रबाट जग्गाको नक्सा लिएर निस्किए । र, हामी लाग्यौं बखरीको दर्शनभ्रमणमा ।

त्यही बेलुकी शैलेन्द्रजी केही यार दोस्तका साथ कतैबाट रमझम गरेर आएका रहेछन् । तीमध्ये एक जना सुमलाल ताबेदार जो बिराटनगरका राजनीतिक नेता पनि रहेछन् ।

उनका सानाबुबा माधवलाल ताबेदारलाई मैले धेरैअघि काठमान्डूमै चिन्दथें । मलाई लाग्छ, त्यस बेलाको पञ्चायती प्रशासनकालमा मन्त्रालयको सचिवसम्म हुने सौभाग्य पाउने एक मात्र थारू माधवजी नै थिए । बडो सरल स्वभावका, भद्र । मैतीदेवीमा बस्दा हामी छिमेकी पनि थियौं । त्यो कुरा मबाट सुनेपछि ती रमझम गरेर आउने मण्डलीका साथीहरूसँग मेरो आत्मीयतामा तुरुन्तै वृद्धि भयो । दिउँसो मैले सरकारी अड्डामा सुनेको छलफल मेरो नाममा तात्तातै थियो र त्यो कुरा त्यहाँ पनि उप्काएँ । केचैं प्रकट बुझियो भने, अन्य मधेसीहरूले थारूहरूलाई पनि मधेसी नै ठानेकोमा उनीहरू सहमत रहेनछन् । उल्टो आक्रोशित रहेछन् । भने, मधेसीहरूले जबर्जस्ती हामीलाई पनि मधेसी नै बनाउन खोज्दैछन् । तर हामी मधेसी होइनौं ।

भोलिपल्ट अर्कै माहौलमा यही कुराबारे थप जानकारी पाइयो । वास्तवमा तराई शब्द नै थारूहरूको पहिचान गराउने शब्द हो रे । थरूवान वा थरूवाइ शब्दको अपभ्रंश नै तराइ हो रे । नेपालमा थारूहरूको सङ्ख्या तीस लाखभन्दा धेरै छ रे । हामी न त पहाडिया हौं, न मधेसी हाम्रो बेग्लै पहिचान छ, तराईका मूल आदिवासी र भूमिपुत्र हामी मात्र हौं ।

यस्ता कुरा सुनेर मेरो त आँग कताकता जिरिङ्ग भएर आयो । छिमेकी देशहरूमा देखेसुनेका केही नयाँ पुराना घटना दुर्घटनाका सम्झनाले मथिङ्गल रन्थनाए पनि । हामी स्कुले छात्र छँदैका बेला हिन्दुस्तान र पाकिस्तान हुनुपूर्वका आन्दोलन, नारा र गँजागोलहरू । त्यसको करिब डेड दशकपछि फेरि बङ्गलादेश गर्भाधानपूर्वका प्रसवपीडाहरू । त्यसै ताक छिमेकी सिक्किमले भोगेको उथलपुथल । अझ पछि सोभियत रूस, युगोस्लाभिया आदिले भोगका मर्मान्तक पीडा । यस्तै यस्तै...

यस्तै मर्माहत गराउने संस्मरणहरूबीच थियो हिजो बखरीका आली आली लोत भएर हिंडेको कटु अनुभव । अझ भाँच्चिएको नक्कली दाँतले दिएको कुसङ्केत । काठमान्डू जानलाई विमानतर्फ लम्किनलाग्दा देखिएको अस्ताउँदो सूर्य, बखरीका आलीहरू, आदि साराका तस्बिरहरू मानसपलटमा आउँदै विलुप्त हुँदै गए । अनि सम्झें नचिनेको रवि ज्ञवालीका यी दुई हरफ

*'सँगै बसौं यो रात अन्तिम हुनसक्छ,*
*छुट्टिएपछि यो साथ अन्तिम हुनसक्छ ।'*

कविता

# एउटा लेकको सुस्केरा





नरेश शाक्य

एक टुक्रा घाम पनि खसेन
मनका यी लेकहरूमा
भेकहरूमा
म चिसिएको चिसियै छु ।
मलाई छेपेको छ
हुस्सुले, तुवाँलोले, बादलले
दिउँसै रात पार्ने
अँध्यारो बनाउने
सुनियोजित षड्यन्त्रले
वासनाको प्रहारले
मेरा ओंठहरू कलेटी परेका छन्
रक्तहीन फुस्रा गालाहरू
प्रकाशको न्यानो अँगालोबाट वञ्चित
सेताम्य आँखीभौं र परेलाहरू ।
युगौंदेखिको श्रापित म
मेरो छातीमा
कसैले मायाको फूल फुलाएन
वीजारोपण गरेन स्नेहको, मोहको
मायाको दोहरी गाएन
रनवन घन्काएन
दृष्टि उचालेर माथि आशाको नजरले हेरेन
म सदाको उपेक्षित
वेसम्भार
वेस्याहार
र बेसाहारा !

म कठ्याङ्गिंएको छु जाडोले
चीसा मेरा हात खुट्टाहरू
अवयवहरू

शीतको, तुषारोको, हिमपातको आक्रमणले
असिनाको निरन्तर वर्षाले
कति चोट खपेको छु
आह !
सूर्य पनि कति निम्छरो ?
उसले मेरो मायाको चाहनालाई
तृप्ती दिन सक्दैन
सन्तुष्टि प्रदान गर्न सक्दैन ।
अँधेरिएरै बित्ने भो कि जीवन ?
कालो युगमा
उज्यालो प्रतीक्षा गर्दागर्दै
निराशाले छोपिएर
यो आशङ्काले मलाई गहिरो डसेको छ
यो अतृप्तताले भित्र-भित्रै पोलेको छ
म रातभर निदाउन सक्दिनँ
मेरो छातीमा पहिरो गएको छ
भू-स्खलन !

यो अवस्थामा मैले
कहिलेसम्म बाँच्नुपर्ने हो ?
म आफ्नो छातीमा सहकाल जन्माउन सक्दिनँ
प्रचूरता भित्र्याउन
सँधैको अनुर्वर, अनुत्पादक
अनिकाल र खडेरी
नियति भोग्दैछु
म प्रकाशविहीन अँध्यारो
गुफा-युग बाँच्दैछु ।

नयाँ वर्ष २०६४ सालको पुनित अवसरमा
सम्पूर्ण ग्राहकवर्गमा
हाम्रो हार्दिक मङ्गलमय शुभकामना !

नयाँ घरका झ्याल-ढोकाहरूमा सुहाउँदो सिसाको
आवश्यकता परेमा हामीलाई सम्झनुहोस् !

Mahabouddha Glass House
(Best quality glass dealer since four decades)

Ason Mahabouddha
Kathmandu, Nepal
Tel: No.: 4223963
E-mail: brtuladhar@hotmail.com

# 'परेवा र कैदी'मा कथाकार विजय मल्ल



युवराज मैनाली

विजय मल्ल कथाकारको सीमामा मात्र सीमित छैनन् । कथाबाहेक प्रारम्भिक चरणमा कविता क्षेत्रबाट नेपाली साहित्यमा प्रवेश गरेका स्व. मल्ल नाटककारका रूपमा पनि दरिला छन् । अनुकूल वातावरणमा कलम नचाउन पाएका स्व. मल्ल आफ्नो मातृभाषा नेवारीमा पनि व्यङ्ग्यका पेटारो खोलेर स्वजातीय मन टिप्न सफल व्यक्तित्व थिए । वि.सं.१९९७ देखि कथा फाँटमा उजेलिएका उनबाट अत्याधुनिक कथाहरू कथिए । बाल्यकालका शैक्षिक गुरु भवानी भिक्षु र दाजु गोविन्दबहादुर मल्लको सामीप्यको प्रभावमा विजय मल्लका कथाका भावधारहरूको बहाव परिवेश अनुरूपका चमत्कारिता, सामाजिक समस्याको सहज संयोजनमा मनोवैज्ञानिक अन्तद्वन्द्वको कलापूर्ण छवीकरण अनि शैलीको सुगन्ध-लेपन गुरु र दाजुको आवर्तित रश्मिले नुहिएको पाइन्छ । उनका कथा पात्रमा फूलको पराग सेचनात्मक आनीबानीका सूक्ष्म तर संवेदना पूर्ण रूपले समेट्ने कलाको तिख्खरपना भेटिन्छन् ।

'दस रूपैयाँ', 'खेल', 'दिदीबहिनी', 'संयोग', '२४० नं. को ट्याक्सी', 'पाटन', 'एउटा चिठ्ठी', 'कालो चश्मा', 'प्रवेश निषिद्ध देश' आदि कथाको सङ्कलन साझाद्वारा प्रकाशित छन् । यस्तै गरी कवितासङ्ग्रह, कोही 'किन बर्बाद होस्' र 'जिउँदो लास' (नाटक) 'अनुराधा' (उपन्यास) इत्यादिका स्रष्टा विजय मल्ल स्वयम् राजनीतिक सेनानी हुनाका कारण आफ्ना भोगाइहरू आवृत्त रहेको पाइन्छ । यस परिप्रेक्ष्यमा २००७ सालको क्रान्तिअघि एउटा र तत्पश्चात् अर्को आवृत्त (बन्दी जीवन) का भोगाइ सहितका कणहरू लेखाइमा पनि स्वाभाविक रूपमा परेको देखिन्छ । यस प्रकार समयको घामछायाँ प्रतिविम्बको दायित्व निर्वाहमा राजनीतिक आस्था तथा लेखकीय दर्पणमा व्यक्तिगत वा सामूहिक मनोभाव समेट्न विजय मल्ल अग्रसर देखिन्छन् ।

'परेवा र कैदी' तेह्र कथाको माला हो । यसमा

'इन्जिनियरको टाउको', 'मातिएकी गाई', 'मिल्किएको हात शून्यमा', 'यो कथा कसको ?', 'अब म बिहे गर्छु' 'नयाँ दुलही', 'म र चिठ्ठी', 'बाटो पार गर्न लाग्दा', 'नदीको पारि', 'सिङ्गो मानिसको खोजीमा', 'अप्रत्याशित', 'कालो चश्मा' अनि शीर्षक-कथा 'परेवा र कैदी' परेका छन् । यस 'परेवा र कैदी' एक प्रकारले एकतन्त्रीय जहाँनीया निरङ्कुश शासनको कालखण्डमा आमनेपालीले भोगेका अवस्थाको चित्रण भन्नुमा उपयुक्त हुन्छ । सबै कथाहरूलाई कथाकारले सर्वथा नयाँ धारमा उनेका देखा पर्दछ । 'परेवा र कैदीले' मार्मिक र गहनताको आँकलन गरेर नै सङ्ग्रहको शीर्षकको ठाउँ पाएको हुनुपर्दछ । आरम्भ र अन्त्य अनि कलात्मक बान्कीको यस कथामा विपरीत विचारका राजबन्दीहरूमा ऐक्यबद्धता, परिवारबाट अलगिएर लामो जेल जीवनको मनोदशा, प्रवृत्ति इत्यादि 'परेवा र कैदी' का जुन विशेषता छन्, यस प्रकारको मनोवैज्ञानिक पाराले कथावस्तु उन्ने उनको यो विशेषता विपी, भिक्षु आदिमा भेटिन्न । यी कारणहरूबाट 'परेवा र कैदी'लाई नेपाली कथा फाँटको मास्टर पिसको रूपमा राखेमा फरक परोइन ।

'नदीको पारि' छोटो-मीठो अत्याधुनिक मानव दर्शनको सारतत्व समेटिएको कथा हो । सचेतनता यसको आग्रह हो । कथाले कथाकारमा प्रचूर कलात्मकता, शिल्प र सम्प्रेषनियता आदि गुणात्मक जेथाको कमी छैन भन्ने कुरा उजिल्याएको छ । एक जना आँट गरेर पारि पुग्छ, त्यहाँ कसैले उसलाई सोध्छ- 'तिमी हामीसँगै बसी खान्छौ ? पिउँछौ ? खेल्छौं ? मायाप्रीति गर्छौं ?'

'नाच्छु, पिउँछु, खान्छु, गाउँछु, प्रीति गर्छु । म सब गर्छु ।' यस्तो जवाफमा अट्टहास आएछ, 'देख्यौ यो त अनौठो मानिस रहेछ, हामीसँग खान, पिउन, नाच्न यिनलाई बाधा रहेनछ ।' उसले रातभर उनीहरूसँग यस्तै गरी बिताएछ । युवतीहरूले पालैसँग नाच्न, लोग्नेमानिसहरूलाई हर बखत पिउनमा साथ दिँदै गरेछन्, मजुरको प्वाँख लगाएको व्यक्ति (सम्भवतः मुखिया) ले उसैसँग राखेर भोज पनि खुवायो । ऊभन्दा अघि त्यता जानेहरूले त्यसो नगरेकोले नै सायद फर्केनन् । यही छ यस कथाको टुङ्गो । सामञ्यजस्यतामा बाँच्ने आधार हुन्छ, उत्कण्ठा अनि सङ्घर्ष प्रत्येक नयाँ ठाउँमा पुग्दा (समयको सुधारमा) नयाँ ठाउँसँग हेलमेल गर्न जान्नुपर्दछ, समतापूर्ण व्यवहारले आनन्दपूर्ण सर्वसुलभता प्राप्त हुन्छ । यिनै विषयवस्तुलाई दार्शनिक पारामा कथाभित्र उनिएको देखिन्छ ।'

अर्को कथा 'बाटो पार गर्न लाग्दा' घतलाग्दो ढङ्गले लेखिएको छ । कथामा एक पात्रलाई बाटो काट्नु हतारो थियो । तर ठूलो ताँतीले बाधा पुऱ्याइरहेको थियो । बाध्यतावस लाममा बसेपछि उसले थाहा पायो, त्यो लाम त ऐतिहासिक अपराधीहरूको लाम परेछ, जसमा जो अगाडि पुग्छ उसको भागमा गोली प्राप्त हुन्थ्यो । आफूभन्दा अगाडिको अवस्था देखेपछि ऊ भाग्ने वा गोली खाने ....? भाग्ने ठाउँ पनि छैन, टुङ्गोमा नपुग्दै अन्यौलमा पर्छ, कथाचाहिँ टुङ्ग्याइएको छ । कथा बोल्दछ- "यो त अपराधीहरूको लाम हो, युद्ध गर्ने गराउने, गर्न चाहनेहरूको लाम । यसमा कति जनाले युद्धमा भाग लिएर मरिसकेका होलान् । कतिले कैयन् राज्यलाई आफ्नो बुटले कुल्चेर तहसनहस गरिसकेका होलान्, त्यस्ता सब यहाँ जम्मा भएका छन् अपराधीका रूपमा ।" लाममा बस्न पुगेका निरपराध भन्छन्- "म यो सुन्नेबित्तिकै छक्क परें । चारैतिर हडबडाएर हेरें, मैले अखबारमा नेता, कमान्डर जनरलका रूपमा देखेका कैयन् व्यक्तिहरूलाई त्यहाँ उभिएको पाएँ । ठूलाठूला दार्शनिक, लेखक र इन्जिनियरहरू जो आफ्ना समयमा सर्वश्रेष्ठ कहलिएका थिए, त्यही लाममा निहुरिएको देखें । आफ्नो युगको उत्तरदायी व्यक्तिहरू सब जना त्यही लाममा उभिएका रहेछन् । म अन्योलमा परें । मैले आफ्नोअगाडि साना बालकहरूको समूहलाई देखें, उनीहरूले भनेको पनि सुनें, यिनै हुन् अपराधीहरू.... ।" यो कथालाई विश्वजन्य कथाको रूपमा अङ्गिकार गर्न सकिन्छ । विश्व शान्तिको रङ्गमञ्चमा ढाकिएका पर्दाका तहतह उघार्दै शान्तिविरुद्ध रहेको प्रवृत्तिको नाङ्गोभ्फार हो र अनि शक्तिको अहम्प्रति धारिलो प्रहार हो 'बाटो पार गर्न लाग्दा ।'

चौथो कथा 'इन्जिनियरको टाउको' भित्रको आरम्भकै दोस्रो हरफ- "उनी एउटा सुप्रसिद्ध इन्जिनियर भइसकेका थिए । उनले निर्माण गरेका कैयन् आधुनिक कलापूर्ण भवनहरूले राष्ट्रै सिंगारिइसकेको थियो । र उनको ख्याति राष्ट्रिय सीमालाई नाघेर विश्वसम्म पुगिसकेको थियो । उनको गणना विश्वका प्रसिद्ध इन्जिनियर वैज्ञानिकहरूमध्येमा हुन्थ्यो । यस्तो व्यक्तित्वसँग संयोगले

भेट हुनु सौभाग्यकै कुरा थियो, मैले पनि यही सम्भेको थिएँ र त्यस बेला यही सम्भैँ पनि......।" हो, त्यही इन्जिनियरले यस्तो भ्यालखाना बनाइदिनु परेको थियो जसको आकृति अत्याधुनिक रूपको होस्, अत्यन्त कलात्मक जुन इतिहासमा बेजोड रहनेछ। समीपको साथीलाई सम्बोधन गर्दै इन्जिनियर भन्छन्- "यहाँ हेर, यी भ्यालहरूमा प्राचीनता र नवीनताको कस्तो सम्मीश्रण छ, केही आँखी-भ्यालजस्ता र केही उड्न लागेका मजुरजस्ता। तर यी भ्यालहरू वास्तविक भ्यालहरू होइनन्। यिनको पछाडि ठोस भित्ताहरू छन्, मजबुत र बलिष्ठ जसलाई कसैले पत्तै लगाउन सक्दैन। यिनीहरूले मनमा भ्रम पैदा गरिदिन्छन्। कैदीहरूलाई पहिलो पटक यहाँ आउँदा डर, जोश पैदा नपरोस्। एउटा सुन्दर भवनमा बस्न लागेका छौं भन्ने आनन्दको अनुभव होस् भन्नको लागि यसको प्रयोग गरिएको हो।" यहाँ कथाकारले सके संसारमा भ्यालखाना नै नभइदिओस् हुन्छ नै भने पनि यस्तो भ्यालखानाको निर्माण होस् जहाँ बन्दीहरूका लागि मुक्तिका कुनै छटपटी नभइदेओस् भन्ने आशय व्यक्त गरेका छन् र फेरि बन्धनको सौन्दर्यविहीनताप्रति इङ्गित पनि गरिएको देखिन्छ। कथा यत्तिकैमा टुङ्गिएको छैन, यसपछि कथा निरन्तर रूपमा बढेकै हुन्छ।

परिवर्तनको हावाले मान्छेको मन कतिखेर पर्लक्क पल्टाइदिन्छ, भन्न सकिन्न। हिजोसम्म स्वतन्त्रताको आफ्नै परिभाषा र सिद्धान्त बोकेको मनमस्तिष्क एकै छिनमा पल्टिएर र स्वतन्त्रताकै एक प्रवाह मानेर अगाडि बढ्दै अरूलाई चकित तुल्याइदिन सक्छ। यही प्रवृत्तिमा एउटा नारीको खाका कोरेर अघि बढेका छन् कथाकार विजय मल्ल 'अब म बिहे गर्छु' मा। पैंतीस वर्षीय उमेरको परिधिको सीमा नाघ्न लाग्दा परिवर्तनको मानसिकता लिएर युवती बिहेको अनिवार्यता महसुस गर्छिन्। उनको भाव फुट्दछ- "जवानीबाट टक्कर दिन मैले हर प्रयास गरें, घरैबाट निस्किनँ, कसैकहाँ भोज इत्यादिमा भाग लिइनँ। मावलीसम्म गइनँ। सबै जिस्क्याउँथे। तिमी अब जोगिनी बन्न लाग्यौ भनेर। वास्तवमा जोगिनी बनिनँ क्यारे ! ममा ईश्वरभक्ति, धार्मिक चेष्टा पनि पटक्कै छैन। म पूजाआजा, मन्दिर आदि पनि धाउन्न। म बिहे गर्दिनँ भनेर अडिएकी थिएँ। यसलाई सबै जना मेरो ढिपी मात्र सम्भन्थे। खालि ढिपी ! दुराग्रह।" उमेरसँगसँगै बढ्न जाने सामाजिक परम्परा यहाँ इङ्गित हुन पुगेको छ।

यो कथामा परिपक्व युवतीको परिपक्वता अन्तर र बाह्यान्तर दुवैतर्फ मुखरित भएका छन्। यौनजन्य सुखहरू आवश्यक छैनन् भन्न मिल्दैन। उमेरले त्यो मिल्दै मिल्दैन, भन्न पनि सकिन्न। प्रेमको संघात्मक राग, क्रान्तिकारी स्वरूपमा कथा उनिएको छ। हुन त यसैलाई एउटा नारीको विद्रोहको मनोगत स्वभावमा उजागर वा कुण्ठाको परिणति पनि भन्न सकिन्छ।

विजय मल्लका कथाहरू युगका पाइलाहरूभन्दा एक पाइला अगाडि बढेका हुन्छन्। समाजको सूक्ष्म अवलोकन गर्दै फड्को मारिरहेका हुन्छन्। अज्ञानता वा संस्कारगत कुप्रभावका परिणतिलाई मनोविश्लेषणात्मक स्वरूपमा कथामा कसरी कथ्न सकिन्छ भन्ने कुरा 'नयाँ दुलही' ले नमूनाको रूप लिएको छ। अन्धविश्वास आदिका कारण विशेषत: जीवनजन्य शिक्षाको खडेरीको कारण जीवन मूल्य, मृत्युमा जाकिने स्थितिको सूक्ष्म अवलोकन यहाँ हुन पुगेको छ। कथामा मुख्य पात्रको रूपमा स्त्री पात्र उर्मिला र पुरुष पात्र ध्रुवमान अवस्थित छन्। उर्मिलाको बिहे जोसँग हुन लागेको छ, त्यो उनको निम्ति राक्षस वा ज्यानमारा लाग्दछ। ऊ भ्यानमा छ तर वीभत्स रगतले ऊ थरथराइरहेको हुन्छ। उसका आँखामा यही चित्र प्रस्ट पोतिएको देखिन्छ। रगतै-रगतले छताछुल्ल भएको एउटा वस्त्रहीनजस्ती नाङ्गी आइमाई, जसको छुरीले चिरिएको पेटबाट बटारिएका आन्द्राहरू भरिरहेका छन्। च्यालजस्ता पदार्थहरू बाहिर निस्केका छन्, नीलो भुँडीको डल्लो भाग देखिएको छ- एउटा डरलाग्दो मानिस घोप्टिएजस्तो त्यहाँ उभिएर खडा छ। रगतले मुछिएको त्यो लोग्नेमानिस चलमलाउँछ। नेप्टो, थेप्चो, कालो कुरूप, हातमा छुरी लिएर हाँस्न थाल्छ, उनलाई भाउन्न हुन्छ र अचेत अवस्थामा पुग्छिन्। त्यसभित्र भुन्डिरहेको तासको कपडा हल्लिरहन्छ। उनी यस्तो मनोदसामा बिहेको कुरा ध्रुवमानसँग चलेदेखि धेरै पटक पुगिसकेकी थिइन् र निरन्तर यही दृश्यले उनलाई लखेट्दै आइरहेको थियो।'

यसरी मल्लका कथाहरूमा नवै रसको लेपन गर्दै करूणातामा पनि वीभत्समा पनि रौद्रता लेपन पनि पाइन्छ । नारी पात्रहरूको मनोगत विश्लेषण मात्र होइन कि नारीका कोमलतम् भावना संवेदना अनि समाजले प्रदान गरेका यावत् परिणामको तानावाना सम्पुस्ट ढङ्गले उतारिएको पाइन्छ । नारीको मनोगत पीडालाई टिप्ने कलाकारिता उनका कथामा भेटिन्छ ।

विजय मल्लका कुनै पनि कथाका नारी पात्रभित्र गहिरो अध्ययन समाहित रहेको हुन्छ नै । आफ्नो र आफ्नो वरिपरिको समाजमा घटिरहेको घटनाको मनोविश्लेषण स्वयम् गर्दै, कारण खोज्दै, विम्ब र प्रतीकको उपमा दिदै कथालाई जीवन्ततामा ढाल्ने बानी स्व. मल्लमा गहिरिएरै बसेको हुनुपर्दछ ।

"म एउटा ओभरकोटले खिचिएर त्यसको अगाडि उभिन गएँ र विक्रेताको आवश्यकता होइन होला, सब स्वचालित यन्त्रहरूले पसललाई नियोजित गरेको होला । म त्यसैले त्यस यन्त्रको खोजीमा यताउती हेर्न थालें । त्यस बखत मलाई अनौठो लाग्यो, मनुष्यको स्वरजस्तो मैले सुनें, तर मानिस देखिनँ । अचानक मैले दुइटा मात्र आँखाहरू आफूतिर उड्दै आएजस्तो देखें, जसमा कुनै आकृति र शरीर थिएन ।"

यहाँ कथाले बान्की फेरेको छ । बदलिंदो विज्ञानका तानाबानाको प्रभावले कथाकारले कथाकारिताको स्वरूप बदलिएको छ । विज्ञान र मानवीय स्वरूपको चिन्तन कथामा घोलिन पुगेको छ । सरल हेराइमा कथामा यही कुरा पाइन्छ । यसैलाई अरू नियाल्न कथाकै शब्दहरूको एक टुक्रा पैंचो लिऊँ र हेरौं - ".... उसले झन् खित्का छोडेर हाँस्दै भन्यो- यो देशमा तपाई नौलो हुनुभएको हुनाले यसको अर्थ नबुझ्नुभएको हो । केही दिन बस्नोस् अनि यसको सार्थकतालाई बुझ्नुहुन्छ । त्यो आँखा विस्तारै सरेर गयो, म त्यस पसलबाट बाहिर निस्कें । बाटामा पनि त्यस्तै देखें, आँखा मात्र छन्, अरू अङ्गहरू केही छैनन् । खुट्टा छन्.... जीउ, रूप, आकार केही छैन । मोटर गुडेका छन् तर त्यहाँ सिङ्गो मान्छे छैन । खै यहाँ किन सिङ्गो मान्छे छैन ? किन पूर्ण मानिस छैन ?" कथा यसरी टुङ्ग्याइएको छ । कथा प्रतीकात्मक स्वरूपमा उनिएको छ । यहाँ प्रतीक एउटै धारमा बहेको छैन । त्यसले बहुआयामिक विम्ब पोखिरहेको छ । यथार्थमा विम्बः निर्देशन मानवीय सञ्चालन प्रक्रिया बिन्दुमै मात्र केन्द्रित छ । विम्बलाई अक्टोपस स्वरूप दिएर प्रतीकका चालहरू चलाइएका छन् । मानवीय स्वतन्त्रता मूल्य र मान्यताका चालढालको यथार्थ संयोजन नै कथाको उद्देश्य केन्द्रको चाहना हो । प्रगति र गतिशीलता चेतना र ज्ञानको प्रगति आजको मानवीय स्वरूपको परिणाम जडताको स्वरूपमा कथाले देखाइरहेको देखिन्छ । पूर्णताको स्वाङको भ्वाङ छर्लङ्ग यो कथाबाट देखिन्छ । पूर्णता विजयोत्सवको उन्मादमा पुगेको थियो, चुकेको छ र झुक्किरहन्छ । सम्पूर्णताको आफ्नोपन गुमाउँदै आज आँखाको भरमा आफ्नो उभ्याइको दासत्व ग्रहणको बठ्याँइ यहाँ मञ्चित छ । सबतिर हेरेर पनि विज्ञान (शक्ति) को गिदी छैन, मन छैन, खुट्टा छैन, हात छैन । विनाशकारी लीलामा ऊ लिप्त छ । यो एक पक्ष हो भने अर्को पक्ष बौद्धिक, राजनीतिज्ञ समाजशास्त्री, धर्मशास्त्रीलगायत यावत् समाज सञ्चालक समूह अनि व्यक्तित्व कर्तव्य अकर्तव्यको सन्तुलित पाइलामा छैनन्, दासत्वमा मार्गप्रदर्शन आँखाहरू सम्मोहित पारेर आँखै डोऱ्याउन व्यस्त छन् । जब मन-मस्तिष्क नै लोपोन्मुख रहेको अर्थमा दुई आँखाको हेराइ अनि इशाराले टुलुटुलु हेरी मात्र रहने परिवेशको काल्पनिक कथा कथिरहेको देखिन्छ । कथाभित्र विश्वशान्तिको सतह खोतलेको र व्यक्तिको स्वार्थ सीमाको पराकाष्ठको स्वरूप ओरालिएको देखिन्छ ।

'म र चिठ्ठी' आत्मपरक कथा हो । तीस पृष्ठको यस कथालाई कथा नभनेर आत्मवृत्तान्त भनिदिएमा पनि कुनै फरक पर्दैन । शीर्षकबाटै कथा वृत्तान्तको शैली चिठ्ठीपरक रहेको बुझिन्छ । चिठ्ठी आरम्भअगावै जुन पृष्ठभूमि दिइएको छ, कथाकारको स्वत्वको सत्य छर्लङ्गिन्छ । जसको एक अंश- "२००७ सालको क्रान्तिपछि जेलबाट म बाहिर निस्केको ६/७ महिना मात्र भएको थियो । नेपाली काँग्रेस-राणा संयुक्त मन्त्रिमण्डल थियो । मलाई पटक्कै फुर्सद थिएन । त्यस बखत म काँग्रेसको एक कार्यकर्ताको हैसियतमा काम गरिरहेको थिएँ । त्यस कारण मकहाँ नचाहिने पत्रहरू आइरहने गर्थे ।.... एक दिन मोटो पुलिन्दा ल्याएर एउटा ठिटीले मेरो हातमा दियो । एउटा आइमाईको

चिट्ठी रहेछ, पढ्दै गएँ अन्त्यसम्म । वास्तवमा यस पत्रको लेखिकालाई म राम्ररी चिन्दछु । चिट्ठी रोचक मात्र होइन, अनौठो पनि थियो । त्यसैले नाम र अरू केही अंश छाँटकाँट गरी, त्यस चिट्ठीलाई प्रकाशित गरिरहेछु । किनकि त्यसमा केही नभए पनि मानवीय सत्यता थियो ।" यस अंशबाट कथामा स्वयम् कथाकार मल्लको राजनीति जीवनको सत्यता पनि पोतिएको पाइन्छ । हुन त यसमा चाखलाग्दा सामयिक युगबोधक तत्वहरू पनि समेटिएका छन् । यसैले बहुआयामेली छटा यस कथाले दिन सकेको छ ।

"के भनेर तिमी फुपूकहाँ गयौ ? कसले त्यहाँ पर्स्नु भन्यो तिमीलाई ? कसले जीवनलाई भेट्नु भन्यो ? त्यहाँ तिम्रो त्यही नाठो आइरहेको थियो, हैन ?" लोग्नेको वाक्य हो, यो । शङ्काले लङ्का पिट्छ, दाम्पत्यजन्य शङ्काबाट कलहको वीजारोपण हुन पुग्दछ । घर अशान्ति बन्न पुग्दछ र जीवन दुर्घटनामा जेलिन पुग्छ । पतिको शङ्काको धार यति तीव्र थियो जसको अन्त्य अर्कै पनि हुन सक्थ्यो । तर अन्त्यमा थकित भई आफ्नो भूल स्वीकार्दै पत्नीमा आत्मसमर्पण गराइएको छ । 'अप्रत्याशित' कथामा यौनजन्य तृष्णापीडित नारीप्रति मानवतापूर्ण व्यवहार समाधानको उपाय पहिल्याइएको देखा पर्दछ । भोजनजस्तै यौनभोकबाट पनि कुनै व्यक्ति वा समूह वञ्चित रहेसम्म संसारमा सुख र शान्तिको लक्ष्य विमुखै रहन्छ भन्ने कथाको सन्देश देखा परेको छ । सद्भावना र उदात्त व्यवहारद्वारा यस्तो सुख, सुलभ उपलब्धिको निम्ति लागिपर्नु सबैको कर्तव्य कथाले निर्देशित गरेको छ ।

'मात्तिएको गाई' पनि यौनजन्य धारकै कथा हो । सर्वश्रेष्ठ मान्छे मात्र होइन, अरू प्राणी पनि ऋतुमय भएपछि मनोविज्ञान असरले पिरोलिन्छ । प्राकृतिक शाश्वत नियमलाई बुझ्न कथाले आग्रह गरेको देखिन्छ । कथामा जर्सी गाई र गणेशदासका छोरी समानान्तर केन्द्रबिन्दुमा प्रकट छिन् । राणा जर्सावाबाट बक्सको रूपमा एउटी कलिली जर्सी गाई पाएको हुन्छ । राख्ने ठाउँको अभावमा गाई कौसीमा पालिएको हुन्छ । समय क्रममा गाई कलिलीबाट रसिली बन्दै आउँछे । उसको चाल-ढाल उफ्राइले कौसी अनुपयुक्त हुन्छ । त्यसलाई झार्ने समस्या र माथि कौसीमा राख्दा खसेर मर्ने अनि गौहत्याको पापको परिबन्द साहू गणेशदास पर्दछ । टोलमा हाहाकारसमेत माच्चिन्छ । सबैको सल्लाहबाट खाटजस्तो चौखटको सहाराले गाईलाई सडकमा झारिन्छ, जहाँ साँढे पनि रहेको हुन्छ ।

यसरी कथाकार विजय मल्लका कथाहरूमा शिल्प सम्प्रेषणनियतालाई मनोवैज्ञानिक विम्ब र प्रतीक प्रचूर मात्रामा भेटिन्छ जसमा समाजलाई गहिरो र दूरगामी अवलोकनद्वारा तिनका आवश्यकता र पूर्तिका लागि गरिनुपर्ने क्रान्तिकारी परिवर्तनका निम्ति उपायको समेत प्रस्फुटन गरिएका छन् । कोणात्मक अभिव्यन्जनामा सरस, सरल प्रवाह उनका कथाका मुख्य पारा हुन् । 'मात्तिएकी गाई' का प्रतीकात्मकता हुन् वा 'परेवा र कैदी' जस्ता विम्बात्मक आयामिक कथा हुन्, तिनले घटनालाई आफ्नै पाराको संयोगान्त धारमा 'सस्पेन्स' राख्ने क्षमताको चमत्कार देखाउँछ ।

नारी पात्रको उच्चारण समाहित हुनु मल्लको कथाको अर्को विशेषता हो । यौन मनोवैज्ञानिक कलाकारिता शिल्प विजय मल्लको खूबीहरूमध्ये एक हो भन्न सकिन्छ । 'अप्रत्याशित' मा एउटी तरूनी अविवाहिता नारी धेरै दिनदेखि बिरामी छिन् । वैंसको उर्लदो भेल बगेर सुक्ने त्रासले नै ऊ विरामी परेकी छे । कथामा मर्नु न बाँच्नुको दोसाँधमा रहेको यौनतृष्णाको तह तहको वर्णन गरिएको छ । नारीमा पुरुषभन्दा प्रबल एवम् प्रमुख यौनतृष्णा हुँदोरहेछ भन्ने तर्क अनेकौं रोमाञ्चक मोडहरू सिर्जना गरेर कथालाई जीवन्तता दिइएको देखिन्छ । एउटा सम्पन्न परिवारकी युवती जसका दिदी बहिनीहरूको बिहे भइसकेको छ । दाइभाइहरू डाक्टर बनिसकेका हुन्छन् । तर उनी भने जीर्ण बिरामी । निकै दुब्लो, धेरै दिनदेखि ओछ्यानको ओछ्यानमै । कहिलेकाहीँ भाइको साथी आउँछ, विवाह र प्रेमिकाकासम्बन्धी कुरा (गफ) उनको कानमा पर्छ । भाइको साथी आउन छोड्दछ अनि फेरि आउन थाल्दछ । ऊ भावावेशमा तिनको गालामा म्वाई खान पुग्छे । गाला चुस्छे, टोक्छे अनि त्यहीं ढल्दछे । मुर्छा परेझैं भएर रुन्छे पनि । यौवनको उर्लाइ पोख्ने ठाउँ नपाएर उनको स्वस्थ्यपनमा अवरोध आएको हो कि ? पाठक

उनको दुर्दशामा द्रवित हुन पुग्दछ । दयनीयताका भावना त त्यसै पलाउन पुग्दछ नै । कथाले एक ठाउँमा खुलासा पनि गरेको छ- "भाइको एउटा साथी जो बराबर आइरहन्छ, भाइसँग विवाह सम्बन्धमा कुराकानी गरिरहेका बराबर तिनले सुनेकी छिन् । उसको कुराको प्रभाव अचानक परेको अनुभव तिनमा छ । सुन्न नचाहँदा-नचाहँदै पनि तिनी बाध्य छिन् । उनको कुनै एउटै राम्री युवतीसित प्रेम परेको रहेछ । चिट्ठी पनि बरोबर लेखिरहन्छिन् । तर त्यस युवतीलाई अरू ठाउँबाट माग्न आएकोले त्यसलाई सकभर रोक्न लगाउन अनुरोध गरेकी रहेछ । त्यसले उनलाई भेट्न खोजेकी रहिछ । यसमा के गर्न हो भन्ने कुरामा यिनको भाइ र साथीको बीचको लामो गन्थन भएको रहेछ ।" यसमा उनलाई लिन दिनु केही थिएन तर पनि त्यस दिनदेखि भाइ र भाइको साथीको कुराको आवश्यकता, अनि त्यही कल्पनामा मडारिदै भाइको साथीको प्रेयसीलाई पन्छाएर आफूलाई त्यस ठाउँमा राखेकी छन् । र, आफ्नो अवस्थाप्रति धिक्कारेकी छिन्, भित्रभित्रै कल्पेकी छिन्, औषधिहरू मिल्काएकी छिन् । उनी देवी देवताका आकृतिसम्मलाई कुरूप पार्न उद्यत बन्छिन् । 'अप्रत्यासित' कथामा शारीरिक मानसिक पीडितहरूको उद्धार र सहानुभूतिको हृदयद्वार खोलिनुपर्ने कथाकारको आग्रह रहेको छ । यो मानवीय संवेदनाको घोत्लाइको पुकार हो ।

अन्तिम कथा हो 'कालो चश्मा' । यो कथा फ्रायडीय फाँटको उत्तेजक पाराको रहेको छ । सायद यसैले होला यो अति चर्चित पनि रह्यो । पतिपत्नी र तेस्रो पुरुषको बीचमा केन्द्रित रहेको छ । कथा भन्छ- "दुई व्यक्ति मस्तसँग सुतिरहेका छन् । मेरी स्वास्नी त्यस छिमेकी साथीको पुष्ट पाखुरामा टाउको अड्याएर, उसको गालामा निधारले थिचेर, छाती खोलेर सुतेकी छे । लोग्नेमानिस आफ्ना दुवै हातले उसलाई अँगालेर, तिघ्राले राम्ररी नै त्यसलाई च्यापेर सुतिरहेको छ । स्पष्ट छ कि तिनीहरू अत्यन्त सन्तुष्टिमा निदाएका हुन् । मलाई हेदर्हिर्दै अचानक लाग्यो- दुई सेता गुलाफका फूलहरू आपसमा गुँथिएर फुलिरहेका छन् । उनीहरू उठ्लान भनेर म केही पछाडि सरें । उनीहरू मस्तसँग निदाएका थिए । बराबर निद्रामा उनीहरू चलमलाउँथे, दुवैले दुवैको छातीमा केही खोजेझैं हात यताउति सार्दथे, पुष्ट पुष्ट पिँडौलाका सेता छालाहरू चम्कन्थे । मैले हेरी नै रहें । मलाई यी दुई नरनारी सृष्टिका प्राथमिक व्यक्तिहरूझैं लागिरहेका थिए र म एक द्रष्टा । मलाई यो मनोरम दृश्य एक घटनासमान हेर्नुछ, हेर्दछु ... मैले तैपनि ती फूलका थुङ्गानीत नरनारीलाई विस्फारिता नेत्रले हेरिरहें । वास्तवमा ती दुवै सुन्दर थिए ।"

'कालो चश्मा' वस्तुतः हेराइको कोण हो । कालो शिल्पबाट देखिने परिदृष्य हो संस्कार र परम्परामाथि क्रान्तिकारी परिवर्तनको विम्ब हो । आवेग, घृणा, उत्तेजनाको इन्द्रियजयी बन्ने पराकाष्ठाको वल्टाइ-पल्टाइ हो । कथाकारको उत्सर्ग विचार (थिम) को मन्थन हो । बहुमतलाई समर्थन गर्ने, अल्पमतलाई कदर गर्ने भन्नेबारे वैज्ञानिक धारणा विरूद्धको द्रोह पनि हो । एक पक्षको संस्कार अर्को पक्षको कुसंस्कार पनि हुन सक्दछ, एक पक्षको कुबाटो अर्को पक्षको सुमार्ग पनि बनिरहेको अनि बन्ने गरेको यथार्थ हो । मूलतः कथा संस्कारगत स्वरूपमा मानसिक विकृतिकै उपजस्वरूपमा ग्रहण गर्ने धेरै होलान् र यसलाई प्रभावित कथाकै रूपमा दिने पनि होलान् । तर वास्तवमा कथाकारले परिवर्तित विश्वमा बदलिँदो परिस्थिति र घटनाक्रमअनुरूप सङ्केतात्मक स्वरूपमा कथा कोरेको देखिन्छ । मुख्यतया कथा साँच्चै नै प्रतीकात्मक स्वरूपमा उनिएको छ, जसको उदाहरण कथाकै शीर्षक नै 'कालो चश्मा' रहनुले पनि पुष्टि हुन आउँछ । मस्तिष्कका विविधताको प्रतीक यसमा छ । शान्ति र समानताका रागात्मक अभिव्यक्ति पनि यसमा प्रवाहित छ । मानसिक पूर्णता एकातिर छ भने मानसिक विकार पनि यसैभित्र छ । विषय छनौटमा साहसिकपन पोतिएको छ एकातिर, अर्कोतिर उन्मुक्त धरतीको कल्पनाशीलताले अनन्त उडान भर्न खोजिएको पनि छ ।

विजय मल्लले आफ्नो लेखनमा सरलताको तानाबाना बुन्दा शब्दको माधुर्यता कतिपय ठाउँमा हराउने गरेको देखिएकोले त्यसबाट पाठकहरू बहकिने भने गर्दछन् । यो बान्कीको कमजोरी उनका कथामा तड्कारो रूपमा देखा पर्दछ ।

✻

# वरिष्ठ साहित्यकार माधवलाल कर्माचार्यको *शारदा* मा योगदान



शिव रेग्मी

आजका वरिष्ठ साहित्यकार कवि एवम् कथाकार तथा निबन्ध र समालोचना क्षेत्रमा उत्तिकै सिपालु लेखक माधवलाल कर्माचार्यको जन्म १९८३ साल पुस १० गते काठमाडौंको केल टोलमा सम्पन्न परिवारमा भएको हो । नेपाली साहित्यमा सिर्जनात्मक लेखनका साथै सम्पादन र अनुवादमा समेत उहाँको ठूलो ख्याति छ । अझै सक्रिय रूपमा साहित्यका विभिन्न विधामा खास गरी पछिल्लो कालमा संस्मरणात्मक लेख निबन्धमा देखिएको उहाँको सीप अत्यन्त सराहनीय रूपमा रहेको अनुभव छ । उहाँका झन्डै दुई दर्जन कृतिहरू प्रकाशित छन् । नेवारी, नेपाली, हिन्दी र अङ्ग्रेंजीमा समेत पोख्त कर्माचार्यका केही पाठ्य-पुस्तकहरू छन् ।

माधवलाल कर्माचार्यको साहित्यिक यात्रा ***शारदा*** मासिक पत्रिकाबाट सुरु भै यसै पत्रिकाद्वारा उहाँको प्रसिद्धता मौलाउन थालेको हो । यहाँ पृष्ठभूमि र परिवेशमा माधवलाल कर्माचार्यको ***शारदा*** मा रहेको योगदानबारे चर्चा गर्ने जमर्को गरिएको हो ।

***शारदा*** प्रकाशनमा आएको ९ वर्ष पूरा नहुँदै २000 साल भदौ महिनाको ***शारदा*** (वर्ष ९ अङ्क-५) मा 'जीवन फूल' शीर्षक कविता प्रकाशित गरेर साहित्यिक यात्रामा निक्लनुभएका कवि माधवलाल कर्माचार्यको यस यात्रामा १३ कविता, ६ कथा, ८ समीक्षा-समालोचना, ७ लेख-निबन्ध तथा केही अनुवादित रचनाहरूसमेत गरी ३ दर्जनभन्दा बढी लेख-रचना प्रकाशित छन् ।

कर्माचार्यज्यूको पहिलो कविताको नमूना-

*"विस्तृत भूको एक कुनामा*
*जीवन फूल फुल्यो*
*कोमल ऋतुको रश्मिप्रभाले*
*फैल्यो जीवन भरी ।*
*वर्षाको त्यो एक भेलले*
*औ अशान्तिको एक झलकले*

*लग्यो छैन कहीं त्यो*
*अब जीवन फूल कहाँ ?*
*(१)*
*विस्तृत भूको एक कुनामा*
*जीवन फूल फुल्यो*
*बढ्यो हलक्क ! केही दिनमै*
*दर्शकलाई लुभाई*
*लड्यो पछि ता पृथ्वी मै त्यो*
*सारा लोक रुवाई*
*भन जीवन फूल कहाँ ?*
*त्यो जीवन, फूल कहाँ ?"*
*('जीवन फूल')*

कवि कर्माचार्यको १७ वर्षको उमेर पूरा हुँदा नहुँदैको यो कविता क्षणभङ्गुर जीवनको कथा कति संवेदनशील छ ! कति भावुक छ ! अनि सिर्जना प्रथम अनुभूति ! सुरु सुरुका कविताहरूले प्रकृतिको आडमा मानव जीवनको मूल्याङ्कन गर्न खोजेजस्तो र प्रकृति र मावनबीच तादात्म्य स्थापना गर्न खोजेको अनुभव हुन्छ । कविका भावना कतै निराश- निराशजस्तो, यस्तै-यस्तै भाव र भावनामा बगेका देखिन्छन् ।

*"शोभा शिशीर ऋतुको निभियो कता गै !*
*के टिक्थ्यो र ऋतु सुन्दरको अगाडि !!*
*ठाँटीकनै युवक भैं ति वसन्त भारी !*
*आए कहा ! मधुर बास अगाडिलाई !!*
*हे ग्रिष्म जान्छु अबता डर राज्य यहाँ*
*केहीं दिनै पछि तिमी पनि आउ त्यहाँ*
*भन्ने दिएर सुचना अनि ता हरायो*
*वसन्त सुन्दर कता ? छिनमा बिलायो ॥"*
*- ('वसन्त', ९:६)*

यसरी सुरू भएको कविको कविता यात्रा आजसम्म चलिरहेको छ । 'खरानीको थुप्रो' का कवि कर्माचार्यको ***शारदा*** मा प्रकाशित पछिल्लो कालको कविताको नमूना-

*"अहिले उसले मरेर के गर्नु ?*
*भर्खर विरामीबाट उठेको स्वास्नी*
*बलियो भैसकेकी छैन,*
*त्यतिका छोराछोरीहरू आफ्नो*
*खुट्टामा उभिन सिकिसकेका छैनन् ,*
*उसको घरमा ज्यादै जरूरी छ*
*हेर विचार रखवारी उल्ले गर्नुपर्छ*
*अहिले उसले मरेर के गर्नु ?'*
*- ('उसको मरेर के गर्नु ?' २१:४)*

कवि माधवलालका कविताहरूको सम्बन्धमा उहाँकै समकालीन समीक्षक लबबहादुर प्रधानले यसरी मूल्याङ्कन गर्नु भएको देखिन्छ-


माधवलाल कर्माचार्य

"श्री प्रधानजीकै (कृष्णचन्द्रसिंह) हाराहारीमा देखा पर्नुभएका एक भावुक कवि श्री माधवलाल कर्माचार्यज्यूलाई हामीले सौभाग्यसाथ पाइरहेका छौं । उहाँको दर्शन क्षेत्रमा म त कुनै पनि नयाँ कुरा देख्तिनँ । हँ, भनाइको ढङ्गबाट पुरानै कुरालाई पनि नयाँ ढङ्गमा हृदयस्पर्श गर्ने ढङ्गमा भन्न सक्नुमा पनि विशेषता रहन्छ । उहाँले लेख्नुभएको 'मृत्यु', 'मेरा ती दिन' भन्ने कविता ठीक उस्तै साह्रै मर्मस्पर्शी हृदयलाई खलबल मचाउन सक्ने साह्रै निराशवादी कविताहरू छन्- *(विकासतिर लम्केको, 'उद्योग' लेखक परिचयाङ्क २००८)"*

कविता अनुवादमा पनि कर्माचार्यको अत्यन्त ठूलो योगदान रहेको छ । नेपाली साहित्यमा केही अनुवाद कविताहरू ***शारदा*** का विभिन्न अङ्कमा पढ्न पाइन्छन् ।

प्रकाशनको क्रममा माधवलाल कर्माचार्यको दोस्रो विधा कथा हो । उहाँको पहिलो कथा ***शारदा*** वर्ष ११ अङ्क ५ मा 'उद्घाटन' शीर्षकमा प्रकाशित छ । यसै गरी 'उच्चाटलाग्दो दिन' (वर्ष १३ अङ्क ४), 'अल्भेको ऊ' (वर्ष १३ अङ्क ११), 'तिनको रिस' (वर्ष १६ अङ्क १-४), 'तिनी फर्कदा' (वर्ष २० अङ्क १), 'शायद ऊ मर्छ' (वर्ष २० अङ्क २) कथा प्रकाशित छन् । साहित्य समाजको ऐना हो भनेभ्कै कर्माचार्यका कथाहरूले पनि त्यतिखेरको समाजको तस्बिर खिच्न सफल भएका छन् । उहाँका केही कथाहरू उहिल्यै नेपाली भाषा प्रचारक

संघ, करफोक इलामबाट 'मनै जति परेपछि' (कथासङ्ग्रह) २००९ सालमा प्रकाशित भएको छ। त्यति खेरैदेखि कथाकारका रूपमा चर्चित भैसक्नु भएका माधवलाल कर्माचार्य, आज पनि कथा लेखिरहनु भएको छ।

कथापछि ***शारदा*** मा प्रकाशनको क्रममा तेस्रो विधाका रूपमा कर्माचार्यको समीक्षा-समालोचना प्रकाशित भएको देखिन्छ। पहिलो समालोचनात्मक लेख हो- 'कहानीकार 'गोठाले' र कथासंग्रह' (वर्ष १३ अङ्क ६ र ७) त्यसपछि क्रमशः 'निबन्धकार हृदयचन्द र उनको तीस रूपैयाँ नोट' ( वर्ष १३ अङ्क ९), 'गद्य कवि जनार्दन शमशेर' (वर्ष १४ अङ्क ९), 'गोपालप्रसाद रिमालको मसान' (वर्ष १६ अङ्क ७-१०), 'च्यातिएको पर्दा र पल्लोघरको झ्याल' (वर्ष २४ अङ्क ५), 'आलोचना र साहित्य' (वर्ष २६ अङ्क १) तथा 'कवि श्यामदास बैष्णवको काव्य साधना' (वर्ष २६ अङ्क ५) प्रकाशित छन्। माथि उल्लेखित सबै समालोचनात्मक लेखहरूको सङ्ग्रह 'आलोचना र साहित्य' नामक पुस्तक २०२२ सालमा रत्न पुस्तक भण्डारले प्रकाशित गरेको छ।

***शारदा*** मासिक पत्रिकामा माधवलाल कर्माचार्यको पछिल्लो विधा लेख-निबन्ध देखिन्छ। ***शारदा*** मा प्रकाशित पहिलो निबन्ध हो- 'नेपाली साहित्यको प्रगति' (वर्ष १३ अङ्क ७), त्यसपछि क्रमशः 'जुनसुकै किसिमको बादलमा चाँदीको घेरा हुन्छ' (वर्ष १५ अङ्क ४), 'शिक्षामा साहित्यको स्थान' (वर्ष १५ अङ्क ६), 'सम्झना दुःख अथवा सुखका' (वर्ष १५ अङ्क १०), 'जनआन्दोलन र साहित्य' (वर्ष १६ अङ्क ९-१०), 'राजनैतिक उथल पुथलमा नेपाली साहित्य' (वर्ष १६ अङ्क १२), 'उमर खैय्यामको नेपाली अनुवाद' (वर्ष १७ अङ्क १) प्रकाशित छन्।

माधवलाल कर्माचार्यले माथि भनेझैं कविताका साथै एक दुइटा गद्य साहित्यको पनि नेपालीमा अनुवाद प्रकाशित गरेर ***शारदा*** को स्तरलाई उचाल्ने काम गर्नुभएको छ। समष्टिगत रूपमा भन्नुपर्दा कवि, कथाकार, लेख-निबन्धकार तथा समीक्षक समालोचकका रूपमा र अनुवादकको भूमिकाले समेत ***शारदा*** मा योगदान दिनुभएको कर्माचार्य स्वयम्को साहित्यिक व्यक्तित्व र कृतित्वले यही पत्रिकामार्फत फस्टाउने मौका पाएको सिद्ध हुन्छ।

यसरी झन्डै बीस वर्षसम्म ***शारदा*** का विभिन्न अङ्कमा छरिएर रहनुभएका माधवलाल कर्माचार्यसँग अबको आगामी दिनहरूमा आफ्नो विगतका दिन साहित्यमा लागेर भोगेका, अनुभव गरेका सम्झनाहरू लेखेर पुनः प्रकाशनमा आएको ***शारदा*** लाई स्तरीयता प्रदान गर्नको लागि अनुरोध गर्न मन लाग्छ। अझ ***शारदा*** सँग गाँसिएका उहाँका सम्झनाहरू भएमा सुनमा सुगन्ध थपिने थियो।

# भजन

मान्छेले पूजा मात्र गरेर ढुङ्गालाई भगवान बनायो
त्यै भगवानले न्याय नगर्दा मान्छेलाई बेइमान बनायो।

कतिपय थकित हातहरूमा यान्त्रिक अभिवादन देख्छु
बलि चढाएको रगत पुछेर सफा भएको आँगन देख्छु
धर्म गर्नेले मूर्ति बनाउने कामलाई श्रमदान बनायो
मान्छेले पूजा मात्र गरेर ढुङ्गालाई भगवान बनायो।

सुनको कमलले लेखेको हुँदैमा सुनौलो अक्षर नहुन सक्छ
धर्म गर्नलाई चाड र पर्व मात्र अवसर नहुन सक्छ
बलले भन्दा विवेकले धेरै मान्छेलाई बलवान बनायो
मान्छेलाई पूजा मात्र गरेर ढुङ्गालाई भगवान बनायो।


डा. राममान 'तृषित'






# MANAKAMANA

## The wish fulfilling GODDESS

**A very popular pilgrimage now made easily accessible by Manakamana Cable Car in only 10 minutes**

**Conveniently located enroute to Pokhara & Chitwan**


**MANAKAMANA CAFE**
**Located at bottom station serving Nepali, Indian and Continental Cuisine**

मनकामना दर्शन (प्रा.) लि.
**MANAKAMANA DARSHAN (P) LTD.**

P.O.Box: 4416, Manakamana Marg, Naxal,
Kathmandu, Nepal
Fax: 977 1 4434515
Ph: 4434648, 4434690
email: mdpl@chitawoncoe.com
www.chitawoncoe.com/manakamana

कविता

# मनलाई कहिल्यै दिमागमा नसार !






विष्णुविभु घिमिरे

तिमीले लेख्यौ
म मनबाट दिमागमा सर्दैछु
खै के भनूँ
दिमाग तर्क हो
मलाई तर्क मन पर्दैन
मन दिमागमा सरेपछि
फूल पनि काँडामा फर्छ
नदी पनि बगरमै मर्छ
जून पनि बादलभित्रै पर्छ ।

मन दिमागमा सरेपछि
संवेदनाको इन्द्रेणी हराउँछ
भावनाको वसन्त ओइलाउँछ
कल्पनाका तरङ्ग धर्मराउँछ
बुझ्यौ यस बेला
मान्छे र मरुभूमि उस्तै हुन्छ ।

त्यस बेला
एउटा रोबोट र एउटा मानिसमा-के फरक ?
एउटा फलाम र एउटा मनमा-के फरक ?
एउटा ढुङ्गा र एउटा फूलमा-के फरक ?

मानिस भइरहेर पनि सधैं मानिस हुन सक्दैन
मानिस भइराख्ने कुरा त मानिसको आफ्नै मन हो
मन विनाको मान्छे त
रोबोट, फलाम र ढुङ्गा नै हो

कृपया विन्ति छ मेरो !
मनलाई मनकै ठाउँमा राख
मनलाई कहिल्यै दिमागमा नसार !

कथा

# सपना र भ्रान्ति

“बधाइ, तपाईंको बिरामीले नयाँ जीवन पाउनुभएको छ ।” उसको होस खुल्नुसँगै कतै टाढाबाट आएजस्तै मधुरो आवाज कानमा परेको थियो । त्यो आवाज आफ्ना लागि थियो वा अरू कसैका लागि, त्यति बेला खुट्याउन सकेको थिएन उसले । शरीरमा कमजोरी अनुभव गर्दै थियो ऊ र आँखा अझै राम्ररी ठम्याउन असमर्थ थियो । ऊ कहाँ छ र किन छ भन्ने पनि उसले राम्ररी सम्झन सकेको थिएन त्यति बेला ।

“बाबु, कस्तो छ, तिमीलाई ? एक महिनापछि बल्ल होसमा आयौ नि मेरो बाबा !” एउटा ठूलो चिन्तामुक्तिले आश्वस्त आमाको खुसीमा सरोबर कम्पित आवाज चिन्यो उसले, र धमिलै भए पनि देख्यो आफ्नी आमाको खुसीमा छपक्कै भिजेका गह !

सुरुमा अनुमान गर्नै नसकेको नयाँ जीवनको कुरा कसका लागि भनिएको थियो भन्ने बुझ्न अब उसलाई कठिन परेन । आमाको त्यो स्नेहिल स्पर्श र खुसीमा भिजेको स्वरले त्यो उसकै सम्बन्धमा भनिएको थियो भन्नेमा विश्वस्त भएको थियो । तर किन...? के भएको छ उसलाई ? दिमागमा जति जोड दिँदा पनि त्यसबारे चाहिँ केही सम्झन सकेको थिएन उसले ।

बिस्तारै सबै कुराको सम्झना हुँदै गएको थियो उसलाई- कसरी आन्दोलनमा सहभागी हुँदा अकस्मात गोली लागेर ढलेको थियो ऊ । त्यसपछि लामो समय अचेतनमै मृत्युसँग सङ्घर्ष गरेको थियो उसले ।

त्यसरी जनआन्दोलनमा घाइते भएर एक महिना अर्धचेत अवस्थामा रही होसमा आउँदा परिवार र शुभचिन्तक सबैमा हर्षको लहर चलेको थियो । होसमा आएपछि उसले सुन्यो, ऊजस्ता धेरै सामान्यजनको रगत बगेको थियो राष्ट्रको नयाँ रूपान्तरण सम्भव तुल्याउन भएको त्यो आन्दोलनमा । धेरैको बलिदान लिएको थियो युगान्तकारी परिवर्तनको यो चाहना



विजय चालिसे

प्राप्तिले । जे होस्, त्यो रगत, त्यो बलिदान खेर गएन, त्यो नै खुसीको कुरो हो, ऊ असन्तुष्ट छैन ।

उसको स्वास्थ्यलाभमा खुसी प्रकट गर्ने आफन्तहरूबाट शुभकामना पाउँदै जान्छ ऊ । त्यसरी बधाइ र शुभकामना व्यक्त गर्न आउने अनुहारहरूमा त्यति बेला उसलाई आन्दोलनमा प्राण उत्सर्ग गर्न हौस्याउनेमध्ये केही देखेको छैन उसले । अस्पतालमा पनि देखिएनन् रे ती कुनै अनुहार, आफन्तहरू सुनाउँथे । आन्दोलनका सबै नेतृत्वदायी शक्तिहरू नयाँ राष्ट्रको निर्माणको जिम्मेवारी पूरा गर्नका लागि क्रियाशील रहेकाले समय मिलेन होला, ऊ सबैको चित्त बुझाउने प्रयास गर्छ र आफ्नो पनि मन बुझाउँछ यस्तो बेला । सरकार चलाउन र आन्दोलनका भावनालाई कार्य रूपमा परिवर्तन गर्नु प्रमुख कुरा हो, ऊजस्ताको हालखबर लिनु होइन, उसले आफैँलाई भन्ने गरेको छ । त्यति गहन जिम्मेवारी बोकेका नेताहरूले ऊजस्ता सामान्य आन्दोलनकारीको स्वास्थ्यका बारेमा जानकारी लिएर समय खेर फाल्नु अवश्य नै उपयुक्त हुँदैन पनि । यस्ता काम त अरूले गर्दा पनि त हुन्छ ! त्यसैले ती अनुहारहरू नदेख्दा पनि उसलाई कुनै गुनासो रहेन । हो, अबको प्राथमिकता ऊ अर्थात् व्यक्ति होइन, समष्टि हो र हो ऊजस्ताको सपनाको प्राप्तिमा समर्पण ।

अस्पतालको शैयामा अर्धचेतन रहेको उसको अचेतन मनमा बारम्बार एउटा सपना आउने गर्थ्यो । त्यो सपनामा ऊ देख्थ्यो- सिंहदरबारअगाडि पृथ्वीनारायणको समकक्ष बीसे नगर्ची र भानुभक्त पनि सगौरव उभिएका छन् साथै । त्यो देख्दा उसको नयाँ राष्ट्रले र एकीकरणका नायक मात्र सामन्ती नेतृत्व थिएन, त्यसलाई सफल तुल्याउने अरू पनि थिए जनबल र भाषाशक्तिका प्रतीक सामान्यजन भन्ने स्वीकारेमा सपनामै अत्यन्त हर्षित हुने गर्थ्यो ऊ ! र विश्वस्त हुन्थ्यो-अब बीसे नगर्चीहरू उपेक्षित बन्ने छैनन्, इतिहासले उनीहरूप्रति अन्याय गर्न सक्ने छैन ।

त्यसरी नै सपनामा सहिद स्मारकका सहिदहरू पुछारबाट शिरमा पुऱ्याइएका र उचित स्थान पाउन सफल बनेका छन् । त्यसरी आफै स्थापित हुन पुगेको अनुभव गर्ने गर्थ्यो अचेतन सपनाको संसारमा ! त्रिपुरेश्वर, जमल सबैतिर त्यस्तै देख्थ्यो ऊ- पुराना सालिकका अनुहार अन्दोलनकारी सहिदहरूका सालिकमा बदलिएका छन् । त्यो देख्दा अर्धचेतन अवस्थामै पनि उसलाई लाग्थ्यो- बल्ल हाम्रा बलिदानका चाहनाले मूर्त रूप लिन थालेछन् ! यसलाई आफूजस्तै आन्दोलनकारीले चाहेको सामन्ती सत्ताशक्तिको सुरुआत ठान्थ्यो ऊ । त्यति मात्र नभएर सत्ता र शक्तिको गणेशपरिक्रमाबाट हुने मूल्याङ्कनको अब कतै अस्तित्व देख्दैनथ्यो ऊ सपनामा, र तिनको ठाउँ अब योग्यता र क्षमताले लिएकोमा सपनामै अत्यन्त हर्षित हुन्थ्यो । देख्थ्यो-यसबाट सबैतिरको कार्यक्षमता र दक्षतामा बढेको छ, उत्पादकत्व बढेको छ, भ्रष्टाचार, चरित्रहीनता र कनसुत्ले प्रवृत्तिबाट राजनीतिक क्षेत्रले पनि पूरै मुक्ति लिएर मुलुक नयाँ दिशातर्फ बढेछ । समाज-सामाजिक क्रान्तितर्फ उन्मुख हुन थालेछ, सामाजिक भेदभाव हटेर मानवीय मूल्यमा ठूलो सांस्कृतिक परिवर्तन देखा पर्न थालिसकेको छ । बुद्धिजीवीहरू विवेक बोल्न थालेछन्, विवेकको बोलाइले समाजमा उच्च स्थान पाउन थालेछ । उसले सपनामा देख्ने गरेका ती दृश्य र अनुभूतिबाट ऊ सपनामै रमाउने गर्थ्यो । ती सबै आन्दोलनले पनि देखेका सपना थिए, त्यसैले आफूले अचेतनमै देखेका ती सबै सपना अवश्यै सत्य हुनुपर्छ, त्यो झूठो हुनै सक्दैन- चेतनामा आएपछि पनि ऊ विश्वस्त थियो ।

घर फर्केपछि पनि तङग्रिन लामै समय लाग्यो उसलाई । शुभकामनाले मात्र उसको पथ्य र औषधि खेपिँदैनथ्यो । अस्पताल छँदा कुन हो एउटा संस्थाले केही सहयोग गरेको थियो रे, पछि ती पनि कहाँ हराए, सम्पर्क गर्न खोज्दा पनि सफल सम्पर्क हुन सकेनछ । हुन त उसले सुनेको थियो सरकार मात्र होइन, पत्रकारदेखि नागरिक समाज र कलाकारसम्मको सक्रियतामा खडा भएका जनआन्दोलन घाइते उपचार सहयोग कोषहरू अनगिन्ती थिए र तिनमा करोडौं रुपियाँ जम्मा नभएका पनि थिएनन् ! अहिले ती कहाँ छन्- धेरैलाई थाहा थिएन तिनको सक्रियता । तिनबाट सुरुमा उसको परिवारले पाएको सीमित सहयोगले अस्पतालको शुल्कसमेत धान्नको थिएन रे, महँगा औषधि र पथ्यको कुरा त कता हो कता । रिनपिन गरेर, भएको एक टुक्रा बाबुबाजेको जमीन बेचेर

जेनतेन उपचार खर्च धानेर तङ्ग्राएका थिए परिवारले उसलाई । जे होस्, लामै विश्रामपछि ऊ अलिअलि हिँडडुल गर्नसक्ने भएको थियो ।

अस्पतालबाट घर फर्केर त्यसरी निकै दिन बिछ्यौनामा बिताउनु पर्दा ऊ टेलिभिजन हेर्थ्यो, रेडियो सुन्थ्यो र अखबार पढ्थ्यो । ती खबर सुन्दा, पढ्दा र हेर्दा लाग्थ्यो मुलुकले साँच्चै नै क्रान्तिकारी रूपान्तरण गरिसकेछ, परिवर्तनको लामो फड्को लिने प्रारम्भिक पाइला चलिसकेछ यसबीच । अब भने राष्ट्रमा दुहुनेको भन्दा भरणपोषण गर्नेको ठाउँ उँचो हुन थालेछ ! हिजो दृश्यमा रहेर सामन्ती संस्कृतिका प्रसारक पूर्व सत्तासञ्चालकहरूलाई सहयात्रीभन्दा नजिक ठानेर मनितो गर्दै शिर चढाउने सांसदले आन्दोलनको सञ्जिवनी पाएपछि पुराना अभ्यासलाई छाड्ने कसरत गर्ने उपक्रम सुरु गरेछ, युगान्तकारी निर्णयहरू गरेर राष्ट्रको पुनःसंरचनालाई संस्थागत तुल्याउने राम्रै प्रयास गरेछ ।

ती सबै कुरा पढ्दा, हेर्दा र सुन्दा ऊ अत्यन्तै प्रफुल्ल हुन्थ्यो- बल्ल मूर्त रूप लिन थाल्यो आन्दोलनमा देखेको लाखौंको सपनाले ! उसलाई ती सबै कुरा कहिले आफ्नै आँखाले हेर्न र मनले अनुभव गर्न पाइएला भन्ने थियो । त्यसैले उसका पाइला घरबाहिर निस्केर घुम्न व्यग्र थिए, आफ्नो सपनाको मूर्तीकरण आफ्नै आँखाले देख्न व्यग्र थिए । आज लामो बेडरेस्टपछि तङ्ग्रिएको उसको यो चाहना पूरा हुँदै थियो । त्यसैले उसले आज आफ्नो पहिलो योजना बनायो- ती परिवर्तनहरूलाई आफ्नै आँखाले हेरेर अनुभूत गर्ने । त्यो पहिलो योजनाअनुसार ऊ काठमाडौंका प्रमुखस्थानहरू हेर्न निस्कियो, आँखामा तीव्र उत्सुकता बोकेर ।

उसका पाइला बिस्तारै जमलतिर लागे । घरबाट बाहिर निस्कनासाथ उसको अप्रिय जम्काभेट घर छेउकै चौबाटोमा पहाड बनेर थुप्रिएको फोहोरको डुङ्गुर भयो । बाटो चारैतिर कुहिएको फोहोरको अप्रिय दुर्गन्धले ढाकिएको थियो र बटुवाहरू सबै नाक थुन्दै हिँडिरहेका थिए ।

"त्यति ठूलो क्रान्ति र परिवर्तन ल्याउन सक्ने हामीले अझै आफ्नो सहरलाई भने फोहोरमुक्त तुल्याउन सकेका रहेनछौं ?" उसको मनले आफैसँग सोध्यो र आफैले उत्तर पनि दियो- हुनसक्छ, ठूलो कुराको प्राप्तिमा लाग्दा सानातिना कुरा केही उपेक्षित भएका हुनसक्छन् ।

फोहोरकै बारेमा सोचेर अघि बढ्दै थियो, एक्कासि दुई-चार सय मान्छेको जुलुसले उसको मार्ग अवरुद्ध बनायो । अझै पूरै नतङ्ग्रिसकेको उसको शरीरमा त्यो भीडलाई ठेलमठेल गरेर अघि बढ्ने सामर्थ्य थिएन । त्यसैले ऊ केही टाढाबाट आउँदै गरेको जुलुस हेर्दै सुरक्षित ठाउँ खोजेर उभियो । उसले सोच्यो- यो जुलुस पक्कै आन्दोलनका चाहना अर्थात् जातीय-भौगोलिक सद्भाव, राष्ट्रिय सम्बृद्धि र अखण्डता, बाह्य हस्तक्षेपमुक्त स्वाधीनता र समग्रमा स्वाधीन-विकसित नेपालको कार्यान्वयनका लागि राजनीतिक शक्तिहरूलाई दबाब दिनका लागि निकालिएको जुलुस हुनुपर्छ !

जुलुस नजिकै आउँदा उसले त्यसमा लागेका नाराहरू स्पष्टै सुन्यो । त्यो सुनेर उसको मन भरङ्ग भयो- तिनमा एक अर्काप्रतिको सद्भाव बढाउने खालका अभिव्यक्ति कतै थिएनन् । राजनीतिक निकासको मूल प्रश्नमाथि कतै कुनै सम्बोधन थिएन । बरु थिए आपसी खाडल बढाउने अभिव्यक्ति, जातीय र भौगोलिक विद्वेषका डरलाग्दा आक्रोश ! उसलाई लाग्यो, हुनसक्छ यो पुरानै नेपालको सपना देख्ने कुनै समूहको आक्रोश होला । जातीय र भौगोलिक खाडल चर्काएर नयाँ सपनाहरूको विखण्डन उनीहरूको अभीष्ट हुनु अस्वाभाविक थिएन उनीहरूले त्यो उद्देश्य प्राप्तिमा असफल नै भए पनि प्रयत्न गर्नु पनि अनपेक्षित थिएन । यति ठूलो परिवर्तनमा यस्ता त्यसलाई नरुचाउने केही झिना स्वरहरू सुनिनु स्वाभाविक छ यो सङ्क्रमणको समयमा- उसले आफैलाई सम्झाउने प्रयास गऱ्यो । त्यही सोचेर ऊ जुलुसका ब्यानर र जुलुसमा चर्को स्वर निकालिरहेका अनुहार नियाल्न थाल्यो तर यी अनुहारमा परिवर्तनका विरोधी अनुहारभन्दा हिजो परिवर्तनका लागि ऊसँगै होम्मिने अनुहारहरू नै पो देखिँदैछन् त ! के भएको हो यो, ऊ केही बुझ्दैन । ऊ देख्छ राष्ट्रको बृहत्तर स्वार्थ र आन्दोलनका मूल मागलाई भन्दा निहित समूहस्वार्थ र अधिकारलाई नै प्रमुख माग बनाइरहेका ती अनुहारहरूमा सबै देखिन्थे- आफूलाई प्रजातन्त्रवादी ठान्नेहरू, मार्क्सवादी दर्शन र आदर्श मान्छु भन्नेहरू, आफूलाई उदारवादी ठान्ने मध्यमार्गीहरू ! ती कोही कुनै दलबाट विधायिका

संसदको प्रतिनिधित्व गरिरहेका थिए, कोही कुनै दलको । तिनका कुनै पनि माग र आवाज तिनले प्रतिनिधित्व गर्ने दलको नीति-सिद्धान्तसँग कतै मेल खाने खालको पाएन उसले । के त आन्दोलनपछिको राजनीति बृहत्तर दलगत र राष्ट्रिय दृष्टिकोणबाट भन्दा भोटको लोकप्रिय दृष्टिकोबाट निर्देशित हुँदैछ ? मनभित्र अनेकौं जिज्ञासाका ज्वारभाटा उठिरहेका थिए र कतैबाट कुनै उत्तर पाउन असफल थियो ऊ त्यतिखेर । अलमल्ल पऱ्यो ऊ त्यो सङ्कुचित विद्वेषका नारा लाउनेमा नयाँ राजनीतिक संस्कृतिका प्रवक्ता भनिनेहरू समेतलाई देख्दा ! लाग्थ्यो ती सबै आ-आफ्ना दलीय सैद्धान्तिक प्रतिबद्धताबाट भन्दा भोलिको मत सुरक्षणका लालसाले तनिएका छन् । त्यसैले भीडलाई नेतृत्व लिएर सही बाटो हिँडाउने आफ्ना नेताहरूमा उसले देख्न चाहेको गुण र नेतृत्व क्षमता अहिले स्वयम् भीडद्वारा निर्देशित र नियन्त्रित हुँदै थियो सायद ।

भीड पातलिएपछि मनमा अनेकौं कुरा खेलाउँदै उसका पाइला अघि बढे । संस्कृत छात्रावासनजिकै कमलादी मोडमा पुगेर ऊ आफूले सपनामा देख्ने गरेको परिवर्तन हेर्न टक्क उभियो । झ्वाट्ट हेर्दा कुनै परिवर्तन देखेन उसले । सालिकमा मात्र होइन त्यो सालिकलाई सधैं बोकेर बस्ने पीठिकासमेत परिवर्तित भएको हुनुपर्छ, यस्तै सोचेको थियो उसले, जस्तो उसले सधैं देख्ने गरेको सपना थियो । आँखा गाडेर हेऱ्यो उसले- चौबाटोको त्यो विशाल पीठिका पहिलेजस्तै चारैतिर साङ्लाले घेरिएरको थियो, एकदमै सुरक्षित, अपरिवर्तित ! अहँ, पीठिका वरिपरि त्यस्तो परिवर्तनको कुनै आभास पाएन उसले । फेरि सोच्यो, पीठिका उस्तै भए पनि सालिकले त पक्कै परिवर्तन गरेको हुनुपर्छ आफूलाई ! यसमा उसको मन ढुक्क थियो । त्यही निश्चिन्त मनले ऊ सालिकमा आफूले सपनामा देखेका परिवर्तन खोज्न थाल्यो ।

आँखा मिचीमिची हेऱ्यो- कतै लामो बिमारीले आँखाको ज्योति त गुमेन उसको ? आफैलाई शङ्का लाग्यो । फेरि पनि आँखा मिचेर हेऱ्यो तर जति नै आँखा मिचेर हेरे पनि त्यहाँ कुनै परिवर्तन देख्न सकेन उसले । त्यो त्यस्तै मात्र देख्यो, जुन उसले आन्दोलनका क्रममा यही ठाउँमा गोली थाप्दाको क्षणमा देखेको थियो । धेरै पटक मिचेर हेर्दा अरू सबै कुरा ठीकठीक देखेको विश्वास भएपछि शङ्का गर्ने कुनै ठाउँ भेटेन उसले । अब उसलाई पूरै विश्वास भयो आँखामा कुनै खराबी छैन । तैपनि उसको मन आश्वस्त थियो- पीठिका त बाहिरी रूप न हो, सार त यसको उच्चशिखरमा अवस्थित गर्वोन्नत सालिक पो हो त ! त्यो पक्कै पूर्ववत् छैन होला, त्यसमा अवश्यै परिवर्तन आएको हुनुपर्छ । त्यसको रूप अवश्यै बदलिएको हुनुपर्छ, सपनामा देखेजस्तै !

उसका दृष्टि सालिक रहेको त्यो विशाल पीठिकाको तलबाट बिस्तारै आधारस्तम्भ हुँदै माथिमाथि उठ्दै गए । अझै पनि उसले त्यहाँ आफूले सोचेजस्तै परिवर्तनवाहक जनविम्ब फेला पार्न सकेन । अझै पनि पुरानै शासकीय शक्तिप्रतीक नै गजधम्म ठडिएको थियो- गर्वोन्नत ! त्यो पुरानै प्रतीक र पुरानै अधिनायकी आधिपत्यको गर्वोन्नत विम्ब देखको कठोर कठोर सत्यले उसलाई नराम्ररी घोचे ! त्यो पहिलेजस्तै थियो- सामन्ती संस्कृतिको उच्चतम प्रतिनिधित्व गरिरहेको शिरपोशधारी त्यो सालिकको अनुहारमा अझै पूर्वकालीन दम्भको आभास पाइरहेको थियो । लाग्यो, कतै सडकमा उभिएको उसमाथि नै सनातन उपेक्षाको व्यङ्ग्यभाव त फ्यालिरहेको छैन ऊ ! लाग्यो, ऊतिरै तेर्सिएको लामो दण्ड चेतावनी बोलिरहेको थियो- खबरदार शिर उठाएर हेर्लास् ! फरक यति मात्र देख्यो उसले- हिजो त्यो नीर्जिव सालिकको सुरक्षामा तीन-चार जना सजीव मूर्तिहरू तैनाथ देखिन्थे हातमा बन्दुक बोकेर । आज भने ती थिएनन् । सायद सालिक तीविना नै आफूलाई पहिलेभन्दा बढी सुरक्षित ठान्न थालेर अझै गर्वोन्नत खडा थियो स्मित व्यङ्ग्य हाँस्दै ।

"ए...के ट्वाल्ल परेर हेरिरहेको बीच सडकमा ? उता हट्....!" एउटा वर्दीधारी कर्कस आवाजले ऊ झसङ्ग भयो । त्यो अनपेक्षित आवाजले उसका भावतरङ्ग भङ्ग भए । यी हिजो पनि सालिककै सुरक्षामा सुरक्षाभित्र कर्तव्यपरायणता खोज्ने गर्थे, सायद आज पनि त्यही गर्दैछन् । सालिकले आज आफैं सुरक्षित ठाने पनि ऊ स्वयम् भने सुरक्षित ठान्न सक्तैन आफूलाई यति बेला । त्यसैले यहाँ बसेर अफूलाई थप असुरक्षित ठान्नुभन्दा यहाँबाट अन्तै लाग्नु उपयुक्त ठान्यो उसले, आफ्नो सपनामा देखेका अन्य ठाउँहरूको अपेक्षित रूपान्तण

पनि त हेर्न बाँकी नै थियो । उसका अझै राम्ररी नतङ्ग्रिएका कमजोर पाइला अघि बढ्दै गए ।

त्यही बीच उसले सोच्यो, छोटो समयमा सबै कुरा एकै पटक परिवर्तन हुनु सायद सम्भव थिएन । त्यसैले यसको पालो आउनै बाँकी होला, सुरु अन्तैबाट पो भएको छ कि ? सबै आफैंले नहेरी ऊ कुनै दृष्टिकोण बनाउने पक्षमा थिएन । त्यही कारण उसले अब राज्यको मूल शासकीय केन्द्र हेर्ने इच्छाले आफ्ना पाइला त्यतैतिर बढायो ।

त्यहाँ पनि उसका आँखा सबैभन्दा पहिले विशाल सालिक रहेको पीठिकामा पुगेर अडिए । पीठिका त्यस्तै थियो, जति बेला उसले त्यही बाटो परिवर्तनको शङ्खघोष गर्दै शिरमा सेतो कात्रो बेरेर पटक-पटक परिवर्तनका लागि आफूलाई बलिदानको मोहरीमा होमेको थियो । उसमा आफ्ना आँखा त्यसरी नै त्यो पीठिकाको तल पुग्यो बिस्तारै । उसका आँखाले त्यहाँ त्यो विशाल सालिकसँगै बीसे नगर्ची र भानुभक्तको प्रतिविम्ब खोज्यो । अहँ, यहाँ पनि उसले त्यो देखेन- बीसे नगर्ची कतै देखिँदैनयो, भानुभक्त क्षतविक्षत मिल्किएका देखिन्थे त्यही गर्वोन्नत सालिकमुनि ! फेरि पनि आँखा मिचेर हेऱ्यो, दृश्य तिनै थिए पूर्ववत्, जस्तो उसले परिवर्तनभन्दा पहिले देखेथ्यो । उसका पाइला लर्खराउँदै सहिदगेट पुगे । त्यहाँ पनि स्वतन्त्रताका लागि रगत बगाउनेहरू खुम्चिएर तलै थिए । टुँडिखेल यस्तै थियो, र सैनिकमञ्च अझै शक्तिको परेड खेल्दै थियो । फरक यति थियो हिजो उसको प्रवेशवर्जित रत्नपार्कको खुलामञ्च आज उसका लागि वर्जित थिएन ।


उसले परिवर्तनका प्रतीक ठानेका ती सबै ठाउँमा परिवर्तनका कुनै सङ्केत नपाउँदा उसको मन भरङ्ग भयो । उसले ठान्यो यी सबै भौतिक परिवर्तनभन्दा मानसिक मनोवृत्तिको परिवर्तन सायद महत्त्वपूर्ण ठानिएको हुनुपर्छ । त्यसैले उसलाई हिजो आमूल परिवर्तनका लागि भनेर ऊ जस्ताको नेतृत्व गर्ने राजनीतिक दल र तिनैबाट सञ्चालित सरकारी कार्यालय हेर्न चाह्यो । निश्चय नै राजनीतिक नेतृत्व र सरकारको कार्यशैली हिजैकोजस्तै छैन आज ! ऊ विश्वस्त थियो-उनीहरूको कबोलीमा मात्र होइन अब कार्यशैलीमै पूर्ण लोकतान्त्रिक रूपान्तरण भएको हुनुपर्छ । त्यसैले उसलाई विश्वास थियो आजका नेताहरू हिजोजस्तै जनताले भ्रष्ट भनी चिनेका चरित्र र आफ्नै झोला बोक्ने पार्टी कार्यकर्ताबाट घेरिएका देखिने छैनन् । कार्यालयहरूमा कार्यकर्ता र दलीय स्वार्थलाई नै राष्ट्रको काम ठान्नेहरू पुरस्कृत हुने हिजोको अभ्यास योग्य, सक्षम र वरिष्ठको सही मूल्याङ्कन गर्ने संस्कृतिमा परिवर्तन भैसकेको होला । उसले चाहेको पनि त त्यही थियो- भाषणमा नभएर चरित्र र कार्यशैलीको गुणात्मक परिवर्तन । यति भए पछि त अन्य बाहिरी परिवर्तन अपरिहार्य भै नै हाल्छ । आखिर हिजोको समस्या लोकतन्त्रलाई जीवन शैलीमा ढाल्नुकै त थियो !

"होइन, यो मन्त्रालय त अरूलाई दिनै हुँदैन नेताज्यू, यो दिएर भोलि पार्टी कसरी चलाउने ? पार्टी चलाउन पैसा चाहिएन ! हाम्रो र कार्यकर्ताका पनि त पेट छ, सबैको चित्त बुझाउन नसके को बस्छ हाम्रो पार्टीमा ?" सर्वाधिक प्रभावशाली नेताको कोठामा पस्नुअगाडि नै बाहिरैबाट सुनेको यो आवाजले ऊ झस्कियो । अलिकति खुलेको ढोकाको कापबाट चियाएर हेऱ्यो- ती सर्वशक्तिमान नेताज्यू तिनै हिजोका गनाएका अनुहारहरूबाट घेरिएका थिए ।

"हो त, यो पैसा आउने मात्र होइन सेना र प्रहरी परिचालन गर्ने मन्त्रालय पनि छाड्न मिल्दैन । भोलि चुनाव लड्नु छैन र हामीलाई ? यी शक्ति आफ्नो नियन्त्रणमा नहुने हो भने कसरी जितिन्छ संविधानसभाको चुनाव !" अर्को बदनाम अनुहार उकास्दै थियो आफ्ना सर्वशक्तिमान नेतालाई । नेताज्यूलाई भेट्ने आशामा लामै समय बाहिरै प्रतीक्षारतः असङ्ख्य अनुहारहरूले भने भित्रबाट चुहिएका ती कुरा सुनेर लज्जाबोध गरिरहेको अनुमान गऱ्यो उसले ।

त्यो वातावरण देखेपछि अब आफूले आदर्श मान्दै आएका सर्वशक्तिमान नेतालाई समेत भेट्ने जाँगर रहेन उसमा । अन्य कार्यालय पुगेर परिवर्तनको अनुभूति गर्ने उसका इच्छा पनि सेलाउँदै गए-कीटाणुग्रस्त मूलकाण्ड नै विकारग्रस्त र रोगी छ भने हाँगाबिँगाको हालत त्योभन्दा के नै फरक होला र ? के त आन्दोलन अझै सकिएको छैन, उसले मनमनै सोच्यो र शिथिल पाइलालाई बाहिऱ्यायो बिस्तार बिस्तारै ।

# समकालीन कथामा वैयक्तिक चेतनाको तीव्रता



किशन थापा 'अधीर'

वि.सं. २०४६ मा प्रजातन्त्रको पुनर्प्राप्तिपश्चात् व्यक्तिलाई पहिलेको तुलनामा कतिपय अधिकार पनि प्राप्त भयो र ऊ राज्यतन्त्र र समाजको एक प्रतिष्ठित तथा उत्तरदायी एकाइ बन्न पुग्यो । सामाजिक क्षेत्रमा व्यक्तिले आफ्नो अस्तित्वमा अधिकार प्राप्त गऱ्यो भने साहित्यमा पनि व्यक्तिको यस स्वरूपको स्वाभाविक चित्रण भयो । वास्तवमा कुनै समाजलाई बुझ्न त्यसमा रहने व्यक्ति एकाइहरूको माध्यम नै उपयुक्त हुन्छ । व्यक्तिहरूमा जुन प्रकारको चेतना स्तर हुन्छ, त्यसैबाट समाजमा स्वस्थ वा अस्वस्थ स्वरूपको निर्माण हुने गर्दछ । खासै भन्ने हो भने एकाइको जीवन एक एकाइको मात्र हुँदैन, समाज र समयको जीवनको प्रतिध्वनि पनि त्यसमा सुन्न सकिन्छ ।

नेपाली कथापरम्परामा मैनालीप्रवृत्तिका कथामा वर्गपात्रहरूको मात्र चित्रित भएको देखिन्थ्यो । त्यसपश्चात् मनोविज्ञानपरक कथाहरूमा भने व्यक्तिपात्रको अवश्य उद्भव भएको थियो, तर त्यहाँ व्यक्तिको अन्तर्मनलाई एक विशेष मनोवैज्ञानिक कोणबाट बुझ्ने/केलाउने गरेर व्यक्तिपात्रको पहिचान गर्ने काममा समर्थता प्राप्त गरिएको देखा पर्दैन । यसको कारण के हो भने ती कथामा व्यक्तिपात्रको पहिचानभन्दा दमित इच्छाको निकास हुने प्रकृयाको चित्रणमा कथाकारले आफ्नो प्रतिभा तिखार्ने गरेको पाइन्थ्यो । यस युगमा व्यक्तिको आफ्नो स्वतन्त्र सीमा छ र ऊ स्वयम्लाई एक अलग अस्तित्वगत एकाइ मान्दछ । यसै कारण समकालीन कथामा आजको व्यक्ति हुँदै प्रकारान्तरले उसकै समाजलाई यसै वैयक्तिक चेतनाको माध्यमबाट जाँच्ने/बुझ्ने काम गरिएको पाइन्छ ।

समकालीन नेपाली कथाहरूको अध्ययन गर्दा के पाउन थालिएको छ भने समष्टि-चिन्तनविषयक सबै प्रकारका मान्यताहरू तथा विचारधाराहरू बिस्तारैबिस्तारै प्रभावहीन हुँदै गएका छन् । यसको तात्पर्य केचाहिँ होइन

भने समकालीन साहित्यले उत्तरआधुनिकतावादबाट प्रभावित भएर पनि बहुलतावादी स्वरलाई समेटेको छैन, तर व्यक्तिवादी चेतना कुनै एकाइ मात्र पनि होइन । यो त प्रकृया हो, किनभने थुप्रै समाजलाई बुझ्ने यो एउटा भिजन पनि हो । यस समयका व्यक्ति अत्यधिक तार्किक हुँदै गएको छ र उसलाई कुनै परम्परागत अथवा स्थापित चिन्तनदृष्टिले जान्नसक्नु लगभग असम्भव हुन थालेको छ । त्यसैले समष्टिगत चिन्तनको स्थानमा बिस्तारैबिस्तारै व्यक्तिगत चिन्तनको महत्त्व बढ्दै गएको छ । भनाइको तात्पर्य केचाहिँ होइन भने आजको व्यक्ति प्रत्येक स्तरमा भिन्नाभिन्नै एकाइहरूमा विभाजित भइसकेको छ र यिनको कुनै समन्वित स्वरूप नै छैन । यस समयका व्यक्तिको व्यष्टिचिन्तनको अभिप्राय के हुन्छ भने आजको व्यक्ति अधिक मात्रामा जागरुक भइसकेको छ, जसले गर्दा ऊ प्रत्येक प्रश्नको बारेमा भिन्न ढङ्गले सोच्ने गर्दछ र समाजहितका लागि जेजस्तो समाधान हुन सक्छ, त्यसलाई प्रस्तुत गर्न सक्तछ ।

कुनै पनि व्यक्ति समाजको अङ्ग हो भने कुनै न कुनै रूपमा सामाजिक हितसित जोडिएको पनि हुन्छ । ऊ समाजको अङ्ग किन हो भने उसले स्वयम्बाट ठूलो शक्तिलाई स्वीकार गरेको हुन्छ । यसको आशय केचाहिँ होइन भने समाजको अध्ययनबाट व्यक्तिलाई बुझ्न सकिन्छ । पूर्ववर्ती प्रायजसो नेपाली कथामा कथाकार समाजको माध्यमबाट व्यक्तिलाई बुझ्ने प्रयत्न गर्दथे । परिणामस्वरूप त्यहाँ अवास्तविक निष्कर्ष प्राप्त हुन्थ्यो । समकालीन कथामा भने व्यक्तिको माध्यमबाट समाजको स्वरूपलाई बुझ्ने प्रयास गरिएको पाइन्छ । यो प्रकृया निश्चय नै अन्तर्मुखी छ, किनभने कथाकार व्यक्तिको माध्यमबाट मानवीय स्वरूप प्राप्त गर्दछ । यसै कारण समकालीन नेपाली कथामा जीवनको जटिल अभिव्यक्ति, एक्लोपनको अभिव्यक्ति, अस्तित्वको विवशता जस्ता स्थितिहरूमा एक अस्तित्वचेत व्यक्तिको स्वच्छन्दता, बौद्धिकता र मानकको कलात्मक द्वन्द्व देखा पर्छ ।

मोहनराज शर्माको वैखरी कथामा शैक्षिक वातावरण, शिक्षणपद्धति, शिक्षण संस्था इत्यादिका विकृति केलाउने प्रयत्न गरिए तापनि वैयक्तिक चेतनाको सम्पूर्ण विसङ्गतिका मूल स्रोतसँग युद्ध चलेको देख्न सकिन्छ । यहाँ वैयक्तिक चेतना 'मानवताको सन्दर्भ' छ भने यससित युद्धरत प्रतिद्वन्द्वी यसका इतर पक्षहरू । यसलाई यस कथांशद्वारा पुष्टि गर्न सकिन्छ :

*...भागेनाथ मानवीय भाषालाई मानवताको ठूलो सम्पत्ति ठान्छ । मानिसको बोलीमा विवेकसम्मत मानवीयता हुन्छ र पशुको बोलीमा विवेकहीन पाशविकता हुन्छ भन्ने उसको दृढ धारणा छ । जो आफ्नो बोली छाडी पशुको बोली बोल्छ त्यसको मानसिकता र आचरण-व्यवहारमा पनि पशुता समाहित हुन्छ भन्ने उसको विश्वास छ ।*

*(वैखरी, कथासङ्ग्रह : पृ. ४२ )*

वैयक्तिक देखिए तापनि सम्पूर्ण मानवजातिकै निजी पेवाका रूपमा देखिने यस प्रकारको चेतना निश्चय नै समकालीन कथालाई विस्तृत आयाम दिन सक्षम देखिन्छ ।

मनु ब्राजाकीको 'पारदर्शी मान्छे' कथामा जुनसुकै परिस्थितिमा पनि मान्छेले आफ्ना अस्तित्वको महत्तालाई ठूलो ठानेर कृयाकलाप गर्ने गर्दछ भन्ने तथ्यको रोचक नाटकीकरण गरिएको छ । आफ्ना लागि संसारैसँग घात गरेर पनि शत्रुता मोल्न पछि नपर्ने अस्पष्ट व्यक्तित्वहरू देखा पर्न थालेको प्रसङ्ग यहाँ उल्लिखित छ ।

"मान्छेको संस्कार नै उसको वास्तविक परिचय हो । ...यिनको परिचय यिनको अगाडि हैन पछाडि छ ।..."

*(पारदर्शी मान्छे, कथासङ्ग्रहः पृ. ४)*

समकालीन युगमा मानिसलाई आफ्नो प्रसिद्धि र सम्मान पाउने चाहनाको भोक तीव्र रूपमा जागेको हुन्छ । आफूलाई बढीभन्दा बढी स्तरीय सुविधा दिइयोस् र आफ्नो अस्तित्वलाई अन्यले सम्मान गरून् भन्ने चाहना राख्ने व्यक्तित्वको प्रतीकका रूपमा ध्रुवचन्द्र गौतमको 'कथान्त–१,२' कथामा 'म' पात्र र 'बलराम' आएको छ । मान्छेको यस्तो भोक यताको समयमा झन्झन् बढ्दो भएको कुरा निम्न कथांशले स्पष्ट पार्छ :

"बलरामलाई कसैले चिन्छ कि चिन्दैन, त्यो जान्न खोजिरहेको थिएँ ।"

*(साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोण : पृ. ९८)*

किशन थापा 'अधीर'को स्थिति कथामा शैक्षिक बेरोजगारीका साथसाथ एक्लोपनले सताइएको व्यक्ति जुनसुकै प्रकारका कठिनाइ भोगेर भए पनि आफ्नो

अस्तित्वका लागि सङ्घर्षरत रहेको देखाइएको छ । यसै क्रममा ऊ बाँच्नका लागि पागलखानाको शरणमा पुग्न विवश भएको छ ।

'लीला' (परशु प्रधान), 'अभियोग' (अनिता तुलाधर), 'किनभने ऊ देवता थियो' (ध्रुव सापकोटा), 'द्वयार्थ' (पुष्पलता आचार्य) जस्ता कथाहरूले पनि वैयक्तिक चेतनालाई व्यक्तिको एउटा सबल हतियारका रूपमा प्रस्तुत गरेको पाइन्छ ।

इन्द्रकुमार श्रेष्ठ 'सरित'को 'दृष्टिभ्रम/मतिभ्रम' कथामा पुरुषमा पौरुषगुण सन्तानोत्पादनको ऊर्जाभन्दा नारीको अहम्‌को समन गर्न सक्ने पौरुषलक्षण आवश्यक हुन्छ भन्ने दृष्टिकोण प्रस्तुत भएको छ ।

आजको आडम्बरयुक्त युगमा मान्छेलाई आफ्नो इज्जत सबैभन्दा ठूलो कुरा भएको छ । यसका लागि प्रकृतिका विरुद्ध जानुपर्ने, जघन्य अपराध गर्नुपर्ने, जतिसुकै ठूलो पापकर्म गर्न पनि अघि सर्नुपर्ने बाध्यतामा मान्छे अल्भिएको छ । त्यसैले भर्खरै जन्मिएको आफ्नै शिशुलाई मार्न पनि नहिचकिचाएको प्रसङ्गलाई रोशन थापा 'नीरव'को '...?' कथाले कोट्याएको छ । अवैध सन्तान जन्माउनु र त्यसलाई मार्नु अनि भित्रभित्रै त्याग्नुलाई पनि सभ्य वा इज्जतदारको शान ठान्नुपर्ने आजको खोक्रो सभ्यतामाथि यस कथाले तीव्र व्यङ्ग्य गरेको छ । त्यसैले मानवजाति अब विश्वासहीन पात्रको रूपमा फेला पर्दै छ :

अनि अर्को अभीष्ट चाहना : अब म मानवदेहमा फेरि कहिल्यै जन्मन नपरोस् । मानवबस्तीमा कहिल्यै बस्न नपरोस् । यसैले म बग्दै गएँ । म चाहन्छु,टाढाटाढा जाऊँ...। त्यस्तो टाढा, जहाँ मानव, युग, सभ्यता केही नहोस् ।

*(तेस्रो विश्वयुद्ध, कथासङ्ग्रह : पृ. ४४)*

अब आएर प्रेमको क्षेत्रमा पनि समकालीन चेतनाका कारण आवश्यक बौद्धिकताको पक्ष पनि बिस्तारैबिस्तारै खुल्दै गएको छ । व्यक्तिलाई जीवनको अर्थ एवम् दृष्टिले 'आफू' नै महत्त्वपूर्ण हुने कुरा बोध गरिँदै गएको प्रसङ्ग देखा पर्दैछ । यसबाट अस्तित्वचेतको पक्ष त बोध गर्ने काम भएको छँदैछ, साथै जीवनप्रति उत्तरदायित्वपूर्ण मोह पनि जगाउने काम भएको देखिन्छ :

साँच्चै केही गरौँ भन्ने उमेरमा बढिरहेको युवालाई यस्तै...प्रेम, संस्कार, सभ्यता आदिको बन्धनले कति खुम्चाउँदै लगेको हुँदोरहेछ !

अब त निकै सहजताका साथ भन्न सकिन्छ; जे भयो, राम्रै भयो र जे हुँदै छ, त्यो पनि राम्रै हुँदैछ । ऊ आफ्नै नाटक छाडेर हिँडिदिई, मेरो के विरोध ! गर्नु थियो उपयोग वैयक्तिक स्वतन्त्रता को...बस, गरिदिई । म यसलाई जिन्दगीको सारा पन्नाको एक सार सम्भेर किन कलुषित घटना सम्झूँ ? फेरि आफ्नो लक्षित स्टेसन पनि बदल्दै हिँड्न सक्ने दरिलो मुटु भएका यस्ता बहादुरदेखि मलाई त्यसै पनि डर लाग्ने गर्दछ । म यही डरको कारण उन्नति गर्न नसक्ने भएको छु । नत्र त्यस्ता बहादुरीको कार्यक्रमपछि क्रान्तिको कार्यक्रम जोड्नु जरुरी थियो, आखिर 'इमानदारी' पनि त कुनै चीज हो !

जे होस्, मैले आफैलाई सम्भाउनुपर्‍यो, जिन्दगीको माने धेरै चीजहरूमा हुन्छ, कुनै एक वस्तुमा मात्र त हैन नि युवक !

*(मोनिमासँग एक दिन, मधुपर्क : पू.३४७, २०५५, पृ. ६०।)*

रत्न प्रजापतिको कथा 'अफिसरनीको जुत्ता'मा जुत्तालाई आफ्नो स्वाभिमानको रूपमा लिइएको प्रसङ्ग छ । मान्छेले आफ्नो ठाटबाटलाई उपल्लो स्तरको कुरा भनेर महत्त्व दिने गर्दछ । आवश्यकताभन्दा आडम्बरलाई ज्यादा महत्त्व दिने व्यक्तिगत धारणा वास्तवमा अब हाम्रो समाजमा निजी सन्दर्भ मात्र भएर रहेको छैन, समाजगत अवधारणाको रूपमा परिणत हुने दिशातिर बढिरहेछ । समाजमा उच्च ओहदा पाउन त्यति गाह्रो नहोला, तर त्यस ओहदाको पोज कायम राख्न मान्छेले गर्न थालेको धपेडी गाह्रोको सीमामा पुगेको छ । यस स्थितिमा घुसखोरीजस्ता विकृति जन्मिने कथाकार प्रजापतिले स्पष्ट सङ्केत गरेका छन् । आवश्यकता एउटा कुरा हो, आडम्बर अर्को कुरा, तर आवश्यकतालाई पनि आडम्बरकै खोलभित्र छिराउने प्रयत्न स्वाभिमान भन्न नमिल्ने कुरा हो :

"भोज त जानैपर्छ, नत्र तिम्रा आमाबुवाले चित्त दुखाउँछन् ।" म उनीतिर हेरेर भन्छु । उनी पुलुक्क मतिर हेर्छिन् र अलिकति रिसाएझैँ गरेर भन्छिन्, "जाने

त जाने, तर कसरी जाने ? कसको जुत्ता लगाएर जाऊँ म ? के अफिसरकी स्वास्नी भएर अरूसित जुत्ता माग्न जाऊँ म ?"

*(गोरखापत्र : भाद्र २०६० पृ. ख)*

नेपाली समाजमा स्वतन्त्रताको प्राप्तिपश्चात् पारिवारिक संस्थाहरू, दाम्पत्य, विवाह आदिजस्ता बदलिँदा परिस्थितिहरू देखा परे । समकालीन कथाले तिनलाई कलापूर्ण अभिव्यञ्जित गरेको देखिन्छ । वर्तमान समयमा देखा परेका अधिकांशतः पारिवारिक सम्बन्धहरूको विरानोपन, व्यक्तिका एक तटस्थ द्रष्टाको रूप तथा एक निरपेक्ष दृष्टिलाई समकालीन कथामा रोचक पारामा चित्रण गर्ने गरिएको पाइन्छ । कथाकार बाबुराम लामिछानेको कथा 'गजेन्द्रको गाडा'मा वैयक्तिक चेतनाका माध्यमबाटै समकालीन युगबोध गरिएको छ । नव सिलवालको 'थोत्रो छाता' कथाले वैयक्तिक चेतनाको विस्तारलाई स्पष्ट पार्दछ । पद्मावती सिंहको 'ऊ किन मुस्कुराई ?' कथाले समकालीन युगबोधले व्यक्तिलाई आफ्नो लाभबारे सोच्न कसरी प्रेरित गरिरहेछ भन्ने स्पष्ट गरिएको छ । जीवनलाई आफ्नै-आफ्नै ढङ्गबाट हेर्ने दृष्टिकोण तयार पार्नुपर्ने मत राख्ने थुप्रै समकालीन कथाहरूमध्ये विन्द्या सुब्बाको 'अन्ना' कथा पनि एक हो ।

समकालीन युगमा मान्छे जति आफूलाई भिजाउँदै जान्छ, उति समयअनुकूल बढ्न नजान्ने व्यक्तिका रूपमा अनुवाद हुँदै जाने गरेको पनि पाइन्छ । वास्तवमा समकालीन परिवेशमा आफ्ना वरिपरि उन्नतिको भरेङ चढ्दै जाने व्यक्तित्वहरूको गति हेरेर आजको मान्छे आफैमा सीमित हुन थालिरहेको छ । त्यसैले आफ्नै असीमित इच्छाआकाङ्क्षाको चक्रमा फस्तै गरेका व्यक्तिको तस्बिरलाई कथाकार धीरेन्द्र मल्लले 'उदाहरण' कथामा स्पष्ट पारेका छन् ।

समकालीन नेपाली कथामा सामाजिक समस्याहरूलाई स्थूल रूपमा उठान नगरिएको होइन, तर तिनमा समस्याको बाह्य स्वरूपभन्दा आन्तरिक स्वरूपको चित्रणतर्फ बढी अग्रसर भएको पाइन्छ । कतैकतै यस्तो चित्रण अतिस्वैरकाल्पनिक पनि हुन गएको भेटिन्छ, तर घनाव्याप्ति हुनबाट बचाउने कार्यतर्फ कथाकारहरू सक्रिय रहेको पनि देखिन्छ ।

लघुकथा

# जादूगरी डण्डा

**कृष्ण बजगाईं**

एक जादुगरको जादुगरीको प्रशंसा निकै फैलियो । उनी गाउँ-घरमा मात्र सीमित नरहेर अब सहर बजारमा पनि चर्चित हुन थाले । टेलिभिजनको पर्दा होस वा रेडियो या अखबारमा उनको बारेमा निकै महत्त्व दिएर समाचार आउन थाल्यो ।

यो कुरा त्यस राज्यका राजाले थाहा पाए । जादूगरलाई आफ्नै दरबारमा बोलाएर उनको कला हेर्ने रुची जाग्यो । बोलेर मानिसहरूलाई लट्ठ पार्न सक्ने जादूगरको वाक्-कला र वाक् चातुर्य देखेर राजा छक्क परे । अझ एउटा जादूको छडीले आश्चर्यजनक काम गर्न सक्ने उनको कलाप्रति राजा नतमस्तक भए ।


त्यसपछि आफ्ना प्रजाका सम्पूर्ण समस्या समाधान गर्न उनलाई मन्त्री बनाए । राजाको यस्तो गुनबापत उनले आफ्नो जादूको छडी राजाको पाउमा समर्पण गरे । त्यसलाई राजाले राजदण्डको रूपमा प्रयोग गरे ।

जादूगर मन्त्री हुँदैमा सम्पूर्ण समस्या समाधान हुने कुरै थिएन । जादूगरी त उनको कला मात्र थियो । जसका माध्यमले आफ्नो पेट पाल्दथे ।

जनताका समस्या यथावत रहे । विभिन्न तह र तप्काका जनताहरू आफ्ना मागहरू पूरा गरियोस् भन्दै दिनहुँ बिरोध जुलुस तथा सभा गर्न थाले । जनताका यस्ता माग देखेर मन्त्री चिन्तित भए । अन्ततः जनताका सम्पूर्ण समस्या समाधान गर्न उनले पुलीसलाई त्यो डण्डा दिएर पठाए । ❊

*- ब्रसेल्स, बेल्जियम*

# पचास वर्ष




जब म जन्मेको थिएँ
पचास वर्षअघि
आकाशमा थियो बादल
सेतो सेतो
गुजमुज्ज गुजमुज्ज
अचेल त्यो कहाँ छ होला ?

जब म जन्मेको थिएँ
पचास वर्षअघि
बहेको थियो हावा
मन्द मन्द
सिरसिर सिरसिर
अचेल त्यो कहाँ छ होला ?

जब म जन्मेको थिएँ
पचास वर्षअघि
एउटा पात थियो रूखमा
हरियो हरियो
फिरफिर फिरफिर
अचेल त्यो कहाँ छ होला ?

समयले
यो पचास वर्षभित्र
अठार हजारभन्दा बढी दिनको घाम
नौ हजारभन्दा बढी रातको जून
सँगसँगै खेल्ने मौका पाएँ
तर त्यो
पहिलो दिनको घाम
र
पहिलो रातको जून
...कहाँ छ ?
अचेल त्यो कहाँ छ ?



किशोर पहाडी

# नेपाली आधुनिक कलाको पूर्वसन्ध्या



मुकेश मल्ल

नेपाली कलाको इतिहास प्राचीन कालदेखि नै अक्षुण्ण एवम् अविरल रूपले विकसित हुँदै आएको छ। लिच्छविकालीन पाँचौ शताब्दीका राजा मानदेव प्रथम र उनैले इ.स.४६४मा स्थापित गरेको चाँगुनारायणको शीलालेखबाट नेपालको प्रमाणिक राजनीतिक इतिहासको लेखनी आरम्भ भयो भने, कलाकै इतिहासका कुराचाहिँ इसापूर्व तान्न सकिने धेरै आधारहरू यसै बखत पनि देखिसकिएको थियो। यति खेरका अति लोभलाग्दा प्रस्तर मूर्तिहरू यद्यावधि सङ्ग्रहालयमा सङ्गृहीत छन्। यसरी किराँतकाल, लिच्छवि, मल्ल अनि शाह वंशसम्म आइपुग्दा नेपाली प्रस्तरकला, धातु कला, चित्रकला, वास्तुकला आदिका आरोह र अवरोहहरू विविध स्वरूपमा देखिए। वास्तुकलाका प्यागोडा शैली, शीखर शैली अनि गुम्वज शैली, दरबारशैलीदेखि लिएर पौभा र थाङ्का, पटचित्र, नेपाली (नेवारी) संस्कार र जात्रामा आवद्ध भएर विविध प्रकारका कलाहरू देखा परे। अर्कोतर्फ छिमेकी मुलुक भारतका कुषाण शैली, गुप्त, पाल हुँदै मुगल शैली र पछिल्लो कालमा आएर राजस्थानी, काँगडा र वासोलि शैलीले विशेष गरेर नेपाली चित्रकलालाई गहिरो रूपमा प्रभाव पार्‍यो। नेपालमा पनि निश्चित धार्मिक अनुशासनका साथ विकसित भइरहेको कलामा अर्को एक समानान्तर शैलीको विकास भएको देखिन्छ। उत्तिखेरै मल्लवंशका पछिल्ला राजाहरू, पृथ्वीनारायण शाहको उदय, र अलि पछि वि.स. १९०६मा भएको जङ्गबहादुरको बेलायत-यात्रा र यसले ल्याएको प्रभावले मूलतः नेपाली कलामा एक अलग शैलीको विकास भएको पनि देखिन्छ। यसलाई कलाविज्ञहरू "समसामयिक कला"को नामाकरण गर्न रुचाउँछन्। यस बखतका कलाकार भाजुमान अनि राजमानका चित्रहरू सत्प्रमाणका साथ कलाविज्ञहरू स्व. नारायणबहादुर सिंह र हरिहरराज जोशीले आ-

आफ्नो पुस्तक, "नेपाली समसामयिक चित्रकलाको इतिहास" र "Raj man singh Chitrakar" मार्फत प्रकाशमा ल्याइसकेका छन्। यसैको पछिल्लो खण्ड नेपाली कलामा "आधुनिक कला"को उदय र यसको पूर्व कालमा देखिएका शैली र लक्षणहरू दृष्टिगोचर हुन गएका थिए।

नेपाली कलामा आधुनिक कलाको उदय, कलामा "रचना" र यसको भौतिक स्वरूपमा देखिन गएको "विरूपण"लाई लिएर गर्ने गरिन्छ। नेपाली परम्पारिक कलामा देखा परेको "रचना" मौलिक नहुँदा र धार्मिक, आध्यामिक दर्शनले कलालाई निर्देशन गरिने हुँदा विज्ञहरू यसलाई पश्चिमी कलाको सिद्धान्तमा जोडेर हेर्न मन पराउँदैनन्। यद्यपि नेपाली परम्परागत कला, पौभा वा थाङ्काका दुइ आयामिक संरचनामा गहनता छ र यसले आफ्नै कलाको विकासक्रममा एक अलग्गै महत्त्व राख्दछ। तर समसामयिकताको सन्दर्भ भनेको एक अलग्ग धार हो। नेपालमा मूलतः यस किसिमको प्रवृत्ति स्पष्ट रूपले इसाको ६० को दशकको सुरुआतदेखि पल्लवित भएको मानिन्छ। यस बखतका मुख्य कलाकारमा उर्मीला उपाध्याय (गर्ग), लैनसिंह वाङ्देल, उत्तम नेपाली र लक्ष्मण श्रेष्ठ थिए। तथापि यसअघि नै नेपाली कलाको इतिहासमा आधुनिक कलाका लक्षणहरू, यसको प्रारूप भने स्पष्ट दृष्टिगोचर भइसकेको अवस्था थियो। नेपालमा कला स्कुलको सुरूआत १९९१मा भयो जुन बखत जुद्धशम्शेरले अलि नाम कमाइसकेका कलाकार चतुररत्नलाई कलाका मास्टर बनाएका थिए। सुरुमा त्रिचन्द्र कलेजको छिंडीमा सुकुल ओच्छ्याएर सुरु गरिएको यो कलाको कक्षामा मात्र तीन जना विद्यार्थीहरू थिए, कालिदास श्रेष्ठ, चन्द्रबहादुर मानन्धर अनि जीवरत्न शाक्य। आज चन्द्रबहादुर मानन्धर स्वर्गे भैसके भने अन्य दुई कलाकारहरू वृद्ध अवस्थामा पनि कलामा सिर्जनशील नै छन्। यही आर्ट स्कुलको विकसित रूपमा आजको ललितकला क्याम्पस देखिन गएको छ। तथापि यस बखत दुई कलाकारहरू कलामा विधिवत तालिम हासिल गरी फर्किसका थिए। आधुनिक कला इतिहासको पूर्वकालमा भरपर्दो वातावरण तयार गर्न यी कलाकारहरूको महत्त्वपूर्ण योगदान छ। यी कलाकारहरू चन्द्रमान सिंह मास्के र तेजबहादुर चित्रकार थिए। यी दुवै कलाकारहरूलाई चन्द्रशम्शेरले पश्चिमी प्रविधिबाट पढाइने "कलकत्ता गर्भन्मेन्ट स्कुल अफ आर्ट" मा कलामा विधिवत शिक्षा लिन पठाएका थिए। यी दुवै कलाकारहरू अति नै राम्रो व्यक्ति-चित्र बनाउनसक्ने कलाकारको रूपमा देखिएकोले तत्कालीन शक्तिशाली प्रधानमन्त्रीले निजी स्वार्थवस बाहिर पढ्न पठाएको देखिन्छ। आफ्नो र आफ्नो परिवारका स्तरीय व्यक्ति-चित्र बनाउने कलाकारहरू नेपालमै उपलब्ध होओस् भन्नाका खातिर सम्भवतः यी कलाकारलाई भारतमा पठाएका थिए। यस बखतमा नेपालमा बेलायत वा युरोपबाट कलाकृतिहरू झिकाउने र पश्चिमी संस्कालाई स-गौरव शो गर्ने प्रचलन राणा खलक वा माथिल्लो दर्जाका भारदारहरूमा देखिसकिएको थियो। यसैले पनि बेलायती कलाजस्तै नक्कल गर्नसक्ने नेपाली कलाकारहरूको खोजी राणा प्रधानमन्त्रीको आन्तरिक चाहना हुन सक्छ। अर्को संयोग के पनि मिल्न गएको देखिन्छ भने "कलकत्ता गर्भन्मेन्ट स्कुल अफ आर्ट"का प्रिन्सिपल पर्सि ब्राउन नेपाल आएका बेला उनको नजिकको परिचय चन्द्रशम्शेरसँग भएको थियो। यसैले कुनै पनि कलाकारलाई उनले सजिलैसँग सो कलाको स्कुलमा पठाउन सक्थे। जुनसुकै कारणले यी मूर्धन्य कलाकारहरूलाई भारत पठाएको भए तापनि जब यी कलाकारहरू भारतबाट क्रमशः चन्द्रमानसिंह मास्के सम्वत् १९२६ र तेजबहादुर चित्रकार १९२९ मा नेपाल फर्के। यसपछि देखिएका नेपाली चित्रकला



*कलाः चन्द्रमानसिंह मास्के*

परिस्कृतता त देखियो नै, साथसाथै पश्चिमी प्रविधिले प्रचूर मात्रामा प्रभावित गरेको पनि देखियो । यस अघिका नेपाली चित्रहरूमा सामान्य पश्चिमी प्रविधिले प्रभावित पारे पनि मुगलशैली वा राजस्थानी शैलीका प्रभावित चित्रहरूको प्राधन्यता रहेको थियो अनि यी चित्रहरू आङ्गीक अनुपातको दृष्टिकोणबाट अति कमजोर थिए । यसका धेरै कारणहरू थिए । यसमध्ये मुख्यतः विधिवत परम्परागत कलाको अनुशासनवद्ध स्कुलिङको कमी र कलामा रहनुपर्ने आन्तरिक तत्व मापन गर्ने भरपर्दो निकाय नहुँदा यसो भएको हुनपर्छ भन्ने हो भने गलत भनेको ठहर्दैन । नेवार जातिका पूँ (चित्रकारहरू)र शाक्यहरूमा मात्र परिवारिक पेसाको रूपमा यस्ता कलाहरू निर्माण गर्ने परम्परा चलेकोले पनि यसमा गुणात्मक कलाको मूल्याङ्कनको कसी थिएन । यसैले यस बखत व्यवसायिक रूपमा बनेका कलाहरू गुणात्मक रूपमा घटेको पनि देखियो । चन्द्रमानसिंह मास्के र तेजबहादुर चित्रकार कलामा विधिवत पढेर फर्केपछि कलाको निर्माणमा कलाको "ग्रामर" अनुशासित बन्न गएको हो । यी कलाकारहरू आफैले पनि पश्चिमी प्रविधियुक्त र नेपाली विषयवस्तुलाई मध्य पारेर उत्कृष्ठ कलाहरू निर्माण गर्न थालेको देखिन्छ । त्यति बेलाको अवस्थामा यस्ता कलाहरू मात्र राम्रा देखिएका थिएनन् अपितु नेपाली समसामयिक कलाको नौला धारको समेत उद्‌घाटन भएको महसुस गरियो । किनकि यस बखत नेपाली कलामा शैलीगत परिवर्तन देखिन थाले पनि आधिकारिक रूप र स्पष्ट मार्गदर्शनका साथ कला प्रवृत्ति अगाडि बढिरहेको थिएन । यी दुवै कलाकारहरू कलकत्ताबाट फर्केपछि आफूले पढेका र पश्चिमी कला निर्माणका तौर तरिकालाई व्यवस्थित हिसावले कलाका स्कुलहरूमार्फत प्रवाहित गर्न खोजेको देखिन्छ, यसले गर्दा आधुनिक कलाको पृष्ठभूमि बन्न यसले ठूलो सघाउ पुग्यो ।

नेपाली कलाको इतिहासमा शास्त्रीयता कलापछि नवशास्त्रीयता, स्वच्छन्दवाद र यथार्थवाद कलाका प्रवृत्तिहरू प्रविष्ट भएको देखिन्छ । आधुनिक कलाको सन्दर्भमा यी सबै प्रवृत्तिहरू त्यतिकै महत्त्वका शैलीहरू हुन् । किनकि शास्त्रीयताको जड अनुशासनबाट विकासतर्फ उन्मुख हुन यस्ता तहहरू पार नगरीकन एकैचोटि आधुनिकताको चौखटमा पुग्न सम्भव पनि थिएन । यसैले सन्दर्भ उठाउनुपर्ने कुरा भनेको यी हरेक तहका कलाका लक्षणहरू आधुनिक कलाको सुरुका बिन्दु पुग्नअगावै देखिनपर्ने महत्त्वपूर्ण पाटाहरू हुन् । विश्वकै कला इतिहासमा पनि आधुनिक कला अचानक देखिएको होइन । आजको यथार्थ के हो भने नेपाली परम्परागत कला र आज देखिन गएको समसामयिक धारालाई निश्चित सीमामा बाँध्न पनि आवश्यक थियो । यसको बारेमा विस्तृत अनुसन्धान भइनसकेकोले ठोकुवा गरेर भन्न सकिने अवस्था त छैन तापनि यसको लागि चाहिने आवश्यक प्राज्ञिकउर्जा चाहिँ "कलकत्ता गभर्नमेन्ट आर्ट स्कूल"ले दियो भन्दाखेरी सम्भवतः अत्युक्ति हुन्न । चन्द्रमानसिंह मास्के र तेजबहादुर चित्रकार कलकत्तामा कलाका प्राविधिक पक्ष पढेर मात्र आएनन् यसै बेला भारतमा पल्लवित भइरहेको "स्वदेशी आन्दोलन", "बङ्गाल शैली" र समसामयिक कलाका आधारभूत पृष्ठभूमिका बारेमा पनि अनुभव गरेर आए । यसैले यी कलाकारहरू नेपाल फर्केपछि यसैको प्रतिफलको रूपमा नेपाली कलामा नयाँपन देखिन गएका हो । चन्द्रमानसिंह मास्केअघि दीर्घमान, पूर्णमान, आनन्दमुनी शाक्य, मानिकमान चित्रकार आदि राम्रा कला सिर्जना गर्ने कलाकार थिए तापनि यी कलाकारहरूले धार्मिक विषयवस्तुमा ज्यादा आश्रित भएकाले आधुनिक कलातर्फ महत्त्वपूर्ण भूमिका निभाउन सकिरहेका थिएनन् ।

चन्द्रमानसिंह मास्केले सुरू सुरुमा पश्चिमी प्रविधियुक्त व्यक्ति चित्रहरू अत्याधिक बनाए, त्यो पनि राजा, राणा प्रधानमन्त्रीका व्यक्ति-चित्रहरू बनाए । यी चित्रहरू अति राम्रा छन् तर अधिकांश "कपि ओर्क" भएकोले यसले पश्चिमी प्रविधिलाई बढी भित्र्याउने काम मात्र गरेको देखिन्छ । तथापि यसै बखत उनले गरेका दृश्यचित्र (Outdoor landscape painting) दिचर्याका चित्रहरू वा नेपाली (नेवारी) चाड-पर्व आदि विषयका चित्रहरूले भने निश्चित रूपमा नेपाली समसामयिक कलाको अर्को फड्को मारेको मान्न


सकिन्छ । यति मात्र होइन उनले यथार्थवादी चित्रहरू, मूर्तिहरूसमेत बनाए जसले नेपाली कलाको आधुनिक कलाको लागि प्रशस्त भूमिका तयार गरिदिएका थिए भनिदिंदा अतिशयोक्ति हुन जाने छैन । उनले राणाविरुद्ध कार्टुनसमेत बनाएका थिए, स्कुलहरू पनि खोले । यी आदि कुराले गर्दा उनलाई १८ वर्षको जेल सजाय पनि भएको थियो । यसरी चन्द्रमानसिंह मास्के क्रियाशील, नौलो सोच भएको र मूर्धन्य कलाकारको रूपमा देखिन आउँछन् । यसरी नै तेजबहादुर चित्रकारले पनि अति राम्रा पश्चिमी प्रविधियुक्त व्यक्ति-चित्रहरू बनाएका थिए । यसबाहेक उनले नेपाली जात्रा, पुराना कलात्मक वस्तुका चित्रहरू र दृश्यचित्र (Outdoor landscape painting) समेत बनाएका थिए । उनले जस्तो अति राम्रा र स्तरीय व्यक्ति-चित्रहरू यता आएर कुनै समसामयिक कलाकारले बनाउन सकेका छैनन् भन्दा भूटो बोलेको ठहरिंदैन । उनको लगन, कलामा निष्ठा र इमान्दारिता आदिले गर्दा उनी कलाकारबीच आदरणीय बनेका छन् । र विशेष गरेर कलाको शिक्षा प्रवाह गर्नुमा झण्डै जीवनको अन्तकालसम्म पनि उनी अनवरत रूपमा संलग्न रहे । यसले गर्दा कला शिक्षाको विकासको क्रममा पनि उनको ठूलो भूमिका रहेको किटान गर्न सकिन्छ । यसैले पनि उनको उपस्थितिलाई नेपाली कला इतिहासमा एक महत्त्वपूर्ण घटनाकै रूपमा सम्झिनुपर्ने हुन्छ । यी दुवै मूर्धन्य कलाकारहरूपछि केशव दुवाडी देखा पर्दछन् । उनी बम्बैको जे. जे. स्कुल अफ आर्टबाट कलामा स्नातक गरेर आएका हुन् । यसै गरी क्रमशः हिरण्ड्यध्वज जोशी, कालिदास श्रेष्ठ यसै कलाको स्कुलबाट स्नातक गरी वि. सं. २०११ सम्म नेपाल फर्किसकेका थिए । नेपाली कलाको विकासको क्रममा मास्के र चित्रकारले ल्याएको निश्चित शैलीलाई परिमार्जित गर्दै यी बाँकी कलाकारहरूले नौलो आयाम थपेका थिए । केशव दुवाडीले ओरियन्टल कला पढेकोले उनले भारतीय कलामा प्रभावित चित्रहरू बढी बनाए । कलामा समसामयिक प्रवृत्ति देखा परेन भने कालिदास श्रेष्ठ र हिरण्ड्यध्वजका चित्रहरूमा समसामयिक चरित्रहरू थोरै रूपमा भए पनि देखा परेको थियो । यसैगरी यसै बखत देखिएका अन्य कलाकारहरू बालकृष्ण सम, अमर चित्रकार, मनोहरमान पुन, दिलबहादुर चित्रकार आदि यथार्थवादी कलाकारका रूपमा बढी मात्रामा चिनिन्छन् । यसै बखत देखिएका कर्णनरसिंह राणाले भने भारतीयकला, वा स्वदेशी शैली पूर्णतः प्रभावित भएर कलाकै निर्माण गर्दथे । बालकृष्ण सम नाटककार एवम् कवि थिए । उनका अनगिन्ती नाटकहरू प्रकाशनमा आएका छन् । यति मात्र होइन उनी रङ्गमञ्चीय परिकल्पना, अभिनय, निर्देशन आदिमा पनि निपूण थिए । रङ्गमञ्चको संयोजन आदिमा उनको संलग्नताले गर्दा ललितकलाको अर्को पाटा चित्रकला, मूर्तिकला वा वास्तुकलापट्टि पनि उनको त्यत्तिकै सबल गुण रहेको देखिन्छ । तर यस विधातर्फ भने प्रशस्त मात्रामा खोज हुन पाएको छैन । तापनि उनका यथार्थवादी चित्रहरू र केही भावनात्मक चित्रहरू प्राप्त भएका छन् जसबाट नेपालमा आधुनिक कला पदार्पण गर्नअघि देखिएका महत्त्वपूर्ण कलाका प्रवृत्तिहरूमा उनी पनि एक थिए भन्न सकिन्छ ।


*कला: तेजबहादुर चित्रकार*

नेपालको आधुनिक कालको पूर्वार्द्ध यस कारण पनि महत्त्वका साथ हेरिनुपर्ने हुन्छ । किनकि यस बेला पश्चिमी प्रविधिको आधिकारिक प्रवेश भइसकेको र

नेपाली परम्परागत कलाका विशेषताहरू पनि साथै बढेको अवस्था थियो । यस बेलाका कलाकारहरूले जेजति कलाहरूको निर्माण गरे ती सबै कलाहरूले स्पष्ट रूपमा नेपालीपनको एक अलग्ग पहिचान राख्दछ । नेपालमा आधुनिक कलाको स्पष्ट उदय भएपछि भने पश्चिमी प्रविधिले अत्याधिक प्रभावित पार्दा यसलाई एक अलग्ग नेपालीपनको हिसाबले मात्र हेर्न गाह्रो पर्दछ । तथापि भूमण्डलीकरणको हिसाबले हेर्नुपर्दा भने अन्तर्राष्ट्रिय कलाका नवीन धारमा वा समकालीन धारमा उभिन यसले मद्दत भने गर्दछ । यसैले आज कला कुनै देशको अन्तर्गत हुन आवश्यक छ छैन, विवादको विषय बनेको छ भने कतै आधुनिक वा अत्याधुनिकबीच पनि आफ्नो ठाँउको परिचयका साथ प्रस्तुत हुन आवश्यक भएका तर्कहरू पनि सँगसँगै आइरहेका छन् । यसो नगर्दा पश्चिमीको नक्कल गरेका आरोप पनि कला जगतमा व्याप्त छ । यतिखेर आधुनिक वा उत्तरआधुनिक कलाका प्रवृत्तिमा आफ्नो एक अलग्गै पहिचान बनाउन र आफ्नो ठाउँ विशेषको पहिचानको लागि पनि नेपालको सन्दर्भमा यस्ता आधुनिकताको पूर्व सन्ध्याका कलाका प्रयास, प्रवृत्ति र प्रक्रियालाई बुझ्न जरुरी छ । अनि मात्र कालान्तरमा नेपालमा अत्याधुनिक वा उत्तरआधुनिक कला पनि नितान्त अलग्ग ढङ्गले स्थापित हुन सक्छ, त्यहाँ कसैको नक्कल गरेको आरोप लाग्न सक्दैन ।

# गजल





सानुराजा 'अञ्जान'

यति बेला आफैमा तिमीलाई नियालेर हेरें
कै रै'छ र माया तिम्रो, सोचेर हेरें ।

किन धड्किन्छ मुटु तिम्रै सम्झनामा
मुटुलाई' नि कतिफेर साटेर हेरें

जब आँसु मेरो अञ्जानमै झर्ने गर्छ
तिम्रो छायाँलाई पनि फेरेर हेरें

सूर्यविना दिन, चन्द्रविना रातको
के महत्त्व होला र, गमेर हेरें

यति बेला आफैमा तिमीलाई नियालेर हेरें
मुटुलाई' नि कतिफेर साटेर हेरें

किन धड्किन्छ मुटु तिम्रै सम्झनामा
के रै'छ र माया तिम्रो, सोचेर हेरें ।

# अन्तर्दृष्टि



गीताकेशरी

सूर्य अस्तको समय पश्चिमाकाश रातो पहेँलो रङ्गले लिपिएको झैं देखिएको छ । चराचुरूङ्गीको बढ्दो चिरबिरले गर्दा साँझ शान्तमय हुन सकिरहेको छैन । कन्याङकुरुङ झुन्ड झुन्ड भई चिरबिराउँदै आकाशमा उडिरहेका छन् मानौं ती आफ्ना साथीहरूलाई बेलैमा सचेत गराउँदै घरमा सुरक्षित हुन बटुलिँदै छन् ।

यस्तैमा आउँदो परीक्षाको लागि सह अध्ययन गर्दै व्यस्त रहेका शान्ता र विनीता घरबाट बगैंचामा स्वच्छ हावा लिन निस्कन्छन् । मौसमी फूलहरूको सुवासले वातावरण मगमगाइरहेको छ । केही क्षण त्यहाँ टहलिइसकेपछि विनीताको दृष्टि फूलहरूबाट सरेर पल्लो घरको तल्लो कौसीमा एक्लै ओहोरदोहोर गरिरहेका एक युवकमा पर्छ । गोरा हृष्टपुष्ट शरीर भएका ती युवक कुनै गहिरो सोचमा डुबेका झैं लाग्छ । कसैलाई केही अर्थ्याउन खोजेको जस्तो गरी बेलाबेलामा हात हल्लाउँछन् भने कहिले सेता दन्तपङ्क्ति देखाएर किच्च हाँस्छन् । उनी आफैमा मस्त देखिन्छन् ।

विनीताका आँखाहरू शान्तासँग कुरा गर्दागर्दै छलेर त्यही युवकमाथि परिरहन्छन् । शान्ताले उनको त्यस चोरहेराइलाई बुझेर पनि कुनै प्रश्न गर्दैनन् । किनकि उनलाई पनि पहिलो पल्ट त्यस युवकलाई देख्दा त्यस्तै गरी मनभरि कौतुहल उठेको थियो । यसैले शान्ता पढाइसम्बन्धी विषयमा केन्द्रित भई कुरा गरिरहन्छन् ।

'यस्तो पनि हुँदोरै'छ जिन्दगीमा कहिले-कहिले, कसैलाई माया गर्ने एउटा भूल गरें मैले ।' अचानक यो गीतको बोलसँगै त्यो व्यक्तिले बजाएको गीतारको झङ्कारले वातावरण रोमाञ्चित बनाइदिन्छ ।

"आहा ! कस्तो मीठो धुन निकालेर गीतार बजाएको !" विनीताले आफूलाई रोक्नै सकिनन् ।

"हो त, उनी त्यस्तै छन् । यिनले बजाएको गितार र मुरली मलाई पनि सुनूँसुनूँ लाग्छ । म यहाँ आएदेखि हरेक साँझ यही दृश्य देख्ने गर्छु ।" शान्ता भन्छिन्- "पढेर थाकेको बेला उनको यस्तो धुन सुन्दा साँच्चिकै

मजा आउँछ । यसको साथमा चिसो हावाको स्पर्शले त मलाई यति हलुको बनाइदिन्छ कि, यसै यसै उडेर कहाँ पुग्छु कहाँ ? लोडसेडिङको दिनमा बत्ती नहुँदा, यो मनलाई शान्त पार्ने नै यही सङ्गीत हुन्छ ।"

"ए त्यसो भए के तिमी उनको गीतारको धुन सुनेर लठ्ठ हुन्छौ ?"

"हो, म उनले बजाएको गीतारको धुनसँग मात्र होइन, मैले उनलाई नै त्यसै बेलादेखि माया गर्न थालेकी छु जब मैले उनलाई राम्ररी चिन्ने मौका पाएँ । उनी मान्छे नै त्यस्तै छन् ।"

शान्ताको भनाइमा सत्यता पाएर विनीता खिस्स हाँस्छिन् र त्यसलाई स्वीकार्दै भन्छिन्- "उनको सबै कुरा राम्रा छन् तर कालो चश्मा भिर्ने सोख भने यिनमा पनि निक्कै रहेछ । सूर्य डुबिसक्यो, अँध्यारो बढ्दैछ तैपनि हेर न, त्यो कालो चश्मा फुकाल्न सकेका छैनन् । कस्तो मोह ! अनौठो छैन त शान्ता ?"

"यो उनको विवशता पनि त हुनसक्छ ?"

"कस्तो विवशता भनेकी ? के उनी ...?"

"हो विनीता, ज्योति हराएका ती आँखाहरू उनले कसैलाई पनि देखाउन चाहँदैनन् ।"

यो सुनेर विनीता हतप्रभ हुन्छिन् । त्यसै बेला गीतारको मधुरो धुनमा उही गीत 'कसैलाई माया गर्ने एउटा भूल गरेँ मैले, एउटा भूल गरेँ मैले...' आइरहेको सुनिन्छ । विनीताको ध्यान त्यसैतर्फ आकर्षित हुन्छ । युवक भने मस्तसँग गीतारमा आफ्ना औंलाहरू नचाइरहेका हुन्छन् ।

लामो सास तानेर त्यस युवकबारे शान्ताले बिस्तारै आफ्ना भावनाहरू विनीतालाई सुनाउन थाल्छिन्- "जन्मैदेखि उनले दृष्टि-शक्ति गुमाएको तथ्य जब मैले थाहा पाएँ मेरो मन भवितव्यको निष्ठूरीपनदेखि ज्यादै रुष्ट भयो र मेरो मनमा उनीप्रति अगाध माया छचल्किन थाल्यो । यो नसोच विनीता कि मैले उनको अवस्था देखेर दयाले माया गर्न थालेको छु भनेर । उनमा रहेको आत्मबलको सम्मान गर्दै उनको साथसाथ चल्ने रहरले मैले उनलाई मन पराउन थालेकी हुँ । माया कसरी र किन उठ्छ त्यो मलाई थाहा छैन तर म उनलाई मनैदेखि श्रद्धाले माया गर्छु ।"

शान्ताले व्यक्त गरेको यस्तो भावनाको प्रभाव विनीताको अनुहारमा आश्चर्यको रूपमा उत्रिएको देखेर उनलाई सम्झाउँदै शान्ता भन्छिन्- "ए विनीता, किन छक्क परेर यसरी मलाई हेरेकी ? माया ता शाश्वत भावना हो जसमा न कुनै प्रश्न हुन्छ न त जवाफै खोजेर पाइन्छ । यसलाई अपनाउनु मात्र पर्छ ।"

"त्यसो भए के तिमी उनैसँग....?" शान्ताले बीचमै भन्छिन्- "मायाले कोरेको बाटो विवाहको मण्डपसम्म पुग्नको लागि होइन । यहींनिर हामी सबैले भूल गरिरहेका हुन्छौं । त्योभन्दा अगाडि त्यसलाई नाघेर पनि माया बढ्न सक्छ । यो संसारको आधार नै माया हो । मानवतालाई गाँसेर पनि माया बढ्न सक्छ । यदि मानवताले गाँसेको माया नहुँदो हो त अहिलेसम्म यो जगतको सर्वनास भइसक्थ्यो होला । अर्को अर्थमा, विवाह भनेको दुइटैको इच्छा एकाकार हुनु हो । मलाई थाहा छैन, उनले हाम्रो यो सम्बन्धलाई कसरी लिएको छ ? मैले यसलाई मित्रता मात्र मानेकी छु ।"

शान्ताको कुराले उनी अरू अक्क न बक्क हुन्छिन् । उताबाट मधुरो धुन उस्तै गरी आइरहन्छ । केही क्षण दुवै मौन रहन्छन्, अनि शान्ताले नै त्यस युवकको जीवनबारे कुरा उठाउँदै विनीतालाई सुनाउँछिन्-

"एक दिन म उनको आमाकहाँ गए । उनी मलाई देखेर अति खुसी भइन् । मैले उनको छोराबारे केही जान्न खोजेकी छु भन्ने कुराको जानकारी उनैको सहयात्री टीनाबाट पहिले नै थाहा पाइसकेकोले त्यस विषयलाई मैले फेरि दोहऱ्याउनु परेन । उनैले सुनाउन थालिन् । उनको स्वर, लुकेको पीडालाई नियन्त्रण गर्दै यसरी निस्किरहेको थियो- 'यस वर्षदेखि यो छोरोले २४ वर्ष पूरा गऱ्यो । ऊ जन्मदा हाम्रो घरमा कुनै बालक थिएन । प्रतिष्ठित परिवारको जेठो नातिको स्थानमा ऊ जन्मेकाले घरभरि हर्ष उल्लास छाएको थियो । हर्षबढाइसमेत बाँडियो र मेरो ससुराले नातिलाई काखमा लिएर 'दीपक' नाम राख्नुभयो ।'

'त्यो शिशु जब तीन महिना जतिको भयो, त्यसले केही नौलो व्यवहार गर्न थालेको मैले चाल पाएँ र राता, पहेंला, हरिया खेलौनाहरू ल्याएर उसलाई देखाउँदै, उसैसँग कुरा गर्दै हल्लाइ-हल्लाई खेलाउन थालें । दीपकले न त त्यस खेलौनातर्फ आँखा लगाउँथ्यो, न त बोलाइ-बोलाई कुरा गरिरहेको मेरो नै मुख हेर्थ्यो । राती बत्ति बालिदिएपछि मात्र त्यसतर्फ आँखा नचाउँथ्यो, नत्र ऊ बोलाउँदा स्वर सुनेर टाउको त्यता फर्काए पनि आँखाले अन्तै टाढा कता केही खोज्ने प्रयास गरेझैं देखिन्थ्यो । एवम् प्रकारले समय बित्दै गयो । छोरा पनि ५ महिनाको

भयो । कुनै खेलौना उसको हातमा राखिदिएपछि ऊ त्यसलाई पहिले छाम्न थाल्थ्यो र समातेर मुखमा लगेर कोच्थ्यो । तर जब त्यो हातबाट फुत्केर भुईंमा खस्थ्यो त्यस बेला ऊ त्यसलाई खोज्ने र समात्ने प्रयास गर्दैनथ्यो । दीपकको त्यस्तो चाला देखेर म भन्थें- 'शौखिनको सन्तानले आफ्नो गुण देखाइहाल्यो । किन मेहनत गरेर त्यसलाई खोज्ने, होइन त बाबु ? लौ समात, म नै दिन्छु' भनेर माया गर्दै उसलाई दिन्थें र ऊ पनि त्यो पाएपछि च्याप्प समातेर खुसीले खुट्टा फ्याँक्दै खेल्न थाल्थ्यो । प्रत्येक महिना बित्दा उसमा अझै अनौठोपन देखिन थाल्यो । त्यस्तो देखेर पनि हामीले कुनै अड्कल गर्न सकेनौं । किनकि त्यो हाम्रो पहिलो सन्तान भएकोले यस्तो प्रकृति सबै बालकको हुन्छ होला भन्ने ठान्यौं । तर जब उसले आँखा खोल्यो कि त छायाँ भएतर्फ मात्र हेरेजस्तो गर्थ्यो । त्यसपछि डाक्टरलाई एक पटक देखाउने निधो गरेर उसलाई अस्पताल लग्यौं । डाक्टरले जाँचेर सानो अपरेसन पनि गरे । त्यसपछि थाहा भयो दीपकका दुवै आँखाहरू ज्योतिविहीन रहेछन् ।'

'हाम्रा सपनाहरू गर्लम्म ढले, हाम्रा प्रयासहरू निरर्थक भए । म रातोदिन रुन थालें । भगवानलाई गुहार्न थाले, मेरो छोरा जस्ताको आँखाको ज्योतिद्वार पनि खुल्नसक्ने सम्भावनाको प्रादूर्भाव मेडिकल साइन्समा होस् ।'

'बालकको अन्य शारिरीक विकासमा कुनै फरक देखिदैनथ्यो । हिंड्ने, बोल्ने, सुन्ने सबै उमेरअनुसारै हुँदै थियो । बालकले स्मरण शक्ति र छिटो कुरा टिप्ने शक्ति भने अद्भूतको पाएको रहेछ भन्ने कुरा पनि उसको स्वभाव र ज्ञान अरूको भन्दा बेग्लै प्रकारले विकसित हुँदै जान थालेकाले थाहा हुँदै जान थाल्यो । ऊ हरेक विषयको वर्णन जिज्ञासा राखेर सुन्थ्यो र जेजस्तो आफ्नो लागि गर्नुपर्छ त्यो आफै गर्न तयार हुन्थ्यो र सक्थ्यो पनि । कसैले उसलाई देखेर 'कठै' भनिदियो भने त्योजस्तो नराम्रो उसलाई केही पनि लाग्दैनथ्यो । त्यसलाई गालीको रूपमा लिन्थ्यो ऊ ।'

'अर्को कुरा, उसमा पढ्ने इच्छा अति तीव्र थियो । बालक उमेरदेखि नै कुनै कागज पाउनासाथ त्यो पढेर सुनाइदिनोस् न भन्थ्यो । उसमा यस्तो पढ्ने इच्छा रहेको थाहा पाएर हामीले उसलाई कीर्तिपुरको ल्यावोरेटरी स्कुलमा जहाँ ज्योतिविहीन बालकहरूलाई पढाइने गर्छ त्यहीं भर्ना गरिदियौं ।'

'ठूलो हुँदै गएपछि उसमा अर्को सोख, गीत गाउने र बाजा बजाउनेतर्फ बढ्दै जान थाल्यो । हामी पनि यो छोरालाई कसरी स्वावलम्वी बनाउन सकिन्छ भनेर अरू सन्तानलाई भन्दा बढी ध्यान दीपकलाई दिन थाल्यौं । गीतार र मुरली बजाउन गुरु राखिदियौं । त्यसपछि उसले यति मेहनत गरेर पढ्न र सङ्गीतको रियाज गर्न थाल्यो कि, समयको महत्त्व बुझेर यसको उपयोग गर्ने हाम्रो परिवारमा उही मात्र छ कि जस्तो पनि लाग्थ्यो ।'

'तर जे जसो भए पनि उसले त्यो उमेरमा जब छामेर र हाम्रो स्वर सुनेर मात्र हामीलाई चिन्थ्यो र लट्ठी बढाउँदै त्यसको सहारा लिएर हाम्रो अगाडि आउँथ्यो, त्यतिखेर धेरै वर्षसम्म मेरो मन भित्रभित्रै रोइरहन्थ्यो र मनले भन्थ्यो- यदि मैले आफ्ना आँखा यसलाई दिएर हुने भए म बाँड्ने थिएँ । मलाई दुइटै आँखा किन चाहिएको छ र ? आँखाले नदेखेर त उसले यति धेरै मन लगाएर पढिसक्यो भने यदि आँखा हुँदो हो त ....!'

"यति भनेर आमाले कुरा टुङ्ग्याइन् र आँखाभरि आँसु पारेर मलाई त्यहीं बसिराख्ने अनुरोध गर्दै माथि उक्लिन् ।"

दीपकको विषयमा यति बताइसकेपछि शान्ता केही समय रोकिइन् र फेरि बोलिन्- "तिमीलाई विश्वास लाग्छ विनीता ? दीपकले मास्टर डिग्री इङ्गलिस लिटरेचरमा गरेर नेपाली र भारतीय स्रष्टाहरूको तुलनात्मक पिएच.डी. भारतबाट गर्दैछन् ।"

"ए हो र ?"

"अर्को कुरा सुन्छौ ? उनले भारतबाट यहाँका साथीहरू र घर परिवारसँग कम्प्युटरबाट इमेल पठाएर सम्बन्ध राख्छन् ।"

"कसरी, के यो सम्भव छ ?"

"हुँदो रहेछ विनीता । छामेर कि-बोर्ड चलाउँदा र स्क्रीनमा के लेखिएको छ त्यो पढेर सुनाउँने सफ्ट्वेयर निस्केकोले गल्ती लेखिन पुग्यो भने पनि सच्याउन सकिंदो रहेछ र बाहिरबाट आएको इमेल पनि पढेर सुनाउँदो रहेछ । त्यसैले उनलाई देख्दा लाग्छ मनुष्यले आँट्यो भने गर्न नसकिने केही पनि छैन । साथै सोचिल्याउने हो भने पनि सभ्यताको विकास नै जरुरतको अनुभवले ल्याएको छ ।"

शान्ताको यस्ता कुरामा चाख लिंदै विनीताले त्यसलाई छिटै टुङ्ग्याउन नदिन प्रश्न उठाउँछिन्- "तिमीले दीपकसँग पनि कुरा गरेकी छौ कि आमासँग मात्र ?"

"उनैसँग गरेकी छु र त भन्दै छु, दीपकको कल्पना र भावनाले बनाएका सम्पूर्ण ती जीवन दर्शन बोकेका रेखाहरूलाई अब मैले रङ्ग लगाएर जीवन्त बनाउने भएकी छु। उनको आँखाको ज्योति भएर म सहयोग गर्छु भन्ने सोचेकी छु।"

एक छिनको लागि दुवै बोल्दैनन्। दुवै जना भावुक भई सोचमग्न भइरहन्छन्। त्यसपछि कुरा उठाउने शान्ता नै हुन्छिन्- "एक दिन मैले दीपकसँग सोधेकी थिएँ, तपाईले नराम्रो मान्नुहुन्न भने के म एउटा प्रश्न सोध्न सक्छु ?"

"उनले हाँस्दै भनेका थिए- निर्धक्क भएर सोध्न सक्नुहुन्छ। मलाई कस्तै प्रश्नले पनि नराम्रो असर पार्दैन। तै पनि मैले सङ्कोच मान्दै सोधें- दीपकजी, तपाईले सपना कस्तो देख्नुहुन्छ ? उस्तैगरी उनले हाँस्दै जवाफ दिए- रङ्गविहीन, धीमा प्रकाशमा सल्वलाएका धब्बाहरू देख्छु। ती धब्बाहरू, स्पर्श र भावनाको अनुभूतिबाट कल्पनाले बनेका हुन्छन् र तिनले मेरो मनका इच्छाहरू बोलिरहेका हुन्छन्। हो शान्ता, हाम्रो पनि कल्पना हुन्छ। सुनेको विवरण र छामेर थाहा पाएको कुनै वस्तुको आकृतिबाट हाम्रो कल्पनाले आफ्नो आकार बनाएको हुन्छ। भावना र चाहना तपाईंहरूको जस्तै हुने हुँदा ती छाँयाहरूले हाम्रो भावना र चाहना समेटेर सपना सजाएका हुन्छन्, बोकेका हुन्छन्।"

"उनको यस्ता कुराले म झन् प्रभावित भएँ र दिनहूँजस्तो दीपककहाँ गई कुनै न कुनै वस्तुको आकार र रङ्गको विशेषता उनलाई बताउने गर्न थालें। अब त उनले सुनेकै वयानअनुसार, मूर्ति र अरू कुनै वस्तुहरूलाई छामेर रेखाहरूसमेत कोर्न थालेका छन् र भन्छन्- यसलाई यो रङ्ग लगाइदिए राम्रो हुन्छ, होइन शान्ता ?"

"एक दिन, उनैले भने- 'सबै पातहरू हरिया नै भइरहन्छ भन्ने छैन। यस पटक खैरो रङ्गको पात बनाएर पहेंला र राता रङ्गको छिटा यता उति छरिदिनोस्। तर फूलको रङ्ग पहेंलो बनाइदिनु होला !' आफूलाई गुरु मान्दै आएकी मैले सोझै प्रश्न गरें- पातको रङ्ग पनि कहीं त्यस्तो हुन्छ ?"

"मेरो प्रश्नले उसलाई गिज्याएजस्तो लागेछ क्यार, अलि मुख मलिन पारेर भने- 'मौसमअनुसार पातहरूले पनि रङ्ग बदल्छन्। रूखबाट झर्न लागेका या झरेका पातहरूको रङ्ग शरद ऋतुमा त्यस्तै हुन्छ। 'लौ हेर्नोस्' भनेर तकियामुनिबाट एउटा पात निकालेर देखाउँदै भने- 'कान्छो भाइले आज यो कुरा मलाई बताइदिएकोले मात्र यो सत्य थाहा पाएँ, नत्र.....?"

"यसरी उनले आफैले सत्य पत्ता लगाएर मलाई बताइदिएपछि मैले त्यसबारे केही पनि भन्न सकिनँ र त्यस दिन घर फर्केर पनि म चिन्ताग्रस्त भइरहें।"

"भोलिपल्ट उनीकहाँ गएर भनें- दीपक, तपाईले भन्नु भएजस्तै गरी मैले ती पातहरू रङ्ग्याइदिएकी छु। निराशाबाट आशा जगाउन सक्नुले जीवनलाई चिनेर यसलाई अरू हराभरा बनाउन सकिन्छ भन्ने त्यो सत्य, जुन तपाईले पातको अर्को रङ्ग बताइदिएर सम्झाइदिनु भयो। मलाई माफ गरिदिनुहोला।"

"जीवनसँग गाँसिएर आउने यस्ता निराशाको स्थितिबाट भागेर हामी कहाँसम्म पुग्ने र कतिसम्म भाग्ने ? सच्चाइको सामना गरेर नै हामीले जीवनलाई सार्थक बनाउन सक्छौं। हामी सत्य चाहन्छौ र सबैमा विश्वास गर्छौं। हाम्रो विश्वासलाई सुरक्षा दिनोस्।'- दीपकले अर्को सत्य भने।"

□ □ □

छुट्टि सिध्याएर दीपक दिल्ली फर्केपछि केही महिना एक्लै परेकी शान्ताले फुपूको उपचारको लागि दिल्ली जाने मौका पाउँछिन् र त्यहाँ पुगेपछि एक दिन दीपकको अध्ययन-प्रतिष्ठानमा जान्छिन्।

त्यहाँ पस्दा डिस्ने ल्याण्डमा बसेका बालकहरूजस्तै हुन पुग्छिन् उनी। जता हेऱ्यो त्यतै अनौठो लाग्नेगरी विद्यार्थीहरू कोही भलिबल खेलिरहेका थिए त कोही काम गरिरहेका थिए। तिनीहरूनजिक पुगेर शान्ताले दीपकको बारेमा सोध्दा दीपक क्रिकेट-म्याचको लागि अभ्यास गर्दैछ भन्ने खबर पाउँछिन्। उनी अक्क न बक्क भएर उभिइरहेकी हुनाले तिनै विद्यार्थीहरूले खेल खेलिरहेको दिशातर्फ औंल्याउँछन् र त्यहाँ गएर खेल हेर्दै पर्खने सल्लाह दिन्छन्।

त्यहाँ पुगेपछि शान्ताका लागि खेलाडी दीपकलाई चिन्न गाह्रो भएन। त्यही बेला उनले बलिङ गरेको बल नीलो आकाशमा हुत्तिएर गई विकेट जित्न सफल हुन्छ। सबैले दीपकको नाम लिंदै हाइ हाइ भन्दै कराउँछन्, ताली पिट्छन्। खेलाडी र दर्शकमा एकै पटक जोश बढ्छ। यी सबै देखेर शान्ता आश्चर्यचकित हुन्छिन् र आँखाअगाडिको सत्यलाई सकारेर ताली बजाइरहन्छिन्।

शान्ताको साथैमा खेल हेर्न बसेकी एक नारीले

भन्छिन्- "यिनीहरूले यसरी खेलेको देख्दा कसले यिनलाई नेत्रविहीन भन्न सक्छ, होइन त म्याडम ?"

"हो नि, कसरी यिनले ताकेर बल फ्याँक्छन् । ब्याट्सम्यानले कसरी फर्काउँछ ? यस्तो हेर्दा पो मज्जा आउँदो रहेछ । होइन, यिनीहरूले अन्दाज कसरी गर्छन् होला ?"

"अचम्म लाग्दो त त्यही हो नि ! मेरो भाइले भन्थ्यो, खेलबारे प्रशिक्षण दिंदा विद्यार्थीलाई पहिले फिल्डमा लगेर कोर्टको क्षेत्रफलसहित पूरा विवरण गणनात्मक रूपमा के कतिको दूरीमा हुन्छ भन्ने कुरा बताउँछन् रे । यिनीहरूको चातुर्य र खूबी ती विवरण सम्झेर गणना गर्न र अन्दाज गर्न सक्ने शक्तिमा हुन्छ रे । अर्को कुरा, यिनीहरूले खेल्ने क्रिकेट बल आवाज आउने किसिमको हुन्छ रे । त्यही आवाज सुनेर त्यसको गतिको अन्दाज गरी खेल्छन् रे ।"

"हो मलाई पनि यसमा यस्तो केही त होला जसको आधारमा यिनले आफ्नो क्षमताको प्रदर्शन गर्न सकिरहेका छन् जस्तो लागेको थियो । जे होस् खूबीको हामीले प्रशंसा गर्नैपर्छ ।"

उनीहरू आपसमा गफ गर्दै खेल हेरिरहन्छन् । केही मिनेटपछि खेल सिद्धिन्छ र दीपकले शान्ता त्यहाँ उसलाई भेट्न आएकी छिन् भन्ने कुरा थाहा पाएर उनी बसेकै ठाउँमा आइपुग्छन् । उनीसँग भेट भएपछि घरको कुशल-मङ्गलबारे जानकारी लिंदै दुवै जना त्यहाँबाट खाजा-घरतर्फ लाग्छन् । बाटोमा खेलको बारे कुरा उठ्छ र शान्ताले उनले खेलमा देखाएका निपूणताको प्रशंसा गर्दा दीपकले त्यसैलाई टिपेर भन्छन्- "शान्ता, मानिसको प्रकृति विचित्रको हुँदो रहेछ । जोसँग जे छ उसले त्यसको पर्वाह गरेको हुँदैन र जोसँग जे छैन त्यसको प्राप्तिको लागि ऊ मरिमेट्छ । सम्झनोस्, यो पनि नहुनुको कमजोरीमाथि विजय प्राप्त गरी स्वभाविक जीवन जिउने प्रयास मात्र हो । हाम्रो लागि शब्द र स्वर एउटा बलियो आधार हो ।"

उनको यस व्याख्याले चुप लगाइदिएको शान्ताले कुराको प्रसङ्ग बदलेर विनीताले दीपकलाई आफ्नो सम्झना पठाएकी र उनको इमेल एड्रेस ल्याइदिनू भनेकी कुरा सुनाउँछिन् । यो खबर सुनेर दीपकको अनुहारमा खुसीको चमक देखिन्छ र आफ्नो इमेल एड्रेस शान्तालाई टिपाउँदै भन्छन्- "विनीतालाई भनिदिनु होला उनको प्रश्नहरूका जवाफ मैले दिंदै आएको छु तर मेरा दुई प्रश्नहरू प्रकाश र विभिन्न दृश्यबाट एकमा ध्यान केन्द्रित पार्ने बारेको जवाफ अझै पठाउन बाँकी छ ।" र, उनी मन खोलेर हाँस्छन् । शान्तालाई त्यो खुला हाँसो मनपर्छ जसमा प्रेम झल्किएको थियो ।

काठमाडौं फर्केपछि शान्ताले यी सबै कुरा विनीतालाई सुनाउँछिन् । उनी पनि ती कुरा सुनेर र इमेल एड्रेस पाएर अति प्रफुल्ल हुन्छिन् । ती दुईको बीचमा बढ्दै जानथालेको घनिष्टताबारे चाल पाएर शान्तालाई पनि खुसी लाग्छ ।

यस्तै क्रममा समय बित्दै जान्छ । दीपक, शान्ता र विनीता यी तीनैले आफ्नो पढाइ पूरा गर्छन् । काठमाडौं फर्केपछि दीपकले दृष्टिविहीन बालबालिकाहरूलाई पढाउने र तिनमा आत्मशक्ति बढाई स्वावलम्वी बनाउने स्कुल खोल्छन् ।

□ □ □

दीपक र विनीताले विवाह गरेर जीवनको पूर्ण चरणमा आफूलाई उभ्याएका छन् । शान्ताको पनि आफ्नै परिवार छ र उनी स्कुल र आश्रम सञ्चालन गर्न दीपकलाई सहयोग गरिरहेकी छिन् ।

ग्रीष्मकालीन, दिनको प्रचण्ड घामबाट रूखको छहारीमा बस्दै एक दिन दीपकले शान्तालाई आफ्नो मनको बह पोख्दै सोध्छन्- "शान्ता, के यी बालबालिकाहरूले आफ्नै जीवनकालमा नेत्र ज्योति प्राप्त गर्न सक्लान् ?"

"नसक्ने कुरा त छैन । संसारबाट ज्ञान र विज्ञानको विकास हुँदै जाँदा असम्भवहरू हट्दै गइरहेका छन् । आँखा फेरेर दृष्टि उपलब्ध गराउनेजस्ता प्रविधिहरू हाम्रै नेपालमा पनि यति छिटो आउला भनेर के हामीले पहिले विश्वास गर्न सकेका थियौं त ? यसैले आशावादी भई समयको प्रतीक्षा गर्दै जाऔं, कसो त्यो दिन नआउला ? अर्को कुरा, तपाईले आफ्नो अन्तर्दृष्टि यिनीहरूलाई दिएर दिव्य दृष्टि खोलिदिने प्रयास गर्दै हुनुहुन्छ । आखिर नेत्र ज्योति हुने र नहुने दुवैको लागि जरुरी यही 'अन्तर्दृष्टि' प्राप्त गर्ने त हो, होइन र ?"

# Various Fixed Intelligent Network Services

**Easycall®**
*AnyPhone AnyWhere*
**1650**



**AFS**

**(Advanced FreePhone Service)**
**Your Toll-Free Number**
*A Key to Your Business Success*

PCL ... PSTN Credit Limit



A Prepaid Phone Account
*Leading to Prepaid Revolution*

**NepalDirect®**
*Best way to call Nepal*



It's Easy to Call



NT VMS Always in Touch
**Voice Mail Service**

**Dial 1680 for PCL Service**

**List of Access Codes**

| Country | Carrier | Access Codes |
|---|---|---|
| Japan | KDDI | 00-531-00-9770 |
| Singapore | SingTel | 8000-977-941 |
| Thailand | CAT | 00-1800-9771-9999 |
| Thailand | CAT | 1800-0-977-09 |
| S. Korea | DACOM | 00-309-977 |
| S. Korea | K. Telecom | 00-722-977 |
| U.K. | BT | 0800-389-0454 |
| UAE | ETISALAT | 0800-11-977 |

**Nepal Telecom**
Central Office
Bhadrakali Plaza, Kathmandu

दिवङ्गत श्रष्टाको सिर्जना

# आगो बल्दैछ




केटाहरूको
भेलाबाट निर्णय भयो
आगो बाल्ने
भरै खाइसकेपछि खाना ।

आगो बल्दैछ
पात पतिङ्गरहरू जल्दैछन्
काठहरू बल्दैछन्
खसेलाहरू जल्दैछन्
आगो बल्दैछ ।

रहर छ
आगो ताप्ने मलाई पनि
यो हुस्सु परेको रातमा ।

आगो बल्दैछ
अवरोधहरूको फलामको सत्ता गल्दैछ
हामीलाई
बाटोमा
राम्ररी हिंड्न नदिने
काँडाहरू जल्दैछन्
कोइला हुँदैछन्
खरानी हुँदैछन्
आगो बल्दैछ ।

कहीं जाँदा पनि
हामीलाई शान्ति छैन
कोठा जाँदा पनि शान्ति छैन



स्व. विमल गुरुङ
*जन्म: वि.सं. ०२८/७/१९ (हङ्कङ)*
*मृत्यु: वि.सं. ०४८/१/२४ (जुकेपानी, धादिङ)*

कौसीमा सडकमा ।
रिक्सा साइकल मोटर
मान्छेहरू र
काठका पोशाक लगाएका घरहरू हेर्दा पनि
शान्ति छैन
सिमेन्टका पोशाक लगाएका घरहरू हेर्दा पनि
शान्ति छैन
केही गर्दा पनि शान्ति छैन
कतै जाँदा पनि शान्ति छैन
हुस्सु-हुस्सु छ चारैतिर ।

ठण्डा-ठण्डा छ चारैतिर
हुनसक्छ
कसैले, केटाहरूको
भेलाबाट निर्णय गऱ्यो
आगो बाल्ने
भरे खाइसकेपछि खाना ।

आगो बल्दैछ
साइकलको पुरानो टायर जल्दैछ
खूब मजाले
हवार्-ह्वार्ती जल्दैछ
साइकलको
डेट-अफ ट्युबहरू बल्दैछन्
छेस्का-छेस्कीहरू जल्दैछन्
मकैका खोयाहरू जल्दैछन्
प्लास्टिकहरू बल्दैछन्
ढुङ्गाहरू काला हुँदैछन्
माटोहरू डढ्दैछन्
वातावरण तापमय हुँदैछ
फलामका वीर धुँवाहरू नक्षत्रतिर जाँदैछ
हुस्सु भयभीत हुँदैछ
आगो बल्दैछ ।

*रचनाकाल: ०४६/०९/२०*

*(२०४६।९।२० मा स्व. गुरुङद्वारा रचित यो अप्रकाशित कविता **घ्येंत्रो** द्वैमासिकका लागि तत्कालीन सम्पादक विमल भौकाजीलाई कवि शशी लुमुम्बूको सौजन्यबाट प्राप्त भएको थियो ।)*


*Dear Sharada !*
*Happy New Year to You*

Nepal College of Management
*Affiliated to Kathmandu University*
Naya Baneshowr, Kathmandu, Nepal.
Tel.: 4115690, Fax: 977-1-4115563
E-mail: ncm@wlink.com.np

# स्मृतिरेखामा 'तुवाँलो' मासिक


चैतन्यराज देवकोटा

'म नें इच्छा नहुंदा नहुँदै पनि पत्रिकाहरू मर्न कर लाग्छ। वास्तवमा दीर्घायु खालका रचनाहरूले नै पत्रिका चिरञ्जीवी बन्न सक्तछन्।'

यो सम्पादकीय अंश हो- 'तुवाँलो' साहित्यिक मासिक पत्रिका पहिलो अङ्क (वि.सं.२०२१ माघ) को। हो, आजभन्दा करिब ४३ वर्षअघि हामी (प्रेम कोइराला-चैतन्य देवकोटा) दुई जना साथी मिली साहित्यिक पत्रिका चलाउने साहस गरेका थियौं। यो हाम्रो साहित्यप्रतिको प्रेम र एक प्रकारको युवा जोश तथा जाँगर थियो, अनौठो रहर थियो। यही उत्साहको परिणति वा मूर्त रूप थियो-पत्रिका प्रकाशन। पत्रिका प्रकाशनबारे निधो गरी हाम्रो छलफल चल्यो पत्रिकाको नामाकरणबारे। छलफलमा धेरै नाम आए। नयाँ र नौलो नाम राखौं भन्ने भावना आयो। निक्खर नेपाली र प्रतीकात्मक तहको नामसँगै हामीले 'तुँवालो' नाम छान्यौं, हामी डराइरहेथ्यौं यो नाम राख्नलाग्दा प्रशासनबाट मनाही गरिएला भनेर तर नाम पास भयो। यसबारे पनि निकै छलफल र बौद्धिक कसरत भएको कुरा मलाई सम्झना छ। तत्कालीन उत्साहपूर्ण जाँगरले गर्दा नै विज्ञापन खोज्ने, कवि-लेखकहरूलाई भेट्ने र लेख रचना अनुरोध गर्ने, छाप्ने,-प्रुफ हेर्ने पैसा उठाउने इत्यादि कुराहरू त्यतिखेरका हाम्रा दिनचर्या थिए। विगतको त्यो उत्साह, जाँगर र लगनशीलता, आँट, साहस र हिम्मत आदि सम्झँदा अहिले अचम्म लाग्छ।

अहिले सन्दर्भ अर्कै छ। राष्ट्रिय अन्तर्राष्ट्रिय व्यापार गर्न थालेको पनि करिब ३५, ३६ वर्ष पुगिसक्यो। मनःस्थिति व्यापार केन्द्रित बनिसकेकोले लेख-रचना पढ्ने, तदनुकूल चिन्तन र सङ्गतमा लाग्ने स्वभाव टाढिइसक्यो। कहिलेकाहीँ पत्रपत्रिकाहरूमा आकर्षक लाग्ने कसैका लेख रचना भेटिए पढिहाल्छु पनि, त्यस्तै 'यात्रासंस्मरण' हेर्छु; आकर्षक लागे, मन खिचे पढेरै

सिध्याउँछु। फेरि कुनै आफ्ना सुपरिचित मित्र, विगतका साहित्यिक साथी वा सहकर्मी आदिले लेखेका वा उनीहरूका बारे लेखिएका आलोचना, स्मृति विषयक रचना, भाषा-संस्कृति र कला विषयक लेख आदिले अझै पनि मन तान्दछन्। कता-कता पढिहालूँ भन्ने इच्छा जाग्दछ। यसैले प्रायः फुर्सत मिलाई एक-दुई पत्रिका पढ्छु, लेख्ने-रचना तयार पार्ने कामचाहिँ ज्यादै कम चल्छ। यो भयो हालको यथार्थता।

पत्रिका विषयक विगतको कुरो-हामीले परिश्रमपूर्वक उत्साहसाथ पत्रिका निकाल्यौं- 'तुँवालो'। यसपछि आयो वितरणको समस्या। त्यतिखेर (२०२१/०२२ तिर) काठमाडौंमा सन्देश गृह बाङ्गेमुढा र पिपलबोटअगाडि दुई ओटा खुलापसल यिनै प्रमुख ठाउँ थिए। यिनीहरूले सुरुमा केवल २०, २५ प्रति विक्रीको लागि लिने-विनाअग्रिममूल्य, अनि विक्री भएपछि मात्र रकम दिने कुरा भने। जे भए पनि दिनै पर्‍यो-दिइयो। त्यस्तै चितवन नारायणघाटमा मेरै जिल्ला गोरखाका परिचित मित्र सूर्यबहादुर मास्केले 'दिलमाया पुस्तक भण्डार' पुस्तक पसल खोलेका रहेछन्। उनी जिल्ला शिक्षा कार्यालयको सबइन्सपेक्टर भई सरकारी जागिरमा रहेका र जिल्लाका स्कुलहरूमा जाने भएको कुरा सुनें। अतः उनी काठमाडौं आएको समय पारी भेटेर कुराकानी मिलाई ३०, ४० प्रति हुलाकबाट उनको ठेगानामा पत्रिका पठाउने काम पनि भयो।

यसबाहेक आसाम, दार्जिलिङ्ग, बनारस आदि भारततिरका नाम चलेका प्रवासी नेपाली कवि-लेखकहरूकहाँ ठेगाना खोजी सो ठेगानामा रजिष्ट्री गरी चिठी पठाउने काम पनि गरियो, पत्रिका विक्रीबारे सबैतिर कुरा चलाइयो। यसरी नै केही देशभित्रकै मित्रहरूको सहयोग पनि जुटाउने प्रयास गरियो। तर पनि विक्रीको भरपर्दो आधार पाउन सकिने सूत्र मिल्न सकेन। पत्रिकाहरूचाहिँ छापिँदै नै गए। प्रत्येक अङ्क एक हजार प्रति नघटाईकनै छाप्थ्यौं। पत्रिका बिकाउन र चलाउन अब के गर्ने कसो गर्नेको अन्तरद्वन्द्वमा पिल्सिइरहन्थ्यौं।

यतिखेर 'रूपरेखा'को राम्रो प्रचार थियो। सोको प्रतिस्पर्धामा गई हामीले जनस्तरमा भिज्नुपरेको थियो। तर 'तुवाँलो' नयाँ-नौलो, र साधन श्रोत पनि घटेर जाँदा कमी-कमजोरी अवस्था उत्पन्न हुँदै थियो। यस यथार्थतालाई हृदयङ्गम गरी यसबाट उत्रिने उपाय पत्ता लगाउन र विस्तृत बजारअनुरूप अत्यन्त आकर्षक डाइजेष्टका रूपमा (सम्भवतः नवनित हिन्दी डाईजेष्टजस्तै) निकाल्न सकिन्छ कि भनी नयाँ बजार खोज्न म भारततिर परें, घुम्दै इलाहबाद पुगें। भारतका रेल्वे स्टेसनमा पत्रिका बेच्ने 'एएच् व्हीलर एण्ड कम्पनी लि' भन्ने संस्थासँग समेत सम्पर्क गरें। तर उसका शर्त ज्यादै जटिल र धान्न मुस्किल हुने कुरा बताए पनि त्यस समस्यासँग जुधेर नेपाली भाषामा डाइजेष्ट जसरी पनि निकाल्न मैले मनमनै आँटेर सल्लाह मिलाएँ। यस समयसम्ममा 'तुँवालो' को चौथो अङ्क बाहिर आइसकेको थियो र पत्रिकाहरूको चाङ्गमा मनै घर्काउने रूपमा देखिन्थ्यो। यसै क्षणमा केही हितैषी मित्रले शिक्षा मन्त्रालयबाट केही प्रति खरिद गरिदिने सहयोगको राहत पनि प्रदान गर्नुभयो। साथै उस बेला अत्यन्त चर्चित कविका रूपमा राजा महेन्द्रको जन्म जयन्तीको अवसर पारेर अन्य पत्रिकाहरूसरह हामीले पनि राजाको फोटो मुखपृष्ठमा राखी पाँचौ अङ्कलाई कविता विशेषाङ्क भनेर राजाको कवितासमेत राखेर छाप्यौं। त्यसपछि अरू दुई अङ्कहरू प्रकाशित भए। साथै हामीले पत्रिकालाई नेपालको पहिलो (सार निचोड) नेपाली डाईजेष्टको रूपमा परिणत गरेर आफ्नो पत्रिकाको स्वरूप बढी आकर्षक र पठनीय बनाउने निर्णयअनुरूप 'तुँवालो' को नामबाट दुई अङ्क जतिपछि बन्द गरी केही स्वनाम प्रचारमा व्यस्त साहित्यिक साथीहरूलाई सहयोगार्थ र वैतनिक रूपमा समेत लियौं। त्यो निर्णयअनुसार छाप्ने व्यवस्था निकै समय लम्बियो। काम विशेषले म मधेस जानपर्ने भयो। तापनि बनारस र इलाहबादका ठूला प्रेससँग सम्पर्क गर्ने मौका मिलाई काठमाडौंका मित्रलाई जानकारी जानकारी गराएको थिएँ। केही लामो समय लाग्यो फर्किन। फर्किंदा पछि तिनै मित्रमध्येबाट भावना र हाम्रो सोचअनुसारकै नामाकरण गरेर डाईजेष्ट निक्लिएको देखिएपछि अचम्म लाग्यो।

यतिखेरको पञ्चायत व्यवस्थागत वातावरण राजाको र व्यवस्थाको स्तुतीकरण सिर्जनामा व्यस्त थियो। अतः पत्रपत्रिका प्रकाशित हुँदै गरेका भए पनि ती आमजनताको


बौद्धिक खुराक वा मनोरञ्जन अभिव्यक्ति प्रकट गर्ने सच्चा साधकको रूपमा कमै थिए। पढ्ने वा लेख्ने वातावरण पनि 'तुँवालो' भैं छोपिएको थियो। फेरि मानिसहरू पैसा तिरेर पत्रिका पढ्ने भन्ने कुरो विशेष फर्माइस सम्भिन्थ्ये। अतः धेरै मानिस नेपाली साहित्यका पत्रपत्रिकाहरू पुस्तकालय वा वाचनालय गई पढ्ने, एउटा पत्रिका धेरैले पालैपालो मागेर पढ्ने चलन व्यापक थियो। उद्योग धन्दा नगण्य रहेकोले समाज उत्तिकै आर्थिक सङ्कटग्रस्त थियो। जागिर खाई जीवन धान्ने प्रमुख माध्यम त बिर्सनै सकिन्न। तर भारतबाट साप्ताहिक मासिक भिकाउँथे। तिनले सबैले राम्रो बजार र व्यापार पाएका थिए। बौद्धिक खुराक दिने माध्यम तिनै पत्रिकालाई ठानिन्थ्यो पनि।

यस परम्पराले यहाँका पत्रपत्रिका पुष्टाएर जाने, लोकप्रिय बन्दै व्यापक रूपमा खपत हुने आदि काम सरल गराउन सम्भव हुन सक्छ कि भन्ने सोच बनाउँदै हामी मनैमन त्यो विकल्प खोज्नतिर थालेका थियौं। 'तुवाँलो' को भविष्यतिर नै सारा चिन्तन गर्न थालियो। तर साथीहरूबाट यसरी डाईजेष्ट आएपछि त्यसमै जानु उपयुक्त लागेन।

जीवनमा सबैभन्दा ठूलो पैसालाई नै मानी पैसा कमाउने, मान, इज्जत र नाम राख्ने उत्तम निर्विकल्प ठानी धन-सम्पत्तिको तुजुकमा क्षणिक हाइहाइ हुने उद्देश्य भएका भए तत्सम्बन्धी बाटाहरू त्यस समय धेरै थिए। गुणगान गाएर चाकरी भज्याएर जाने भए भाग्य चम्किन्थ्यो। तर स्वच्छ बाटो अपनाई स्वच्छन्द बनी स्वतन्त्र विचार गर्दै केही दिऔं र यथासम्भव अभावपूर्ति गरौं भन्ने सोचेर नै 'तुँवालो' प्रकाशनमा उद्यत हुन पुगिएको थियो। यस प्रयासले साहित्यको विशाल सागरमा एकमुठी रेतिलो धुलीकरण छरे-नछरेको तथ्य भविष्यले केलाउनेछ।

बाणी साधनको त्यो बाटो चटक्क छाडी अर्कै व्यवसायमा लागेपछि त्यो तुँवालो-विषय बिर्सी नै सकेको थिएँ। व्यावहारिकतावस भेटघाट क्रममा कुनै सङ्ग्रहशील साथीकहाँ पुग्दा प्रसङ्गले कुरा कोटिन जाँदा ती अतीत केलाउँदै 'तुँवालो' का अङ्कहरू देखेपछि म झल्याँस्स भएँ। मनमा अतीत ब्यूँझ्यो, त्यही स्मृतिरेखाको संक्षिप्त यथार्थता नै यस्तै थियो।

# गजल





शकुन्तला जोशी

धारमाथि पाइला राखी उठेका छन् मान्छेहरू
कस्ले भन्यो आजभोलि सुतेका छन् मान्छेहरू ?

कहाँ बल्छ आगो त्यसै नठोसिई अगुल्टालाई
कस्ले भन्यो देशैभरि फुटेका छन् मान्छेहरू ?

नयाँ चेत नयाँ विचार बाँडिहिंड्दा नयाँ युगलाई
कस्ले भन्यो आफैभित्र टुटेका छन् मान्छेहरू ?

शिखरमा म छु भन्ने घमण्डको मद पिई
कस्ले भन्यो सबै पछि छुटेका छन् मान्छेहरू ?

स्वाभिमानका खातिर यहाँ बलि चढ्ने हजारौं छन्
कस्ले भन्यो साह्रै तल झुकेका छन् मान्छेहरू ?

# परिवर्तन


केदार सितु

टोलवासीहरू सबैलाई थाहा छ, ऊ अराजनीतिक व्यक्ति हो ।

उसलाई राजनीतिको बारे पटक्कै ज्ञान छैन ।

त्यसैले ऊ नेताहरूको भाषा सुन्न जाने गर्दैन ।

आजसम्म उसले एक जना नेताको पनि भाषण सुनेको छैन । त्यसैले नेता भनेको के हो कसलाई नेता भन्दछ र के भयो भने नेता हुन्छ उसलाई पटक्कै थाहा छैन ।

□ □ □

उसलाई सबभन्दा मनपर्ने विषय भनेको सिनेमा हो ।

उसको खूबी भन्नु नै एउटै सिनेमालाई दश पन्ध्र पटकसम्म हेर्नु हो ।

कुनै पनि फिल्म पाँच पटकभन्दा कम उसले हेरेकै छैन ।

उसलाई सबभन्दा मनपर्ने हिरो देवानन्द हो ।

हिरोइनमा मधुवाला उसलाई सबभन्दा मनपर्छ, अनि स्वरमा कुन्दनलाल सहगल ।

□ □ □

एउटा टिभी कार्यक्रमवालाले केही महिनाअघि ऊसँग अन्तर्वार्ता लिएको थियो ।

ऊसँग टिभीवालाले प्रश्न राखेको थियो- देशको परिवर्तित प्रजातन्त्रिक विकासको अभ्यासलाई तपाईंले कसरी हेर्नुभएको छ ?

सायद, उसको उत्तर टिभीवालालाई मन परेन कि किन हो, उसको अन्तर्वार्ता टिभीमा प्रसारित भएन ।

सायद, सेन्सर भयो ।

उसको अन्तर्वार्ता टिभीमा नआएको कुरा उसलाई उसको टोलिया साथीहरूले भनेको हो ।

आज ऊ टिभीमा सेन्सर भयो ।

आफ्नो अन्तर्वार्ता टिभीमा किन प्रसारण भएन, यस कुरामा उसले कुनै चासो पनि राखेन ।

उसलाई यसमा चासो पनि भएन ।

उसलाई त अस्ति टिभीवालाले आफूसँग के सोध्यो, त्यसमा उसले के जवाफ दिएथ्यो, त्यो पनि सम्भना छैन ।

□ □ □

तर, टिभीमा उसको अन्तर्वार्ता प्रसारण नभएपछि ऊ टोलको राजनीतिक परिवृत्तमा भने अलिकति चर्चाको विषय हुन थाल्यो ।

टोलका राजनीतिक मानिसहरू ऊप्रति अलिकति आकर्षित भएको देखियो ।

भेट हुँदा सबैले ऊसँग सोध्न थाल्यो- त्यस्तरी के जवाफ दिनुभयो ?

तर ऊ आफै निरुत्तर छ ।

आफूले त्यस बेला के जवाफ दियो, उसैलाई सम्भना छैन ।

त्यसैले, उत्तरमा हात पल्टाएर 'ख्वै' मात्र भन्दिन्थ्यो ।

□ □ □

तर, उसले राजनीतिक वृत्तलाई भने नजानिंदो किसिमले तानेको देखियो ।

प्रजातान्त्रिक वातावरणमा एउटा सेन्सर पनि आकषर्ण भइदिंदो रहेछ ।

तर, उसलाई भने आफ्नो अन्तर्वार्ता सेन्सर भएको भन्दा पनि फिल्ममा हुने सेन्सरको ठूलो पीर छ ।

अस्ति मात्र रिलिज भएको एउटा फिल्मको धेरै भुर दृश्यहरू सेन्सरवोर्डले हटाइदियो भनेर उसलाई टाउको दुखेको छ ।

□ □ □

देशमा बहुदल आएको दिन उसले 'बहुबेगम' फिल्म हेरेको रे ।

त्यसैले, ऊ बहुदलको कुरा आउँदा 'बहुबेगम'को कुरा जोड्न ल्याउँथ्यो ।

उसलाई बहुदलमा भन्दा 'बहुबेगम'मा धेरै चाख छ ।

उसलाई देशमा आएको राजनीतिक परिवर्तनको कुनै किसिमको अनुभव भएन, तर फिल्ममा आएको परिवर्तनप्रति भने ऊ अत्यन्तै सचेत छ ।

पहिले पहिले फिल्ममा वेश्याहरू मात्र हिरोइन हुन्थे रे, अहिले ठयाक्क त्यसको उल्टो भएको छ रे ।

□ □ □

देशमा चुनावको तिथि नजिक आयो ।

जतिजति चुनाव नजिकिदै आयो त्यतिकै मात्रामा हरेक क्षेत्र, इकाइको राजनीतिक गतिविधि बढ्न थाल्यो ।

नेताहरू टोल टोलमा भाषण दिन आए ।

एक पटक त नाई नाई भन्दाभन्दै पनि नेताहरूले भाषण दिएको ठाउँमा उसलाई टोलिया साथीहरूले घिसार्देरै लगे ।

तर, ऊ त्यहाँबाट चुरोट पिउने बहाना बनाएर फुत्क्यो ।

एक दुई दिनपश्चात् उसको टोलमा पनि चुनाव प्रचार-प्रसार समिति बन्यो ।

टोलमा सबैभन्दा जेष्ठ (७५ वर्ष) भएको नाताले उसलाई समितिको अध्यक्षमा राखियो ।

उसले जतिसुकै नाइनास्ती गरेता पनि उसैलाई अध्यक्ष बनाइछाडियो ।

यसो गर्दा सेन्टीमेन्टल भोट धेरै आउँछ रे ।

अब ऊ टोलको 'नेता' बन्यो ।

उसले सोच्यो 'नेता' भनेको यही हो ।

नेताहरूले भाषण गर्दा उसको नामको अगाडि 'कमरेड' भन्ने शब्द जोडेर सम्बोधन गर्दथे ।

□ □ □

चुनावकै सिलसिलामा उसको टोलमा विपक्षी पार्टीको चुनाव प्रचार-प्रसार समिति पनि बन्यो ।

सबैभन्दा जेष्ठ नागरिक भएको कारणले विपक्षी पार्टीका मानिसहरूले उसलाई पनि आफ्नो समितिमा समावेश गऱ्यो ।

दुवै पार्टीले उसलाई आ-आफ्नो पार्टीको भाषणमा उभ्याउन थाल्यो ।

दुवैको बैठक-सभामा ऊ सहभागी हुनुपर्ने भयो ।

पार्टीका नेताहरूलाई उसको सहभागिता देखाउनु पर्दछ रे ।

यसले गर्दा उसको फिल्म हेर्न जाने क्रमलाई भने अबरुद्ध पाऱ्यो ।

दुवै पार्टीको 'शो पिस' भएर अब ऊ बेफुर्सदिलो बन्यो ।

□ □ □

एक दिन दुवै पार्टीको भाषण एकै समयमा जुध्यो । दुवैले उसलाई बोलाउन आयो ।

त्यसो त ऊ दुवै ठाउँमा जान तयारै थियो ।

तर, उसलाई बोलाउन आउनेहरू तयार भएनन् ।

उसले दुवै समूहका पट्टाहरूलाई सम्झाउँदै भन्यो- अब के भयो त बाबूहरू ! म दुवै ठाउँमा पालैपालो आउँछु ।

तर, उनीहरू कोही पनि तयार भएनन् ।

दुवै पार्टीका मानिसहरूले दावी गरिरहे कि ऊ उनीहरूको पार्टीको हो ।

समस्या झन् झन् बिकराल बन्यो । तुरून्त समाधान होलाजस्तो देखिएन ।

दुवै समूहबीच भनाभनसमेत सुरू भो ।

स्थिति तनावपूर्ण बन्यो ।

ऊ दुवै समूहका बीचमा 'स्याण्डबीच' भइदियो ।

□ □ □

अन्ततः उसले दुवैतर्फ नजाने आफ्नो निर्णय सुनायो । उसको निर्णयपछि एउटा समूह उसलाई 'गद्दार'को संज्ञा दिएर गयो, अर्को समूहले प्रतिकृयावादी ।

जिन्दगीभर उसले यस्तो आरोप प्रत्यारोप भोग्नु परेको थिएन ।

तर यो वैंसमा आएर 'गद्दार'को आरोप सहनु पऱ्यो । तर उसले प्रतिकृयावादीको माने भने बुझेन ।

□ □ □

तर, उसले एउटा कुरा के बुझ्यो भने परिवर्तन वा विकास भनेको सायद त्यस्तै हो । ब्लायक एण्ड ह्वाइट फिल्मलाई कलर गरेर देखाउनु हुनेजस्तै ।



*नेपाल भाषाबाट अनुवादः*
***नारद बज्राचार्य***

# केदार सितुको परिचय

केदार सितु, जन्म : ने.सं. १०८४ अक्षयतृतीया,

कृति : 'धकं धवाय' (कथासङ्ग्रह) ने.सं. ११०७, 'स्वम्हम्ह मनू' (उपन्यास) ने.सं. १११२, 'तथागत' (उपन्यास) - प्रकाशोन्मुख ।

नेपालभाषाको कथा फाँटमा युवा पुस्ताको सशक्त हस्ताक्षर हुन्- केदार सितु । उनको कथामा आफ्नै मौलिक पहिचान छ । कथा कहने उनको आफ्नै मौलिक शैली छ ।

कथामा केदार सितुको आगमन एउटा हलचल सावित भएको छ । एउटा मोड जो उसले बोकेर आएको थियो ।

र, केदार सितुको शैलीमा आफै एकनासले कराइरहने प्रलापको नरोकिने अविराम गति छ । भाषामा सहजता छ ।

अस्तित्वको सङ्कट नै आजको मानिसको नियति बनेको छ । सांस्कृतिको ह्रास भएको छ । त्यसैले मानिस आफैभित्र अराजक छ, अनावद्ध छ ।

केदार सितुको कथा, केदार सितुको उपन्यास त्यही मानिसको जिन्दगीको सेरोफेरो हो भन्दा अत्युक्ति नहोला ।

# पहिरो





मातृका पोखरेल

पहाडको स्वाभिमानमाथि शत्रुताको छुरी उज्याउने
पहाडको छातीलाई विपतको आराले रेट्ने
फेरि उत्तरआधुनिकताको टोपी भिरेर
किन गरिरहेछन् मान्छेहरू पहिरोको पूजा
म आगोका लप्का उठिरहेको डढेलोझैं
क्रोधले चुरचुर भएको छु ।

अब किन पूजा गर्नु मान्छेले पहिरो,
जोगिमारा भोगेकै हो काठमाण्डूले
कृष्णभीरको घाउले धरधरी रुवाएकै हो
दुर्क्षिम भत्किएर तराई पनि पुरिएकै हो
अब किन पूजा गर्नु मान्छेहरूले पहिरो
आतङ्कको उही पुरानो विपनाले
मलाई बारबार घेरिरहन्छ
पहाडको शिरमा ठिङ्ग उभिइरहेको
उही पुरानो पहिरो,
र सम्साँझै निदाइरहेको
फेदीको उही पुरानो बस्ती
यति बेला, पहिरो पहाडको थुम नापिरहेको छ
म, नयाँ युगको चिन्ता बोकेर
चौबाटोमा नयाँ जुलुस पर्खिरहेको छु

नयाँ युगको फूल बोकेर
म महाभारत
नयाँ भोलिको आमन्त्रणा गरिरहेको छु
त्यस्तो एउटा नयाँ भोलि
त्यति बेला पहिरोले
हामी पहाडहरूको छाती रेटेर
वस्तीका वस्ती खण्डहर बनाउँदैन
हामीलाई पुरानो युगतिर धकेल्दैन
त्यस बेला म सँगसँगै
बच्चाहरूले घृणा गर्दै पढ्नेछन्
उसको क्रुर इतिहास ।

निबन्ध

# बिक्न सकिनँ

धेरै दिनदेखि लेख्न सकिरहेको छैन । लेख्न खोज्नेले लेख्न नसक्नु ठूलो पीडा नै हो । नदेखिने गरी आफैले आफैलाई दिने पीडा । नदेखिने गरी रेटिरहने करौंती-पीडा । त्यसै पनि सम्झना र कल्पनाले साँगुरो बनाएको क्षण छ । सोचेजस्तो नभएको दुखको अर्को द्वन्द्व चलिरहेको बेला कसरी लेख्नु र ?

नलेख्नु अहिले ठूलै कुरो होइन । कुरो विदेशको हो । संसारभरिको स्वप्नभूमि बनेको छ अमेरिका । अँध्यारोले उज्यालोलाई जित्नै नसक्ने ठाउँ यो । यहीँ हारेको अँध्यारोसँग हार्न पनि सकिरहेको छैन म । उज्यालोले जस्तो जित्न त के सक्नु झन् ? 'लिबर्टी अफ स्ट्याचु' जस्तै ठिङ्ग उभिएको छ प्रश्न । यहाँ पाइताला परेदेखिकै प्रश्न रुमल्लिरहेको छ । सुखसम्म पुग्ने माध्यम के हो भन्ने लाग्दथ्यो, पैसा सबैभन्दा सजिलो माध्यम हो सुखको । पैसाको शक्तिले आफै डोरिन्छ सुख । पैसाले नपाउने कहीं कतै केही छैन, पैसाले देख्ने आँखा अन्धो हुन्छ, सुन्ने कान बहिरो हुन्छ, बोल्ने ओँठ कैद हुन्छ । धर्म लुक्छ, इमान हराउँछ, आदर्श डगमगउँछ । बाँकी केही राख्दैन । जस्तै मैहुँ भन्ने पनि बिस्तारै डोरीको गाँठो फुस्किएजस्तै फुस्किन थाल्छ । विश्व पैसामय भएकोले कत्राकत्रा क्षेप्यास्त्रहरू पनि कमजोर बनेका र बनाइएका छन् । सत्य यही हो भन्ठान्छु ।

हुँदा गेडी सबै आफ्ना, नहुँदा सबै भएर पनि पराया । नजिकैकाहरू पनि यस सूत्रबाट टाढिन सक्दैनन् । यसको अभावमा राम्रोसँग पेट भर्न पाएका छैनन्, आङ ढाक्न पाएका छैनन्, छानाको ठेगाना पाएका छैनन् । औषधिमूलो नपाएर मृत्यु नजिक्याइरहेका छन् । यी सबै पैसाको शक्ति त हो नि । साँच्चै, पैसा भन्ने कुरा नभइदिएको भए ! के हुन्थ्यो होला ? के सबै



श्रीओम श्रेष्ठ 'रोदन'

मान्छेले मान्छेजस्तै भएर बाँच्नु पाउँथ्यो होला ? असमानताका डोरीहरू हुन्थे कि हुन्थेन होला ?

भर्खरै एउटा समाचार प्रकाशमा आएको छ। रोमानियाको एक जना किसानले आफूले लिएको चौतीस सय डलरको ऋण तिर्न नसकेर आफ्नै श्रीमती दिएर चुक्ता गरे रे। कत्रो विडम्बना ? हामी आफ्नै वरपरको मात्र गरिबी देखिरहेका मान्छे ! २१ औं शताब्दीको युरोपमा कसरी पत्याउने यस्तो समाचार। तर पत्रिकाले त्यत्तिकै किन लेख्थ्यो ? पैसाको लागि स्वास्नी बेच्नुपर्ने बाध्यता एक प्रकारको सङ्केत नै हो। गरिबी नहुने कुनै ठाउँ हुँदैन र समस्या नहुने कोही हुँदैन भन्ने सन्देश पनि हो यो।

पैसा धेरै कुरो हो तर सबै कुरो होइन, साधन हो माध्यमै होइन सुखको। साग र सिस्नु खाएको आनन्दी मनैले ! त्यसै भनेका रहेछन् र महाकविले ? मनै ठाउँमा नभए नाथे पैसाको के मोल ? पैसाले जति धेरै सामान किने पनि अहिलेसम्म कहाँ सुखै किन्न सकेको छ र ? राम्रो ओछ्यान किन्ने धेरै पसल छन् तर निद्रा किन्ने कुनै पसल देखेको छैन। सुनको पिंजडामा थुनिएको पन्छी फलामको पिंजडामा भन्दा खुशी हुनै सक्दैन। सक्छ भन्ने एउटा भ्रम मात्र हो, तुरुन्तै च्यातिहाल्नुपर्ने कागजजस्तै।

अमेरिका आएर म लाहुरेको अनुभव बटुलिरहेको छु। आफ्नो र परिवारको पीडालाई परिणाममा ल्याउन नाङ्लोमा निफनिरहेको छु। लाहुरे त भन्न नमिल्ला कि ? भारतबाट पाकिस्तान विभाजित नहुँदै ताका नेपालीहरू काम र मामको खोजीमा लाहोर जान्थे र लाहुरे बन्थे। अहिले त्यो लाहोर पाकिस्तानमा छ। तर पनि देश छोडेर कमाउन जाने लाहुरे नै बनिरहेका छन्। लाहोर जानेलाई लाहुरे भनेपछि अमेरिका पुग्ने अम्रिके म !

समय त धेरै होइन तर कहिले घर परिवार छोडेर बस्ने अभ्यास नभएको मान्छे ! दिन खासै लामो होइन तर मलाई एक दिनभन्दा बढी चौबीस घण्टा लाग्न थालेको छ। १४४० मिनेटले सम्झाउने गरेको छ। यसैले दिनहरू लम्बिएको लागिरहेको छ।

केही दिनदेखि सन्चो हुन सकेको छैन। ओछ्यानै पर्ने गरी पनि होइन। यो बिसन्चो भएरै भएको होइन, आफ्नोपनको मात्र हो, मानसिक तनावको हो। सोच्छु, किन साटिरहेछु आफूलाई अमेरिकासँग ? आफ्नोपनलाई किन लिलाम गरिरहेको छु। अलिकति पैसाको मोहमा दुखेर बाँचिरहनु र पैसाको लागि स्वास्नी बेच्ने रोमानियाको हुनुमा म फरक देख्दिनँ।

आज जुलाई को २१ तारिख, २००६ को। बिहानदेखि बादल लागेर पानी पर्लाजस्तो भैरहेको छ। कोठामा पल्टिरहेको छु। मौसमजस्तै घुमिरहेको छु। फोनको घण्टी बज्यो। यहाँ फोन कुराकानीको माध्यम मात्र नभएर विज्ञापनको माध्यम पनि बनेको छ। यस्तो विज्ञापनले कायल छु म। आफूलाई प्रयोग नहुने अर्थमा। कहिले इन्स्युरेन्सको विज्ञापन, कहिले स्वास्थ्य परीक्षण, इन्टरनेट, टेलिफोन आदिको भरपर्दो सुविधाको दर बताइन्छ र इच्छुक हुनुहुन्छ भने यति नम्बरमा थिच्नुहोस् भन्ने रेकर्डेड विज्ञापन बज्ने गर्छ। त्यसबाहेक कहिले होटलमा हुने कार्यक्रमको टिकटको लागि, कहिले प्याकेज टुरको लागि गरिने विज्ञापनहरू भने प्रत्यक्ष रूपमा बताउँछन् र नाम लेखिदिऊँ भनेर सोधिरहन्छन्। केही दिनदेखि भने कलिङ कार्ड प्रयोग गर्नको लागि विज्ञापन आउन थालेको चिरनभाइले बताउनुभएको थियो। चिरनभाइ र म एउटै कोठाका हौं र काम पनि एउटै।

आज पनि त्यस्तै भयो। सुरुमा अङ्ग्रेजी बोल्यो। म नेपाली हुँ भन्ने थाहा पाएपछि हिन्दी बोल्न थाल्यो। फोन भारतको गुजरातबाट आएको थियो। उसले सुरुमा कलिङ कार्डको किन प्रयोग गर्ने भनेर व्याख्या गऱ्यो। यसबाट भारत र नेपालमा फोन गर्दा सस्तो र भरपर्दो हुने भएकोले सुविधा लिनलाई अनुरोध गऱ्यो। पासवर्डको लागि पूरा नाम भन्नलाई कर गऱ्यो। मैले मानिनँ र मैले निकै बेरपछि मात्र फोन राख्न पाएको थिएँ।

धेरै पटक भैसकेको थियो, फोन उठाउँदा विज्ञापन सुनेको। अचम्म लाग्छ, यस्तो व्यस्त ठाउँमा फोनको विज्ञापन सुन्ने कसलाई फुर्सद होला। फोन नउठाऊँ कि भन्ने लागेथ्यो। तर मेरो कामै पो के छ र ? एक्लै

छु कोठामा, काम केही छैन । कुरै गर्ने कोही छैनन् । भएको एउटा साधनलाई किन उपेक्षा गर्नु ? हो पनि, कोठामै बसी बसी नयाँ कुरो थाहा पाउनु पनि एउटा उपलब्धि नै हो । जे देख्दा पनि नयाँ लागिरहेको समय छ । फेरि कसैले फोन गरे भने अप्ठेरो पनि हुनसक्छ ।

मन दौडिरहेकै थियो । हातगोडा नदेखिएका मात्रै । मनको गति नाप्न खोज्दिनँ । आँखा खोल्छु, नजिकैको झ्याल देखिन्छ । झ्यालबाट अलिकति आकाश देखिन्छ । एउटा रूख देखिन्छ र त्यसमा चिरबिराइरहेका चराका आवाज सुन्छु । आँखा बन्द गर्छु र धेरै कुरा देख्छु । देखिएका धेरै कुराहरूसँग मख्ख पर्छु । खोलिएका आँखाहरूले देख्ने सीमित दृश्यहरूमा किन चित्त बुझ्थ्यो र ? आँखा बन्द गर्छु र अपार दृश्यहरूमा रम्न थाल्छु ।

एकै छिनमा घण्टी बज्छ फोनको फेरि । दृश्यहरू हराउँछन् तुरुन्तै । त्यो पनि त्यस्तै विज्ञापनीय फोन । तर दिल्लीबाट आएको । उनको आवाजको गतिसँगै मैले फोन राख्न खोजें । तर उनको बढी शिष्ट भाषाले गरेको अनुरोध उल्लङ्घन गर्न सकिनँ । यति टाढाबाट गरेको फोन त्यसैले अलिकति समय सुनिदिन भनेका थिए ।

यस पटकको भारतीय, अधिकोभन्दा फरक पाराले कुरा गरिरहेको थियो । मैले टार्नका लागि कोठा र फोन साथीको भएको, आफू नेपालबाट घुम्न आएको र चाँडै फर्कने कुरा बताएँ । उसले दिन खोजेको सुविधा आवश्यक नभएको भनेर उम्किन खोजें । उनी झन् बढी जिज्ञासु बन्न थाले । उनको जिज्ञासाले म नजानिंदो ढङ्गले बाँधिदै गएँ । उनी आफ्नो व्यवसायिक कुराबाट व्यक्तिगतमा आइसकेका थिए । देख्दै नदेखेको, भेट्दै नभेटेको मान्छेको बोल्ने कलाले क्षणभरमै प्रभावित गर्न सक्दोरहेछ । हुन त मेरो पनि यस्तो अनुभव नभएको हुँदै होइन । काठमाडौंमा एफएम रेडियो भित्रिंदा ताका म पनि गुडनाइट एफएममार्फत बोल्थें राती दसदेखि बाह्रबजेसम्म । त्यति बेला आवाजको कारण रमाइला अनुभवहरू कमाएको थिएँ । तर आफू स्वयम् यसरी प्रभावित भएको भने पहिलो पटक नै हुनुपर्छ ।

मसँग प्रश्नमाथि प्रश्न राख्न थालेका थिए । अमेरिका आएको कति भयो ? कस्तो काम, भिसा कसरी पाएको, किन फर्कन लागेको जस्ता उसको चासोको विषय नभएको भएर पनि चासो लिइरहेका थिए उनले । उनी हाँसी-हाँसी रोमाञ्चित भएर कुरा गरिरहेका थिए । उनको बोल्ने कला मलाई रमाइलो लागिरहेको थियो । कटाउनै गाह्रो लाग्ने समय गति बढेर कटिरहेको थियो । उनले अरू कुराभन्दा पनि म फर्कदै छु भन्ने कुरामा निकै आश्चर्य प्रकट गरेको थियो । यति बेलासम्म हामी परिचित मित्रझैं कुरा गर्न थालिसकेका थियौं ।

कुराकानीसँगै उनी सोध्छन्- 'अमेरिका किन सबैको आकर्षित देश भएको ? खुल्ला समाज भनेको कस्तो छ ? यौन स्वतन्त्रता भनेको के हो ?' उनी चाख मानी-मानी सोधिरहेका थिए । मानौ अमेरिका पस्नु भनेको एउटा ठूलो बम्पर चिठ्ठा पर्नुसरह नै हो । पस्न पाए कति भाग्यमानी हुन्थें हुँला भनेर कल्पियो पनि । 'आउन खोज्नु भयो भने कुन ठूलो कुरो हो र ? आउनुस् न !' भने । 'निम्तो पठाएर वा अर्को कुनै व्यवस्था छ भने पठाउने व्यवस्था गरिदिनुस् । खर्च जति गर्न पनि म तयार छु ।' उनी अनुनय पनि गर्न चुक्दैन थिए ।

दिनको साढे छ बज्न लागिसकेको थियो र म घुम्न निस्कन खोजिरहेको थिएँ । उनी कुरा गरिरहन चाहिरहेका थिए । 'यहाँ बिहानको चार बज्न लाग्दैछ, पानी परिरहेको छ, के त्यहाँ पनि पानी परिरहेको छ ?' उनी जिज्ञासामा नै थिए । फेरि भने- 'एक छिन नराखिदिनुस् है, अमेरिकाको कुरा मात्र सुन्दा पनि मज्जा लागिरहेको छ ।'

कुराको सिलसिलामा उनी जति अमेरिकाप्रति लालायित भएर बुझ्न खोजिरहेका थिए त्यति नै मलाई नफर्कन पनि भनिरहेका थिए । बेलाबेलामा भन्ने गर्थे, किन फर्कनु हुन्छ, मज्जाले कमाउनुस् अनि मात्र फर्कनुस् !

चिन्नु न जान्नु घचेटी माग्नु भनेजस्तै भयो । के शक्ति हो त्यस्तो अमेरिकाको । नामै सुन्दा मात्र पनि भुतुक्कै हुने ? अचम्म र आनन्द दुवैको अनुभव गरें । कुरै मात्र सुन्दा पनि दङ्ग पर्ने । चिन्दै नचिनेको मान्छे ! त्यति टाढाको देशबाट व्यापारको लागि फोन

गरेको मान्छे ! एकै फोनभेटमा आफ्नो काम बिर्सियो र साथी भाइजस्तो । उनको उत्साहित जिज्ञासाले अमेरिका पृथ्वीको कुनै अर्को ग्रह हो, यहाँका सबै कुरा अनौठा र फरक हुन्छन् । यस्तै व्यवहार प्रकट गरेका थिए उनले । कुरा टुङ्ग्याउनुपूर्व मैले पनि आफ्नो जिज्ञासा राखें 'यो फोन नम्बर कहाँबाट कसरी पाउनु भो ?'

'यो कलिङ कार्डको विजनेशको लागि अमेरिकामा बसेका भारतीय र नेपालीहरूको नाम र नम्बर हामीलाई इन्टरनेशनल सर्भिस सेन्टरले दिन्छ र हामी यसरी नै डिलिङ गर्छौं ।'

म फोन राख्न तयारी गर्दै थिएँ, उसले हतारिँदै भन्यो 'एकैछिन, यहाँ मसँग बस्ने साथीले पनि तपाईसँग कुरा गर्न खोजेको छरे' भन्दै फोन दिइहाल्यो । त्योसँग पनि कुरा गर्न थाल्यो भने अर्को आधा घण्टा जान्छ भन्ने ठानेर फोन राखिदिएँ । एकै छिनमा फेरि घण्टी बजिहाल्यो । उठाएँ, त्यही मान्छेको आवाज सुनेपछि राखेर बाहिरिएँ । फोनको घण्टी बज्न थालिसकेको थियो र म हिंड्न थालिसकेको थिएँ । प्रत्येक दिन देखिने दृश्यहरूले प्रभावित हुने म आज पक्कै हुन सकिनँ । ४५ मिनेटसम्म फोनले अलमलाइरहेको थियो । कुरै मात्र सुन्न पाउँदा पनि खुशी हुने । चिन्दै नचिनेको मान्छेलाई पनि नफर्किन, कमाएर बस्नका लागि पटक-पटक उनी दोहऱ्याइरहेका थिए । म भएर उसले के स्वाद पाउने ? मैले कमाएर उसले के पाउने ? यसको पनि पक्कै कुनै स्वाद हुनैपर्छ । त्यसो त यताका मित्रहरूले बस्नै पर्ने भनिरहेका र कागजै मिलाउने कुरा पनि नगरेका होइनन् । पैसा, काम, साथीहरूको सहयोग, सद्भाव सबैले पनि मलाई बल गरेर तान्न खोज्यो ।

तर कुनै कुराले छुन सकेन मलाई । भिज्न सकिनँ म । सल्लाह सय जनाको सुने पनि निर्णय आफ्नै हुनुपर्छ भन्ने मान्यताको अडीग मान्छे म ! आत्मनिर्णयभन्दा ठूलो अरू केही हुन नसक्ने स्वीकार्ने म ! आत्मनिर्णयकै कारण मान्छेले करोडौं दान दिएका छन्, सारा सम्पत्ति छोडेर जोगी बनेका छन् । धर्ममा लागेका छन्, व्यापारमा लागेका छन्, राजनीतिमा लागेका छन् । आत्मनिर्णयकै कारण आत्महत्या नै गरेका छन् । यो नै मनको सर्वोच्च निर्णय हो र मनलाई यसले भन्दा अरूले सुख दिन सक्दैन ।

मूल समस्या नै यही हो मेरो । जहिले पनि आफ्नोपनले लखेटिरहने । अहिलेसम्म जे बनेको छु र जस्तो भएर चिनिएको छु त्यसमा नै बाँच्नु सार्थकता ठान्ने । यता अमेरिका आएपछि केही समय आफूजस्तै भएर बाँच्न सकिनँ । आफ्नोपनबाट पृथक भएर बाँच्नु भनेको आफ्नो छायाँभन्दा फरक बन्न खोजेजस्तै हो । सामान्यतया वास्ता गरिदैन । असन्तुष्टिमा छटपटाउन कसैले रहर गर्दैन । आफू गुमेर अरू के कमाउनु ? बाध्यता भिन्दै हो । बाध्यताजस्तो देखाएर आफू ठगिनु पनि अर्कै कुरा हो । नगरेरै पनि एक्लो हुनासाथ आत्महत्या गरिरहेजस्तो बचाई ।

आफूजस्तो बनेर बाँच्नुपर्ने गह्रुँगो भारीले मज्जाले थिचिसकेको छु । सितिमिति उठ्न सक्ने छैन अब मैले । त्यसैले त म एक दिन पनि महङ्गो तराजुमा खुशीले जोखिन सकिनँ । महङ्गै भाउ पाउँदा पनि मैले आफूलाई र आफ्नोपनलाई बेच्न सकिनँ । म नै मेरो आफ्नोपनमा रहेछु । अरू ओढेर किन आफू लुक्ने म ? अरू भएर, अरू बोलेर आफूलाई किन घटाउनु, तौल आफ्नै हो, किन बढाउने र घटाउने पनि किन ? बिक्नेहरू बिकिरहुन्, दाम जतिसुकै होस्, निहुँ जेसुकै होस् । म आफै भएर बिक्न सकिनँ र सक्दिनँ पनि, महङ्गो सस्तो जे सुकै होस् !

❊

*नर्थब्रिज,बोस्टन*

## PIONEER IN MERCHANT BANKING:

**Range of our services**

Pre issue and post issue management
Portfolio Management
Collection of Deposits
Register to the Shares
Providing Loan for Different Purposes
(Housing, Working Capital, Industrial & Hire Purchases etc.)
Trusteeship
Mutual Fund Scheme
Cheque Collection Facility
Money Transfer Facility

**Lending**

| | |
|---|---|
| Hire Purchase/Housing | |
| Term Loan/Bridge Loan | 10.00%-13.00% |
| Other (Share Loan) | 10.00%-11.00% |
| Loan against F.D. | +2% |
| Loan against Govt. Bonds- | +2% |

**Saving Deposits 5.50% on daily balance**
(minimum balance Rs. 1,000/-)

**Fixed Deposit:**
1 year-3 years and above 6%-7%

### NIDC CAPITAL MARKETS LTD. (BITTIYA SANSTHA)

P.O. Box: 7423, Kamal Pokhari, Kathmandu, Nepal.
Tel: 4425343,4421652,4423219, Fax: 4423401
Email: ncml@wlink.com.np
URL: www.ncml.com.np



# धुम्रपानबारे एक जानकारी

**नेपालमा धुम्रपान नियन्त्रणका लागि गरिएका प्रयासहरू**

१. विद्युतीय सञ्चार माध्यमबाट धुम्रपानलाई प्रवर्द्धन गर्ने विज्ञापनहरू प्रसारण गर्न पूर्ण प्रतिबन्ध लगाइएको छ ।
२. सरकारी तथा गैरसरकारी संस्थाहरूबाट धुम्रपानको विरुद्ध, धुम्रपानको प्रयोग रोकथाम र नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रमहरूको सञ्चालन गरिएको छ ।
३. सार्वजनिक क्षेत्रमा धुम्रपान गर्न निषेध गरिएको छ ।
४. सुर्ती, चुरोट, बिंडीको बट्टामा स्वास्थ्यको लागि हानिकारक छ भन्ने सावधानीको सूचना अनिवार्य लेखनको व्यवस्था गरिएको छ ।
५. सुर्ती र चुरोटमा अनिवार्य स्वास्थ्य करको प्रावधान राखिएको छ ।
६. सुर्तीजन्य वस्तु नियन्त्रणका लागि अन्तर्राष्ट्रिय अनुबन्धनमा नेपालले हस्ताक्षर गरेको छ ।


**सावधान !**

धुम्रपान र सुर्ती सेवन गर्नु भनेको मृत्युलाई निम्ता दिनु हो ।
धुम्रपान र सुर्ती सेवन नगरौं, अकाल मृत्युबाट जोगिऔं ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
टेकु, काठमाडौं
फोन: ४-२५४६१३, ४-२६१२८७, फ्याक्स: ४-२६१२८७
E-mail: hellis@mos.com.np
Website: hellisnepal.gov.np, nheicc.gov.np
२०६१/०६२

कथा

# सन्त्रास



विवश पोखरेल

'ल ज्योति ! तँ यतिका वर्षसम्म हाम्रा घरमा बसिस् । अब तँ यो महिनादेखि आफ्नै घर जा, हामी सक्दैनौं ।' लुनाले यति मात्र भनेकी थिई, ज्योतिको अनुहार एकाएक अँध्यारियो ।

'अनि मेरो पढाइ दिदी ?' उसले आँखाबाट तप-तप आँसु झारी ।

'अब आफ्नै घरमा गएर' पढ् । के गर्छेस् अर्काको बढेकी छोरी, तँलाई सधैँभरि घरमा राख्न पनि अप्ठ्यारो ।' मुटु मिचेर मैले थपें ।

'मैले हजुरहरूको घरको इज्जत जाने त्यस्तो के काम गरेकी छु र ?' पिलपिल रुँदै उसले प्रतिप्रश्न गरी । जसको जवाफ हामीसँग थिएन ।

गएको आठ वर्षदेखि ज्योति हाम्रो घरमा बस्दै आएकी थिई । छोरी थिइन, त्यसैले उसलाई हामीले काम गर्ने नोकर होइन, छोरीकै माया र स्नेह दिएर राखेका थियौं । घरमा बस्दै गई भने एसएलसीसम्म पास गराएर एउटा राम्रो केटा खोजेर आफ्नै हातले बिहा गरिदिने सोच थियो हाम्रो । अलिकति ऐलानी जग्गामा एउटा सानो झुप्रो बनाएर सुदूरपश्चिमको एउटा गाउँमा बस्दथे उसका बाबुआमा । जसलाई चारपाँच जना झ्यान्ट्याङझुन्टुङ छोराछोरी पालेर जनमजदुरीको आयस्ताले आफ्नो परिवार धान्न धौ-धौ थियो । ज्योति आफ्नो भविष्यको एउटा सुनौलो सपना बोकेर एउटा गाउँबाट कंक्रिटहरूको सहर यो राजधानीमा आएकी थिई । हाम्रो घरमा राम्ररी रत्तिएकीले ढुक्क थिए उनीहरू । पन्ध्र वसन्त पार गरेकी ऊ अहिले नौ कक्षामा पढ्दै थिई । घरमा त्यति धेरै काम पनि थिएन । हामी दुवै बूढाबुढी नै जागिरे भएका र छोराहरू क्याम्पस पढ्ने भएकाले ऊ बिहान स्कुल जान्थी, दिउँसो घर हेर्थी । त्यसो त उसलाई घरमा राख्दा त्यस्तो खर्च केही थिएन । सरकारी स्कुलमा पढ्थी । सामान्य किताब कपी- लुगाफाटो र

एकछाक भात खान्थी, त्यति त हो । उसको कामको तुलनामा उसलाई हामीले गरेको खर्चको लागत निकै कम थियो । हुन त यो सहरमा आफ्नो घरमा काम गर्ने मान्छेले उसले गरेको कामभन्दा उसले खाएको भातको हिसाब राख्ने मान्छेहरू बढी छन् तर  हामीभित्र त्यस्तो सोच कहिल्यै रहेन, मात्र कार्यविभाजनमा उसका भागमा अलिक बढी काम पर्थ्यो, त्यो बेग्लै कुरा हो । एउटा अभावग्रस्त परिवारमा हुर्किएकीले त्यो उसको बाध्यता अथवा नियति थियो सायद । आफ्ना छोराहरूजत्तिकै स्नेहले हुर्काएकाले उसलाई आफ्नो घरबाट निकाल्ने मन भने पटक्कै थिएन । तर पाँच सात दिन अघिदेखिको एउटा घटनाले भने लुना र म डराएका थियौं र सम्भावित सङ्कटबाट बच्न अघिल्लो रात मात्र हामीले ज्योतिलाई घरमा नराख्ने निर्णय गरेका थियौं ।

हामीले विगत केही वर्षअघि सुदूर गाउँबाट ल्याएको गरिब र अभावग्रस्त एउटी लिखुरी केटी अहिले यौवनको सुन्दर बगैंचामा कोपिलाबाट एउटा सुन्दर फूल भएर फक्रिँदै थिई । एउटा बैंशालु फूल बगैंचामा ढकमक्क फुल्दा फूलको सौन्दर्यको सुवासले फूल वरिपरि भँवराहरूको भुनभुन हुनु स्वाभाविक थियो । तर लुना र म भने भँवराहरूको डरले होइन एउटा अर्कै डरले आक्रान्त भएका थियौं । जुन सम्झँदा आङ सिरिङ्ग भएर आउँथ्यो । एउटा कल्पना नै गर्न नसकिने डर भ्याङ्गिएको थियो हामीभित्र ।

'किन बाबा ! यस्तो वर्षामा ज्योतिलाई घर पठाउने ? बिचरी पढ्दै थिई, अब एक वर्ष त हो एसएलसी गरेपछि पठाएको भए हुन्नथ्यो ।' हाम्रो अप्रत्याशित निर्णयले छोराहरू पनि तीन छक्क परेका थिए ।

'बाबू ! तिमीहरू पनि बढ्दैछौ । अर्काकी तरूनी छोरी घरमा राख्न असजिलो हुन्छ । लुनाले स्पष्ट गरेकी थिई, अन्य कारणहरूभित्र ज्योतिलाई घर पठाउने थप कारण यो पनि थियो ।

'छि ! ममी पनि, त्यो हाम्री बहिनी होइन ? हजुरहरू पनि के के सोचिसिन्छ ।' जेठो छोरो झनक्क रिसाएको थियो हाम्रो आशङ्काप्रति । हो पनि... प्रत्येक तिहारमा ज्योतिको हातबाट टीका लाउँथे उनीहरू ।

र छोराहरूको सहमति नखोजी हामीले अन्तिम निर्णय लिएका थियौं- 'अब ज्योति यहाँ बस्दिन ।'

उसलाई घर पठाउनुपर्ने घटनाको कारण यस्तो थियो ।

'बुझ्नुभो अभिजी । तपाईंहरू नभएको बेला तपाईंको घरमा एउटी आइमाई आउँछे र ज्योतिसँग निकै गफगाफ गर्छे र जान्छे । यो क्रियाकलाप म धेरै दिनदेखि देखिरहेको छु, को हो त्यो आइमाई ?' पक्षघातले थलिएर एक दिन हल न चल भई आफ्नो घरको बार्दलीमा बसेर घरछिमेकीको घरको रेखदेख गर्ने शर्माजीको भनाइले एक दिन गम्भीर हुन्छु म । मान्छे आफूजस्तो हुन्छ, उसको सोच पनि त्यही अनुरूपको हुँदोरहेछ । र केही छिनमा नै मभित्रको गम्भीरता फेरि पानीका फोकाझैं हराउँछ । मभित्र त्यस्तो कुनै नकारात्मक सोच आउँदैन सोच्छु-'हुनसक्छ, यहाँ उसका कोही आफन्त होलान् । हामी घरमा भएको बेला आउन अफ्ठ्यारो लागेकाले हामी नभएको बेला आएका ।' सामान्य रूपमा लिन्छु म शर्माजीको भनाइलाई ।

'यस केसलाई अलिक सिरियस लिऊँ है अभिबाबू ! को हो त्यो आइमाई ? आज पनि आएकी थिई । मलाई लाग्छ, त्यो आइमाई राम्रो नियतले आएकी होइन । 'अर्को दिन शर्माजीले फेरि त्यही प्रसङ्ग कोट्याउँछन् ।

अब भने म पनि सशङ्कित हुन्छु । अर्काको नासो केही भयो भने ? यतिन्जेल सामान्य ठानेको शर्माजीको भनाइले म मात्र होइन लुना पनि गम्भीर हुन्छे ।

'अहिले समय खराब छ । त्यो आइमाई को हो ? ज्योतिलाई सोध !' ज्योतिलाई मैले भन्दा लुनाले नै सोद्धा ठीक होलाजस्तो मलाई लाग्छ ।

भोलिपल्ट अफिस जान्न लुना, ऊ घरै बस्छे । साँझ म घर फर्कंदा उदास देख्छु उसको अनुहार ।

'को रहिछे त्यो पत्ता लगायौ ?'

'खै कहाँ काम गर्छे रे !' एकै सासमा बोल्छे ऊ !

'के नाम रहेछ ?'

'थाहा छैन । तर डरलाग्दी आइमाई रहिछे ।' उसको अनुहार अझ धमिलिन्छ ।

'अनि ज्योतिलाई काम लगाइदिने भई कि क्या हो ?' म फेरि उसको जवाफलाई हल्का रूपमा लिन्छु ।

'लगाई जागिर । आफ्नो जागिर जोगाउन मान्छे खोज्दै हिंड्दिरहिछे ।' आइमाई-प्रसङ्गको थप वृत्तान्त सुनाउँछे ऊ ।

'अनि घर कहाँ रहेछ त्यसको ?' अझ खोतल्छु म ।

'खै कलङ्कीमा छ अरे ! लोग्ने थपना मात्र छ रे ! हिजो अस्तिसम्म केही न कामकी उसको अहिले निकै चल्तीफिर्ती र फुर्ती छ रे ! कस्ता- कस्ता हाकिम र नेताहरू उसको रूपको सौन्दर्यले पग्लिन्छन् रे ।' ऊ बखान्छे डरलाग्दी आइमाई-विशेषता ।

'कसले भनेको, ज्योतिले ?' म पुनः सोध्छु ।

'हैन, के भन्थी त्यो लाटीले । अरुणा दिदीले भन्नुभएको । ऊ हाम्रो घरमा आउँदा उनले देखेकी रहिछिन् ।' लुना अझ स्पष्ट पार्छे ।

'त्यसले ज्योतिलाई किन भेट्न आएकी रहिछे त बुझ्यौ ?'

'बुझें, लामो कथा छ ।' अझ गम्भीर हुन्छे ऊ र एउटा कठोर निर्णय गर्छे - अब ज्योतिलाई यहाँ नराखौं उसैको घर पठाइदिऊँ ।'

'किन के भो ?' उसको निर्णयले सोचमग्न हुन्छु म । जसले अझ गम्भीर बनाउँछ मलाई ।

'त्यो आइमाईले त हाम्रो घरबारे ज्योतिसँग भए नभएका कुरा सोध्दिरहिछे । कहिले घरमा कहिले स्कुलमा ।' एकाएक आक्रोशित हुन्छे ऊ ।

'सोध्न देऊ न त- हामीले के गरेका छौ र उसलाई । छोरीजत्तिकै माया गरेर पालेका छौं । छोराहरूले पनि बहिनीजत्तिकै माया गरेका छन् ।' म सम्झाउँछु ।

'मान्छेलाई सङ्कट नपरुन्जेल मात्र हो, सङ्कट परेका दिन निर्दोष भए पनि छरछिमेक र आफन्त पनि आफ्ना हुँदैनन्, देख्नुभएन कुलकेशरजी ? उसले के-के सोध्दिरहिछे सुन्नुभयो भने छक्क पर्नुहुन्छ तपाईं ।' ऊ अझ तात्तिन्छे ।

'के सोध्दिरहिछे ?' मभित्र पनि जान्ने उत्सुकता बढ्छ ।

'घरमा को-को छन् ? कति भाइ छोरा छन् ? कति-कति उमेरका छन् । कहाँ कहाँ सुत्छन् ? भनेर सोध्थी रे !' नकच्चरी आइमाई ! रीसले दाह्रा किट्छे ऊ ।

'हो नि, अहिले महिलासम्बन्धी अपराध बढ्दो छ, सचेत गराएकी होली, राम्रै त हो नि !' उसको आक्रोशलाई थुमथुम्याउँछु म ।

तर ऊ अझ थुमथुमिन्न अझ, बग्छे धाराप्रवाहमा- 'सोध्न पनि कसरी सकेकी ? 'मालिकले तिमीलाई जिस्काउँछन् कि जिस्काउँदैनन् ? तिम्री दिदी माइत जान्छिन्, जान्नन् ? मालिक्नी नभएको बेला तिम्रो मालिक तिम्रो कोठामा आउँछन्, आउँदैनन् ? छोराहरू तिमीसँग जिस्किन्छन्, जिस्किँदैनन् ? रक्सी खान्छन् खाँदैनन् ? तिमी कहाँ सुत्छौ ? मालिक र मालिकका छोराहरू कहाँ सुत्छन् ? त्यति मात्र कहाँ हो र ! तिमीलाई चिमोटे जिस्काए भने हामीलाई भन ! तिमीले यसरी अर्काको घरमा नोकर भएर बस्नु पर्दैन । तिमी आफ्नो खुट्टामा आफै उभिनसक्छौ भनेर फकाउँछे रे । महिलालाई यौनशोषण गर्ने एकाध घर र व्यक्ति होलान्, तर सबै घर त त्यस्तो हुँदैन नि ! त्यसले हाम्रो घर त्यस्तो देखी ।' उसको रीस क्रमशः बढ्दै जान्छ ।

उसका थप कुराले भने स्तब्ध हुन्छु म । र फेरि सोध्छु उसलाई- 'अनि ज्योतिले के भनिछ ?'

'हाम्रो घर त्यस्तो छैन भनेर उसले भएको कुरा भनी नि ! तर दशा लागेको बेला नभरेको बन्दुक पनि पड्किन्छ । 'आफ्नो उद्देश्यअनुरूपका एउटै काम गर्न नसकेपछि अनि आकाशपाताल देखाएर यस्ता सोझासाधा केटीहरूलाई फकाउँछन् र निर्दोषहरूलाई फसाउँछन् । देख्नुभएन बिचरा कुलकेशरजी, जो अहिले जेलमा छन् । एउटा मात्र काल्पनिक मुद्दा खडा गरे भने उनीहरूलाई दसौं लाखको फाइदा हुन्छ । चेलीहरूलाई प्रत्यक्ष अप्रत्यक्ष बेच्नेहरूको सङ्ख्या धेरै छ हाम्रो देशमा । उसले हाम्रो घरलाई त्यति निकृष्ट घर देखी ।' लुना अझ उग्र हुन्छे ।

'अनि हिजोअस्ति त्यो आइमाई आएको कुरा किन नभनेकी त ज्योतिले ।'

'हजुरहरूले गाली गर्नुहुन्छ भनेर डरले नभनेकी भनेर रुन्छे ।' उसले थपी ।

अब भने मभित्र डर अझ भ्याङ्गिन्छ । केही दिनअघि हाम्रै टोलमा घटेको एउटा घटनाले फेरि झस्किन्छु म । जसलाई पटक-पटक लुनाले स्मरण गराइरहेकी छे । घटना सम्झँदा फ्ल्यासब्याक अर्थात् पूर्वस्मृतिमा कुलकेशरजीको

टीठलाग्दो अनुहार आउँछ। उनको घरमा काम गर्ने दस एघार वर्षकी काली भुन्टी केटी आशा आउँछे। र कुलकेशर र ऊबीचका यौन प्रसङ्गहरू आउँछन्।

'कुलकेशरजी त्यस्ता मानिस थिएनन्, एउटा असल विचारका मानिस थिए। उनको एउटी रूप न रङ्गकी केटीसँगको यौनशोषण, पत्याउनै नसकिने कुरा।'

'मान्छेको बुद्धि बिग्रिएपछि कसको के लाग्छ ? त्यो मान्छे फटाहा नै हो नत्र किन केटीले त्यसो भन्थी।'

'चिया पसल र चोकमा भएका गफहरू प्रमाण लाग्दैनन्, प्रमाण भनेको कागज हो। निर्दोष भए पनि कागज दह्रो भएपछि सकियो।'


कुलकेशर समर्थन र विरोधका विविध हल्ला होहल्ला र चर्चा परिचर्चाले अझ आतङ्कित हुन्छौं हामी। 'उफ् ! त्यस्तै भयो भने हामीले अहिलेसम्म कमाएको इज्जत प्रतिष्ठा .....' र निर्मम भएर एउटा कठोर र अमानवीय निर्णय गर्न बाध्य हुन्छौं - 'ज्योति ! अब हामी तँलाई राख्न सक्दैनौं, तँ आफ्नै घर जा।'

'मैले हजुरहरूको घरको इज्जत जाने त्यस्तो के काम गरेकी छु र!' प्रतिवादमा ज्योति आफ्नो भविष्यको याचनासँगै पिलपिल रोइरहन्छे। सम्भावित आशङ्कामा उसको आँसुले हाम्रो ढुङ्गो मन पग्लिँदैन।

सिर्जना-मञ्च

# पहेंलो जून

• लीला अनमोल



गोधुली साँझ
एउटा पहेंलो जून
आकाशको कापबाट स्वस्तै स्वस्तै
अडियो टक्क मेरो अघि
र मलाई
उसको उज्यालोले बेहिरह्यो
नछोएर नचलाएर
मात्र आँखाले उसलाई स्पर्श गरें
मात्र हृदयले
उसको सौन्दर्य अनुभूति सक्तो पिएं।

उसको उपस्थितिमा
यस्तो लाग्यो
म हराएकी मान्छे
उसको चहकतामा आफूलाई
आज एक्कासि भेट्टाइरहेछु
विपना पनि हैन
सपना पनि थिएन
अहिले, म आफैमा
एउटा प्रश्न गरिहेछु
के त्यो पहेंलो जून तिमी थियौ ?

इतिहास संस्कृति

# हात्तिवनको किराँत माङहिम


राजकुमार दिक्पाल

लामो कालखण्ड काठमाडौं खाल्डोमा शासन चलाइरहेका किराँतीहरूमाथि लिच्छविहरूले आक्रमण गरेपछि उनीहरू कतिपय मारिए भने बाँच्न सक्नेहरू पूर्वतर्फ लागे । आज राई, लिम्बू, याक्खा र सुनुवारहरूले आफूलाई किराँत दावी गर्छन् । तर बाबुराम आचार्यले "प्राचीनकालको नेपाल"मा काठमाडौं खाल्डोका नेवारहरूलाई पनि किराँती भनेका छन् ।

काठमाडौं खाल्डोमध्ये गोकर्ण, शङ्खमूल, पटुको डौं, थानकोटमा विभिन्न पुस्तामा किराँती राजाहरूले आफ्नो राजधानी बनाएका थिए । विभिन्न समूहमा छरिएका किराँतीहरू आजभन्दा पाँच हजार छ सय वर्षअघि काठमाडौं खाल्डोमा प्रवेश गरेका हुन् । तीमध्ये सिमाङगढबाट छुट्टिएर जाने सौमर किराँती नेताहरूमध्ये यलम्बरले नेपाल खाल्डाका गोपालबंशी राजाउपर चढाई गरी सो राज्यमा आफ्नो अधिकार जमाए । सिमाङगढ भनेको सिम्रौनगढ हो ।

अहिले पाटनको पटुको डौं जहाँ पिपलको बोट उम्रेको छ, त्यो किराँती राजा पटुकोको दरबार हो । यसैगरी पाटनकै च्यासलमा त्यस बेला आठ सय किराँतीहरूलाई मारिएको कारण सो टोलको नाम च्यासल राखिएको हो । पाटनलाई आजसम्म "येले" भनिन्छ । किराँती राजा यलम्बरको नाममा पाटनलाई येले भनी नामाकरण गरिएको अनुमान छ । किराँतीहरूमध्ये कति पुस्ताले काठमाडौं खाल्डोमा शासन गरे, त्यसमा मतैक्यता भने छैन । गोपाल बंशावलीले यलम्बरपछि ३२ पुस्ता, कर्कप्याट्रिकले २७ पुस्ता, डेनियल राइटले २९ पुस्ता, सिल्भाँ लेभीले २८ पुस्ता र प्रेमबहादुर मावोहाङ र भुपेन्द्रनाथ ढुङ्गेलले ३३ पुस्ता किराँतीहरूले काठमाडौंमा शासन गरेको उल्लेख गरेका छन् ।

यसरी किराँतीहरूले शासन गरिरहेको समयमा लिच्छविहरूको आक्रमण भयो । नवौं शताब्दी पूग नपुग नवौं शताब्दीपूर्व कायम भई ईशापछि दुई वा साढे तीन सय वर्षसम्म चलेको अनुमान गर्न सकिन्छ ।

यसरी विस्थापित भएका किराँतीहरूको धेरै समयपछि उपत्यका पुनरागमन भयो । उनीहरूको पुनरागमन वि.स. १९०५ मा भएको हो । यसै क्रममा ललितपुर जिल्लाको धापाखेल गाउँ विकास समिति वडा नम्बर १ को सानो हात्तिवनलाई पनि कुनै बेला उनीहरूले पवित्र ठाउँ ठानेर पूजा अर्चना सुरु गरे, त्यहाँ प्रकृति र पूर्वजहरूको सम्झना गर्दै उनीहरूले श्रद्धाभाव प्रकट गरे । सोही क्रममा उक्त ठाउँ अहिले उपत्यकावासी किराँत धर्मावलम्बीहरू लिम्बू, राई, सुनुवार तथा याक्खाहरूका लागि उपत्यकास्थित धार्मिक-स्थल बनेको छ ।

उक्त ठाउँ वि.स. १९०५मा राजा सुरेन्द्रविक्रम शाहको पालादेखि किराँतीहरूले पवित्र धार्मिक स्थल मान्दै आएका हुन् । त्यस बेला किराँतीहरू शिकारी पल्टनका रूपमा भैरवदल पल्टन खडा गरिएको थियो । किराँतीहरूलाई समेट्नका लागि उक्त पल्टन खडा गरिएको हो । सो पल्टन त्यस बेला लगनखेलनिरको टुँडिखेलमा राखिएको थियो । पल्टनमा भर्ती भएर पूर्वबाट प्रशस्तै किराँतीहरू आएका थिए । सोही क्रममा उनीहरूले आफ्नो बस्ती ललितपुरको तिखेदेवलमा खडा गरेका थिए । तिखेदेवलकै पुराना बासिन्दा लेखक याक्थुङ्वाले आफ्नो पुस्तकमा त्यस बेला तिखेदेवलमा लिम्बूहरूको मौलिक सँस्कृतिका प्रशस्तै ज्यूँदो झल्को देख्न पाइने गरिएको उल्लेख गरेका छन् । यसलाई लिम्बू गाउँ पनि भनिन्थ्यो ।

सोही क्रममा भैरवदल पल्टनका लप्टन शम्शेरजङ्ग फागो चोङ्बाङले मौलिक संस्कृति संरक्षणको अगुवाई गर्दै उभौलीको अवसर यक्वा पूजा गर्नका लागि सोही सानो हात्तिवनलाई पूजास्थलका रूपमा उपयोग गर्न थालियो । वि.स. १९०५ देखि यक्वा पूजा सुरु गरिएको हो । त्यस बेला पल्टनमा रहेका किराँतीहरूसित पदअनुसारको पैसासमेत उठाई सामुहिक रूपमा हात्तिवनमा यक्वा तथा चासोक मनाउन सुरु गरिएको उक्त पुस्तकमा उल्लेख छ । पछिल्लो अवस्थामा पल्टनबाट आएको न्यून तलवका कारण यहाँ टिक्न नसकी किराँतीहरू आफ्नो घर पूर्वतिर गएका र धेरैजसो पुनः उपत्यका नफर्केको पनि सोही पुस्तकमा उल्लेख छ ।

उभौली र उधौली पर्व मनाउन आफ्नो घर गएका किराँतीहरू पुनः उपत्यका नफर्केपछि राजा त्रिभुवनले २००७ सालपछि उक्त वनलाई औपचारिक रूपमा किराँतीहरूलाई पूजा- स्थलका रूपमा प्रयोग गर्न दिइएको हो । पहिले नाङ्गो डाँडाको रूपमा रहेको उक्त स्थललाई राजा महेन्द्रले वृक्षरोपण गर्न निर्देशन दिएपछि हराभरा भएको हो ।

पछि वन ऐन २०४५ र वन नियमावली-२०५१ले धार्मिक वनको समेत अवधारणा ल्याएपछि किराँतीहरूले उक्त वन उपयोगका लागि केही अवरोधहरूको महसुस गरे । सोही कारण पाँच-पाँच वर्षमा धार्मिक वन कार्ययोजना नवीकरण गर्दै किराँतीहरूले वनलाई उपयोग गर्दै आएकोमा २०५८ मा सरकारले उक्त वनलाई किराँतद्वारा धार्मिक वनका रूपमा घोषणा गर्‍यो । सोही बेला उधौलीलाई किराँत चाडका रूपमा समेत घोषणा गरेपछि उक्त वनको व्यवस्थापनको सम्पूर्ण जिम्मा औपचारिक रूपमा किराँतीहरूले सम्हाल्दै आएका हुन् । सोही धार्मिक स्थलमा अहिले किराँतीहरू विवाह, ब्रतबन्धसमेत गर्दै आएका छन् । उक्त वनले दुई दशमलव ३८ हेक्टर क्षेत्रफल ओगटेको छ ।

उक्त वनलाई किन किराँतहरूले उपयोग गर्न थाले भन्ने बारेमा एउटा रोचक किम्वदन्ती पनि छ । उक्त वनलाई किराँतीहरूले उपत्यकामा शासन सत्ता सम्हालेका बेला राजा सुशंखको पालादेखि नै वनलाई पवित्र मान्न थालिएको हो । किम्वदन्तीअनुसार सुशंखको त्यस बेला ललितपुरमा दरबार थियो । उनको दरबार रहेको ठाउँलाई अहिले शंखमूल भनिन्छ । उनीसित सेतो हात्ती थियो । हात्ती जहिले पनि दक्षिणमा रहेको वनमा चर्न जान्थ्यो । एक दिन चर्न गएको हात्ती अलप हुनपुग्यो । सोही घटनापछि यस वनलाई हात्तीवन भन्न थालिएको हो ।

त्यही समयमा किरातहरूको युवा(इष्टदेवी युमासाम्माङ) दरबारबाट हिंडेर फुलचोकी डाँडामा पुग्थिन् र तान बुनेर फर्किंदा यसै वनमा थकाई मार्थिन् । यिनै किम्वदन्तीका आधारमा किराँतीहरूले यस ठाउँलाई पवित्र धार्मिकस्थल बनाएका हुन् ।

यस वनको शान्त र रमणीय वातावरणका कारण प्रकृतिपूजक किराँतीहरूले वनलाई धार्मिकस्थलका रूपमा उपयोग गर्दै अन्ततः आफ्नो हक स्थापित गरेका हुन् । नजिकै कोट्कु नामको सानो खोला भएका कारण पनि यस स्थलको महत्त्व अझै बढेको हो । किराँतीहरू र त्यसमा पनि लिम्बूहरू वर्षैपिच्छे अभिशाप बगाउनुपर्छ भन्ने मान्यता राख्छन् र अभिशाप बगाउन यसै खोलाको उपयोग गर्ने गर्छन् ।

कृतिः **घुर** (उपन्यास)
उपन्यासकारः धीरकुमार श्रेष्ठ
प्रकाशकः भवानी श्रेष्ठ
मूल्य रू. ७५/-



# समसामायिक उपन्यास

वर्तमान समयमा देशभित्र टड्कारो रूपमा देखिएको मधेसी समस्यामाथि केन्द्रित रहेर लेखिएको उपन्यासको नाम हो **घुर**। साहित्यकार धीरकुमार श्रेष्ठले प्रत्यक्ष प्रसारणको भाकामा प्रस्तुत गरेका यो उपन्यास औपन्यासिक महत्त्वको सीमालाई तोडेर पाठकलाई यथार्थसँग मितेरी गँसाउनमा सक्षम भएको देखिन्छ।

कल्पनामा बगेको कथानकवस्तुमा लेख्ने गरिएको र यसमा पनि केवल लेखकद्वारा आत्मकुण्ठा पोख्नका लागि साहित्यिक विधालाई माध्यम बनाउने गरिएको परम्पराको 'लीक'बाट यो उपन्यास हटेको छ।

उपन्यासको थालनी गर्दा बस-यात्रामा भित्रिएको उपन्यासकारकै सहयात्री 'सस्पेन्स-पात्र'ले पूर्वार्द्ध चरण निकै रोमाञ्चक बनाएको छ। तर पाठकीय मनस्थितिले त्यो पात्रको 'सस्पेन्स' खुलोस् भन्ने चाहना राख्दाराख्दै उपन्यास मध्यान्तर चरणसम्म पुगुञ्जेल त्यो पात्र हराइसक्छ र उत्तरार्द्धको अन्तिम पृष्ठसम्म पनि फर्केर आउँदैन। पाठकले खोजी गरिरहन्छन्, त्यहीं पात्रबाट सुरु गरिसकिएपछि त्यसलाई उपन्यासकै मूल विषयसँग जोडिदिएको भए उपन्यास अझ तेजिलो बन्थ्यो कि ?

तथापि, अन्य पात्रहरू जो मधेस-आन्दोलनसँग सम्बन्धित छन् तिनका चरित्र चित्रणबाट केचाहिँ स्पष्ट भएको छ भने विद्रोह भनेको हाँसखेलको विषयवस्तु होइन, कुनै पनि विद्रोहका पछाडि विभिन्न कारणहरू हुन्छन्। बस्, त्यसप्रति गम्भीर हुनु नहुनुमा विद्रोहको खास परिचय निहित हुन्छ। यस अर्थमा, **घुर**भित्रको मधेस-आन्दोलनको कारण खोज्दा सबैभन्दा बढी विद्रोही पक्ष र सत्ता पक्षबीचको असमझदारीको बिन्दुलाई पाठकले सहजै भेट्न सक्छन्।

कृतिः **नेपाली नाटकमा नारी समस्या**
(समालोचना)
समालोचकः डा. नन्दमाया नकर्मी
प्रकाशकः रत्न पुस्तक भण्डार
मूल्य रु. १७५/-



# नारी समस्याको उत्खनन्

प्रकृतिबाटै विभाजित नारी र पुरुषबीचको सिलसिला केवल भौतिक शरीरसम्म मात्रै पुगेर टुङ्गिदैन। सामाजिक प्राणी हुनुको अर्थमा दुईबीच ठूलो अन्तर छ। समाजमा पुरुषलाई अलिकति माथिल्लो वर्ग र नारीलाई तल्लो वर्गमा परापूर्व कालदेखि नै राख्ने गरिएको तथ्यलाई शास्त्रहरूले समेत पुष्टि गर्छ।

समाज जतिसुकै अत्याधुनिकतातर्फ लागेको किन नहोस् र त्यो अत्याधुनिकताको क्रमबद्धतामा नारी-मुक्तिको घोषणा जतिसुकै ठूलाठूला स्वरले किन नगरियोस्, पुरुष वर्गको तुलनामा नारी वर्ग अझै पनि अपहेलित छ, शोषित पनि छ र पीडित पनि छ। यो यथार्थलाई विशेष गरेर साहित्य विधाहरूमा प्रष्टसँग झल्काइएको हामीले पढ्न पाउँछौं।

मूलतः साहित्यअन्तर्गत कथा-उपन्यासका अलावा नाटक विधामा नारी पात्रलाई नाटककारहरूले महत्त्वका साथ उल्लेख गर्ने गरेका छन्। नाट्य पुस्तकहरुमा होस् या मञ्चनीय नाटकहरूमा होस्, नारीको यथार्थमूलक चित्रण र खास गरेर नारीमाथिको अन्याय-अत्याचार एवम् शोषणजन्य पीडाहरू प्रतिविम्बित भएका देखिन्छन्। डा. नन्दमाया नकर्मीद्वारा यस्तै प्रतिविम्बको प्रतिनिधित्व **'नेपाली नाटकमा नारी समस्या'** नामक पुस्तकमा गराइएको छ।

एकै वाक्यमा भन्नुपर्दा नेपाली नाटकमा देखिएका नारी पात्रको समस्याहरूलाई प्रस्तुत पुस्तकमा सूक्ष्म रूपले केलाउँदै विश्लेषण गरिएको छ। पुस्तकको भूमिकामा डा. हिमांशु थापा लेख्छन्- "नेपालको नाट्य क्षेत्रमा नारी समस्यामूलक नाटकको अध्ययन विश्लेषण सर्वथा नयाँ उत्खनन हो। यस दृष्टिले यो आफैमा विशिष्ट र महत्त्वपूर्ण छ।"

*– विमल*



कृतिः **जे. कृष्णमूर्ति नेपालीमा पदार्पण**
अनुवादकः चरण प्रधान
प्रकाशकः हर्मन हेस्से सोसाइटी नेपाल-२०००
मूल्य रू. २००/-

# जे. कृष्णमूर्तिका विचारहरू नेपालीमा पनि

जे. कृष्णमूर्ति आध्यात्मिक दृष्टिकोणबाट खारिएर जीवनदर्शनका व्यावहारिक ज्ञानहरू मानव चेतना जागृत गराउन र आफूले आफैलाई चिन्नका लागि विश्वका विभिन्न भाषामा धाराप्रवाह प्रवचनहरू दिँदै हिड्ने एक असामान्य व्यक्तित्वको नाम हो। दक्षिण भारतको मद्रास सहरबाट करिब १५० माईलको दूरीमा पर्ने चित्तु जिल्लाको मादापाल्ले नगरमा हिन्दूधर्म परायण तेलगुभाषी ब्राहण परिवारमा सन् १८९५ मे, ११ को राती जन्मिएका जिड्डु कृष्णमूर्ति नै शान्ति र मानवताका प्रचारक बनेर विश्वसामु चिनिन सफल भए। प्रस्तुत कृति, **'जे. कृष्णमूर्ति नेपालीमा पदार्पण'** उनकै प्रवचन र विचारहरूको सँगालो हो र विश्वका तीस भाषाभन्दा बढीमा उनका विचारकृतिहरू अनुवादित भइसकेका अवस्थामा नेपाली भाषामा पनि अनुवाद गरेर अनुवादक चरण प्रधानले जे. कृष्णमूर्तिका बारेमा जान्न चाहनेहरूका लागि सजिलो बनाइदिएका छन्।

जे. कृष्णमूर्तिको जन्मकुण्डली बनाउने ज्योतिषले उनलाई एक दिन आध्यात्मिक दृष्टिकोणले अति सम्मानित व्यक्तित्वका रूपमा विश्वविख्यात हुने भविष्यवाणी गरेका भए पनि २० वर्षको उमेरसम्म त्यसको कुनै लक्षण छेकछन्दै थिएन। उनी आम केटाकेटीहरूभन्दा निकै बोधा विधार्थी थिए र विद्यालयमा सजाय पाइरहन्थे। सन् १९०९ मा उनी १४ वर्षका हुँदा चार्ल्स वेब्स्टर लिडबिटरले पहिलो पटक कृष्णमूर्तिलाई भेटेका थिए र यही भेटले पछि सार्थक रूप लियो। सन् १८८४ मा श्रीमती ब्लाभात्सकीसँगै भारत आएका लिडबिटरले कृष्णमूर्ति र उनका भाइ नित्यालाई नदीमा स्नान गरिरहेको अवस्थामा देख्दा कृष्णमूर्तिको शरीरबाट अचम्मको आभा निस्किरहेको देखेर उनले यी दुवै दाजुभाइलाई आफ्नो संस्थाको पालन-पोषण र शिक्षा-दीक्षामा लिएका थिए। 'थियोसोफिकल सोसाइटी' बाट प्रारम्भ भएको उनको यात्रा मैत्रेयको आत्मा पसेर 'जगत्गुरुका रूपमा स्थापित हुन सकेको भनाइहरू पाइन्छन्। उनलाई शिक्षा दिने गुरुहरूमा गुरु कुथुमी प्रभावशाली गुरु मानिन्छन्। कृष्णमूर्ति सन् १९११ देखि लामो समयसम्म युरोपमा बसेका थिए। आध्यात्मिक ज्ञान लिदैंजाँदा उनमा भएको हिन्दुत्व हराएर बुद्ध र मैत्रेयका दिव्यआमाहरू उनमा प्रवेश गर्दै गएका थिए। उनी समाधिमा बसेर निस्किदा भन्थेअरे-मलाई देउताले छोप्न आएका थिए। समग्रमा भन्नुपर्दा जे. कृष्णमूर्ति छैठौं इन्द्रिय खुलेका व्यक्तित्व थिए र यस कृतिमा उनका तिनै छैठौ इन्द्रिय खुलेर उत्सर्जन भएका वाणीहरूलाई सङ्गृहीत गरिएको छ।

जे. कृष्णमूर्ति 'थियोसोफिकल सोसाइटी' र 'स्टार' नामक संङ्गठनमार्फत् सक्रिय थिए। सन् १९२९ मा जे. कृष्णमूर्तिभित्र मैत्रेयको आत्मा प्रतिष्ठापन गराई उनलाई 'जगत्गुरु घोषणा गरिने कार्यक्रममा उनले बोलेका थिए- "सत्यसम्म पुग्नको निम्ति कुनै सुनिश्चित मार्ग निर्धारित छैन। सत्य असीम छ, त्यसलाई कुनै पनि कथित सङ्गठन, सम्प्रदाय, कथित धर्म वा कुनै प्रकारको सिद्धान्तले निर्धारण गरेको सर्तयुक्त साँघुरो परिधिमा समेट्न सकिँदैन।"

जे. कृष्णमूर्तिलाई थियोसोफिकल सोसाइटीले निकै मेहनत र खर्च गरेर आफ्नो प्रचारक बनाउन खोजको भए पनि उनी त्यसमा बाँधिएनन्। सम्प्रदाय र सङ्गठनहरूलाई उनले बैशाखीको रूपमा चित्रण गरे र यिनीहरूले साङ्ग व्यक्तिलाई पनि अपाङ्ग बनाइदिने धारणा राखे। हामी सबै एक अर्काका गुरु र एक-अर्का शिष्य हौं भनेर सत्यको ढोकाको साँचो सबैको साझा भएको

## नयाँ कृति



कृतिः **युद्धका छायाँहरू**
(कवितासङ्ग्रह)
कविः क्षेत्रप्रताप अधिकारी
आवरणकलाः टेकवीर मुखिया
प्रकाशकः अक्षर प्रकाशन
मूल्य रू. १००/-



कृतिः **जीवन मेरो शब्दकोशमा**
(कवितासङ्ग्रह)
कविः नवराज सुब्बा
प्रकाशकः वाणी प्रकाशन, बिराटनगर।
मूल्य रू. १००/- र २००/-



कृतिः **वेदनाका रङ्गहरू**
(गीतसङ्ग्रह)
गीतकारः पुष्करराज बुढाथोकी 'साउँतेली'
प्रकाशकः मिलन कार्की
आवरण चित्रः वासु क्षितिज
मूल्य रू. ३००/- र US$ 5

विचार अघि सारे सम्पत्ति, सुख-सुविधाजस्ता कुराबाट टाढा रहेका कृष्णमूर्ति भावनात्मक शुद्धताको आवश्यकताको अनुभूति सबैको चेतनामा भएमा मात्र समस्याहरूबाट छुटकारा मिल्ने र पूर्वाग्रहमुक्त नभई स्वतन्त्रताको कुरा गर्नु निरर्थक हुन्छ भन्थे। यसरी मानिसलाई वास्तविक स्वतन्त्रता र मुक्तिको बोध गराउने अभियानमा लागेका जे. कृष्णमूर्तिले सन् १९८६ को फेब्रुअरी १७ मा ९१ वर्षको उमेरमा आफ्नो भौतिक देह त्याग गरेका थिए।

जे. कृष्णमूर्ति विभिन्न पुस्तकहरूबाट सङ्कलित रचनाहरूको नेपालीमा अनुवाद गरेर अनुवादक चरण प्रधानले 'हर्मन हेस्से सोसाइटी नेपाल २000' नामक संस्थामार्फत प्रकाशित गरेको यो कृतिमा लामा-छोटा गरी जम्मा २२ वटा शीर्षकमा केन्द्रित विचारहरू छन्। मानिसमा हुने अन्तर्द्वन्द्वका कारणहरू केलाइएका छन्, हीनताबोधका कारण र हटाउने उपायहरू बताएका छन् र समस्याकेन्द्रित समाधानका उपायहरू पनि कृष्णमूर्तिले खोजी गरेका छन्। महत्त्वाकाङ्क्षा कतिसम्म हुनुपर्छ, प्रवचनलाई कसरी ग्रहण गर्ने, प्रेम र वासना के हो, एकाकीयन मौनताको गरिमा, 'म' को अर्थ, स्वतन्त्रता, प्रगाढ सचेतता, विचारहरू नै भयका जननी भएको यथार्थ, जीवनका सन्दर्भहरू लगायतका विषयहरूमा केन्द्रित जे. कृष्णमूर्तिका विचार र दर्शनहरू पठनीय र ग्रहणनीय छन्। उनी भन्छन्- "पूर्वाग्रह भन्नु नै परतन्त्रताको पर्याय हो। जो व्यक्ति पूर्वाग्रही हुन्छ, ऊ स्वतन्त्र हुनै सक्दैन र जो व्यक्ति स्वतन्त्र हुँदैन, ऊ मित्र प्रेम, विवेक र सद्भावना हुनै सक्दैन।"

गौरतापूर्वक नियालेर हेर्न सक्यो भने हरेक समस्याको समाधान त्यही समस्याभित्रै निहित हुन्छ भन्ने कृष्णमूर्ति कुनै पनि कुरालाई स्पष्ट नबुभन्नु नै समस्याको मूल कारण ठान्थे। उनले 'म'को अर्थ केलाउने क्रममा भनेका छन्- जबसम्म 'म'को भाव रहन्छ, तबसम्म जीवनको गरिमा र सुन्दरतासित साक्षात्कार हुन सक्दैन, सुन्दरता भन्नु नै 'म' को अनुपस्थिति हो। उनले भयलाई पनि भौतिक भय र मानसिक भय भनेर चिरफार गरेका छन्। उनले प्रेम-वासनाका बारेमा पनि आफ्ना विचारहरू दिएका छन्। उनी भन्छन्-महत्त्वाकाङ्क्षी व्यक्तिको हृदयमा पनि प्रेम पलाउन सक्दैन। प्रेम त सघन स्वतन्त्रताको अवस्थामा प्रवाहित हुने स्वाभाविक भावना हो र प्रेम-स्वतन्त्रता एक अर्काप्रतिका परिपूरक हुन्छ। उनी भन्छन्- हृदयमा सघन करूणा सँगालेर जीवनको प्रत्येक क्षण प्रत्येक मोडमा आफ्नै मौलिक बलपूर्वक एक्लै हिंड्ने क्षमता प्रत्येक व्यक्तिमा हुनु अनिवार्य छ।

जे. कृष्णमूर्तिका विचारहरूका सँगालो, उनका कृतिहरू विश्वका धेरै भाषामा सङ्गृहीत छन्। उनी भारतीय भएका नाताले हिन्दी र युरोपमा लामो समयसम्म बसेकाले अङ्ग्रेजी, फ्रेञ्च लगायतका भाषाका ज्ञाता थिए। उनका प्रवचनहरू विश्वका धेरै मुलुकमा भएका छन्। शान्ति र सद्भावका मार्गमा लागेर उनले जीवनको यथार्थबोध गराएका छन्। उनका बारेमा धेरैले धेरै कुरा भनेका छन्। रजनीशले उनलाई 'बुद्धको नवीनतम् संस्करण' भनेका छन् भने जर्ज वर्नाई श- जस्ता विश्वविख्यात साहित्यकारले उनलाई भेटेकोमा 'जीवनमा भेटेको सुन्दर मनुष्य' भनेका छन्। त्यसैगरी खलिल जीब्रानले' भनेका छन्। त्यसैगरी खलिल जीब्रानले 'प्रेमको साक्षात्स्वरूप' मानेका छन् भने एल्डस हक्स्लेले उनलाई भेटेर 'गौतमबुद्ध भेटेको' कल्पना गरेका छन्।

सम्भवतः मूल अंश अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गरिएको यो कृतिको शैलीमा मिठासपन छ र मूलजस्तै अनुभूत हुन्छ। यो हुनु भनेको अनुवादकको कुशलता हो तर कृतिको शीर्षकले चाहिँ अस्पष्टता देखाएको छ। पदार्पणले त स्वयम् व्यक्तिको आगमनलाई बुझाउने हो, न कि उनका विचारको अनुवाद हुनुलाई। 'जे. कृष्णमूर्तिका विचारहरू नेपालीमा' मानिएको भए ज्यादा उपयुक्त हुनसक्थ्यो। विचारहरूको अनुवाद गरिंदा कसरी पदार्पण भयो भन्नेचाहिँ अस्पष्ट छ।

*- तुलसीहरि कोइराला*



कृतिः **हाकिमको खप्पर**
(हास्यव्यङ्ग्य सङ्गालो)
हास्यव्यङ्ग्यकारः आर. सी. रिजाल
मूल्य रू. ५०/- र १००/-



कृतिः **विखण्डित प्रवाह**
(कथा सङ्ग्रह)
कथाकारः नवराज रिजाल
मूल्य रू. ७५/-



कृतिः **अन्तर्द्वन्द्व**
(काव्य)
काव्यकारः हरिकला अधिकारी
प्रकाशकः नेपाली वाङ्मय प्रतिष्ठान
चित्राङ्कनः योगेश खपाङ्गी
मूल्य रू. १००/-



विमल भौकाजी

# सपनामाथिको नियम

• • एक-अनेक सपना देखिँदैछ
• जहाँ सपना देखिन्न त्यहाँ कुनै लक्ष हुन्न

• • "उद्देश्य के लिनू
उडी छुनु चन्द्र एक" देवकोटाले भने
• साँच्चै, लक्षविनाको जीवन के जीवन ?
• चन्द्रमालाई छोइसकियो
• चन्द्रमामा पाइला नै राखिसकियो
• अझै अघि बढेर, चन्द्रमाभन्दा टाढा अरू ग्रहहरू भेटिसकिए
• सो अर्थमा, जीवनको लक्ष समाप्त हुँदैन कहिल्यै
• पटक-पटक परिवर्तन भैरहन्छ
• बाँचुन्जेल परिवर्तन भैरहन्छ

• • लक्ष परिवर्तन नहुने हो भने जीवनको निरन्तरता रोकिन्छ
• र, जीवनको निरन्तरता रोकिनु भनेको जीवन समाप्त हुनु हो

• • अर्थात्, जीवन परिवर्तनशील छ
• एकोहोरो जीवन बाँच्नुमा जीवनको सार्थकता भेटिन्न
• • बहुआयामिक छ जीवन
• जीवनमा सुखको खुशी छ
• दुःखको आँसु छ
• के भो र, संघर्ष नै त हो जीवन !

• • संघर्षले जीवनका हर सपनाको प्रतिनिधित्व गर्छ
• सपना पूरा भए भैहाल्यो, नभए पनि नियमित भैरहन्छ संघर्ष
• मात्रै, एउटा नियमको खाँचो छ मान्छे-मान्छेबीच
**सपनामाथिको नियम** !

• •

• • कसैको पनि सपना देख्न पाउने स्वतन्त्रतामाथि हस्तक्षेप गर्न मनाही छ ।


IMAGE
CHANNEL
Available in over 70 countries | On-Air 24 X 7